अध्याय : एक

# अध्ययन परिचय

## १.१ विषय परिचय

लोकसाहित्यका विविध विधामध्ये लोकगीत एक मानिन्छ । लोकसाहित्य अन्तर्गत लोकगीत, लोककथा, लोकगाथा, लोककविता, नाटक, उखानटुक्का, गाउँखाने कथा आदिलाई लोकसाहित्य भनिन्छ (बन्धु, २०५८ : नेपाली लोकसाहित्य) । ती मध्ये सर्वाधिक चर्चित र महत्त्वपूर्ण विधाका रूपमा लोकगीतलाई लिने गरिएको छ । जब लोकले आफ्ना विरह, वेदना, सौन्दर्य तथा शृङ्गार भावलाई सहज र स्वभाविक पाराले उन्मुक्त स्वर लहरीमा पोख्दछ त्यसले लोकगीतको संज्ञा पाउँछ । लोकगीत लोक परम्परामा जीवित रहेको छ । नेपाली लोकगीतको आकर्षक पक्ष भनेको लय वा भाका हो । लोकगीत हजारौं वर्ष पुरानो भएर पनि झरनाको पानी जस्तै स्वच्छ रहँदै आएको छ । जुन न कहिल्यै सुक्छ, न कहिल्यै रोकिन्छ ।

लोकगीतमा लोकजीवनका हाँसो-रोदन, सुखदुःख, आशा-निराशा, प्रेम-विछोड विभिन्न भावनाका साथै लोक परम्परामा प्रचलित चालचलन, रीतिरिवाज संस्कृति, धर्म, आस्था, मान्यता र अन्धविश्वासको चित्रण गरिएको पाइन्छ (न्यौपाने, २०७० : नेपाली लोकगीत) । रागात्मक प्रेमप्रसङ्ग, विरह, व्यथा, वियोग, चिन्ता, पारिवारिक असन्तुलन अभाव, पीडा आदिको मनस्थितिबाट प्रायः लोकगीत भावानात्मक हुन्छ । मानव हृदयमा रहेको प्रेम, करुणा, आशा, निराशा, हर्ष, पीडा, सुखदुःख, वेदना आदि अभिव्यक्ति लोकगीतमा हुनाले लोक तथा दोहोरी गीतलाई मानिसले आफ्नै सिर्जना ठान्दछन् । लोकगीत तथा गायनका क्षेत्रमा सक्रिय व्यक्तिमध्येका गायक तारापति सुवेदीले आफ्नो गायनका माध्यमबाट नेपाली जनजीवनका विविध पाटालाई अभिव्यक्त गर्दै आइरहेको पाइन्छ । यही सन्दर्भलाई समेटेर प्रस्तुत अध्ययनपत्रमा तारापति सुवेदीले गाएका गीतको अध्ययन प्रयास गरिएको छ ।

## १.२ अध्ययनपत्रको शीर्षक

प्रस्तुत अध्ययनपत्रको शीर्षक **तारापति सुवेदीले गाएका गीतको अध्ययन** रहेको छ ।

## १.३ अध्ययनको प्रयोजन

त्रिभुवन विश्वविद्यालय मानविकी तथा सामाजिक शास्त्र सङ्काय अन्तर्गत स्नातकोत्तर तह नेपाली विषयको द्वितीय वर्षको दसौं पत्र (५४०-६) को प्रयोजनका लागि प्रस्तुत अध्ययनपत्र तयार गरिएको छ ।

## १.४ समस्या कथन

नेपाली लोकगीतका क्षेत्रमा देखा परेका युवा गायक तारापति सुवेदीले गाएका र सङ्कलन गरेका गीतहरूमा आधारित रही प्रस्तुत अध्ययनपत्र निम्न समस्यामा केन्द्रित रहेको छ :

क) गायक तारापति सुवेदीको व्यक्तित्व के कस्तो छ ?

ख) तारापति सुवेदीले के कति गीत गाएका छन् ?

ग) तारापति सुवेदीका गीतमा के कस्ता पक्ष र विशेषता पाइन्छन् ?

## १.५ अध्ययनपत्रको उद्देश्य

अध्ययनपत्रको उद्देश्यलाई निम्न बुँदाका आधारमा पूर्णता दिइएको छ :

क) गायक तारापति सुवेदीको व्यक्तित्व चिनारी दिनु,

ख) तारापति सुवेदीले गाएका र सङ्कलन गरेका गीतहरूको सङ्कलन र अध्ययन गर्नु,

ग) सङकलित लोकगीतहरूलाई विषयवस्तुका आधारमा विश्लेषण गर्नु ।

## १.६ पूर्वकार्यको समीक्षा

हाम्रो ग्रामीण समाजमा व्याप्त जनजीवनका ऐतिहासिक राजनीतिक, धार्मिक, सामाजिक यावत पक्षको नालीवेली अभिव्यक्त हुने आफ्नै मौलिकता बोकेका गीत र भाकाको भण्डार छ । त्यस्ता गीतको अध्ययन र विश्लेषण गर्ने कार्य प्रशस्त भएका छन् । यद्यपि सम्पूर्ण गीत सङ्गीतका क्षेत्रमा क्रियाशील साधकको जीवनी, व्यक्तित्व र कृतित्व प्रकाशमा ल्याउने कार्य भने अपेक्षाकृत् भएको देखिँदैन । लोकगीत र गायनका क्षेत्रमा प्रशस्त साधक संलग्न भए तापनि उनीहरूको व्यक्तिगत जीवन र साधनाप्रति त्यति चासो पुग्न सकेको छैन । केही पाठकीय टिप्पणी र अखबारी लेखनबाहेक अन्य सामग्री फेला पार्न

सकिँदैन । यसैक्रममा पूर्व कार्यको अध्ययन सन्दर्भमा सुवेदीका बारेका केही टिप्पणीलाई निम्नानुसार उल्लेख गर्न सकिन्छ :

१. दुर्गाबहादुर गोदार थापाद्वारा यस्तै २०७० पुस २५ मा **चोलेन्द्र पौडेलले गाएका गीतहरूको अध्ययन** शीर्षकमा अध्ययनपत्र तयार गरिएको पाइन्छ । उक्त अध्ययपत्रमा गायक तारापति सुवेदीका बारेमा चर्चा भएको पाइँदैन ।

२. मीना पहारीले २०७३ चैत्र १४ मा **कृष्ण सुवेदीका गीतको सङ्कलन र अध्ययन** शीर्षकमा अध्ययन तयार गरिएको पाइन्छ । उक्त अध्ययनपत्रमा पनि गायक तारापति सुवेदीबारे कुनै सन्दर्भ उल्लेख छैन ।

३. पोखराबाट प्रकाशित हुने **हटलाइन** दैनिकको २०७५ वैशाख २६ सोमबारको **कोसेली** स्तम्भमा गायक तारापति सुवेदीसँग लोकगीत र सङ्गीतका बारेमा उनको अनुभवसहितको अन्तरवार्ता संवाददाता पद्मराज पौडेलबाट लिइएको पाइन्छ । उक्त अन्तर्वार्ताले उनको समग्र गायन यात्रालाई समेटन सकेको देखिँदैन ।

यसरी केही सामान्य टिप्पणी, चर्चा र परिचर्चा बाहेक यस्ता क्रियाशील स्रष्टाका बारेमा कुनै उल्लेख कार्य हुन सकेका छैनन् । सीमित रूपमा अन्तर्वार्ता, कुराकानी र विभिन्न पत्रपत्रिकामा बेला बखत छापिने तथा प्रसारण हुने भए पनि सुवेदीले गाएका गीतको गहन अध्ययन हुन सकेको छैन ।

## १.७ अध्ययनको औचित्य

नेपाली लोकगीत र गायनको क्षेत्रमा उदाएका विभिन्न प्रतिभामध्ये तारापति सुवेदी परिचित नाम हो । सुवेदीले गीतका माध्यमबाट नेपाली जनजीवनका कथा, व्यथा, वेदना, सुख, दुःख, चालचलन, ग्रामीण तथा सहरिया परिवेशका संवेदनालाई अभिव्यक्त गरी नेपाली लोकगीत पारखीलाई मनोरञ्जन प्रदान गर्दै आइरहेका छन् । हालसम्म तारापति सुवेदीले गाएका गीतहरूको सङ्कलन र विश्लेषण गर्नुले अनुसन्धान औचित्यपूर्ण छ ।

## १.८ अध्ययनको क्षेत्र र सीमा

तारापति सुवेदीले गाएका गीतहरूको मात्र अध्ययन गर्नु यस अध्ययन कार्यको मुख्य क्षेत्र हो । तारापति सुवेदीले गाएका गीतहरू मात्र सङ्कलन गरी तिनलाई विषयवस्तु, भाषा, शैली र लयका कोणबाट विश्लेषण गरी निष्कर्ष निकाल्नु यस अध्ययनपत्रको सीमा हो ।

## १.९ अध्ययन विधि

प्रस्तुत अध्ययनपत्र तयार पार्न तारापति सुवेदीले गाएका गीतको अध्ययन गरिएको छ । जसका लागि गायक स्वयम् र उनीसँग सम्बन्धित व्यक्तिसँग मौखिक अन्तर्वार्ता, छलफलका माध्यमबाट प्राप्त सामग्री वा जानकारी सङ्कलन गरी त्यसका आधारमा यस अध्ययनपत्रको कार्य सम्पन्न गरिएको छ ।

## १.१० अध्ययनपत्रको रूपरेखा

प्रस्तुत अध्ययनपत्रलाई व्यवस्थित रूपमा प्रस्तुत गर्नका निम्ति निम्नानुसारको ढाँचामा अध्याय निर्माण र विभाजन गरिएको छ :

| | | |
|---|---|---|
| अध्याय एक | : | अध्ययनपत्रको परिचय |
| अध्याय दुई | : | लोकगीतको सामान्य चिनारी |
| अध्याय तीन | : | तारापति सुवेदीको जीवनी र व्यक्तित्व |
| अध्याय चार | : | तारापति सुवेदीका गीतहरूको अध्ययन |
| अध्याय पाँच | : | उपसंहार |
| | | सन्दर्भ सूची |
| | | परिशिष्ट |

अध्याय : दुई

# लोकगीतको सैद्धान्तिक परिचय र वर्गीकरण

## २.१ लोकसाहित्यको सामान्य परिचय

लोकसाहित्य नेपाली लोक संस्कृतिको प्रमुख अंगका रूपमा रहेको छ । लोकसाहित्य लोकजीवनमा मौखिक रूपमा सदियौंदेखि बाँचिरहेको हुन्छ । यस्तै लोकसाहित्यको एक विधा लोकगीत हो । लोकगीत हाम्रो गाउँ समाजको जनजीवनको गेयात्मक रूप हो । लोक मानवका अन्तरमनमा स्वतःस्फुर्त रूपमा अभिव्यक्त हुने लयात्मक र रागात्मक अभिव्यक्तिलाई लोकगीत भनिन्छ । यसले हाम्रो गाउँले जीवनको पिरव्यथा, मायाप्रेम, मिलन विछोड तथा सम्पूर्ण लोकजीवनको भाव गीतका रूपमा बगाएको हुन्छ ।

## २.२ लोकसाहित्यको वर्गीकरण

लोकसाहित्यका विधाका बारेमा विभिन्न विद्वान्ले आ-आफ्नै परिभाषा दिएका छन् । सोही क्रममा मोहनराज शर्मा र खगेन्द्रप्रसाद लुइँटेलले माध्यम, प्रस्तुति, श्रेणी, आकार, प्रकार साथै विषयवस्तुका आधारमा लोकसाहित्यको वर्गीकरण गरेका छन् (शर्मा र लुइँटेल, २०६३ : ४६) । त्यसैगरी लोकसाहित्यका सन्दर्भमा चूडामणि बन्धुको मत यस्तो रहेका छ- 'लोकसाहित्यमा ललितयुक्त र भावपूर्ण भाषिक कलाका रूपमा साहित्यलाई परिभाषित गरिएको हुन्छ । समाजमा परम्परादेखि हस्तान्तरित हुँदै आएको अभिव्यक्ति नै त्यस समुदायको लोकसाहित्य हो (बन्धु, २०६६ : १३-१४) ।' विभिन्न विद्वान्ले गरेका लोकसाहित्यका विधागत वर्गीकरणका आधारमा लोकसाहित्यलाई निम्न विधा, उपविधामा विभाजन गर्न सकिन्छ :

### २.२.१ लोककथा

लोकसाहित्यको अर्को उपविधा लोककथा हो । लोक जीवनमा मौखिक रूपमा हस्तान्तरित हुँदै आएका कथा नै लोक कथा हुन् । कुनै पनि अवस्था र विषय अनुसारको लामो-छोटो गद्याख्यानको घटनाद्वारा स्रोतालाई मीठो स्वाद चखाउने विधा नै कथा हो (थापा र सुवेदी, २०४१ : ४८) । लोककथामा विभिन्न अवसरमा घटनाको नाटकीय ढङ्गबाट

चित्रण र वर्णन गरिएको हुन्छ । कल्पनाको संसारमा पुऱ्याउनु नै लोककथाको महत्त्वपूर्ण विशेषता हो ।

### २.२.२ लोकगाथा

लोकसाहित्यको एउटा विधाका रूपमा लोकगाथा रहेको छ । लोकगाथा मौखिक परम्परामा जीवित रहन्छ । कथालाई गीतमा प्रस्तुत गर्नु नै लोकगाथाको विशेषता हो (बन्धु, २०५८ : १९७ ) लोकगाथा स्तुतिपरक, कारुणिक वीररसप्रधान वा जुनसुकै विषयवस्तुमा केन्द्रित रहेको हुन्छ । रचनाकार अज्ञात रही प्राचीन, समसामयिक विषय वा घटनालाई लिएर श्रुतिपरम्परामा जीवित गीतबद्ध कथानक नै लोकगाथा हुन् ।

### २.२.३ लोकनाटक

विभिन्न विषयमा आधारित गीत, सङ्गीत, नृत्य र अभिनय जस्ता तत्त्व समावेश भएको लोकसाहित्यको अर्को लोकप्रिय विधा लोकनाटक हो । लोकनाटकमा लोकको भावनाको अभिव्यक्ति हुन्छ । लोक जीवनको आस्था र व्यवहारको सरल प्रदर्शनमूलक अभिव्यक्ति नै लोकनाटक हो (बन्धु, २०५८ : २६२) । लोकनाटक गद्य-पद्य दुवै हुन सक्छ । विभिन्न विषयवस्तु प्रस्तुत गर्ने सन्दर्भमा चौतारी र चोकहरूमा मनोरञ्जनका लागि देखाइने नाटक नै लोकनाटक हुन् ।

### २.२.४ उखान टुक्का

लोकसाहित्यका विभिन्न विधामध्ये उखान एउटा सशक्त विधा हो । लोक जीवनमा प्रचलित अनुभवपूर्ण चुट्किला उक्ति, लोकोक्ति नै उखान हो । लोक अनुभवबाट सिर्जना भएका चुट्किला वा उक्तिलाई उखान भनिन्छ ।

लोकसाहित्य अन्तर्गतको उखानसँगै जोडिएर आउने अर्को उपविधा टुक्का हो । टुक्का भाषिक अभिव्यक्तिका सन्दर्भमा प्रयोग हुने महत्त्वपूर्ण विधा हो । साहित्य लेखनका क्रममा यस्ता टुक्काको प्रयोग गर्दा अभिव्यक्ति प्रभावशाली हुन्छ । टुक्कामा लाक्षणिक अर्थमा भाषिक अभिव्यक्ति प्रयोग हुन्छ । त्यसैगरी टुक्कालाई अङ्ग्रेजीमा आइडम (Idams) भनिन्छ । टुक्कालाई तुक्का पनि भनेको पाइन्छ । तुक्काको प्रयोगले भाषालाई आकर्षक, गतिशील र

रोचक बनाउँछ । यसरी उखान र टुक्का दुवैले लोकसाहित्यमा भाषिक शिष्टता, बौद्धिक उच्चता र मानव मनका विभिन्न अन्तर अनुभूतिका विविध पक्षको चित्रण गरेका हुन्छन् ।

### २.२.५ गाउँखाने कथा

लोकजीवनका जिज्ञासा समाधान गर्न, मनोरञ्जन गर्न, बौद्धिक कसरत गर्न, गाउँखाने कथाको प्रयोग प्रचलनमा रहेको देखिन्छ । यसमा प्रश्नोत्तर पद्धति हुन्छ । उत्तर दिने मान्छेले उत्तर दिन नसक्दा कुनै राम्रो गाउँ दिनुपर्ने र त्यसको बदलामा नराम्रा वस्तु उत्तरदाताले लिनुपर्ने चलनलाई नै गाउँखाने कथा भनिएको हो । यसको मूल विशेषता भन्नु नै अड्को फुकाउनु हो ।

### २.२.६ लोकगीत

लोकसाहित्यको सबैभन्दा लोकप्रिय विधा लोकगीत हो । लोकपद्यको छोटो चुट्किला र आख्यानरहित गेयात्मक रचना लोकगीत हो । मानव मनका विभिन्न भावहरू, हर्ष, विस्मात, पीडा, वेदना आदि अभिव्यक्त गर्ने सशक्त माध्यम नै लोकगीत हो । स्वच्छ र सहज आत्माबाट प्रस्फुटित लोकको लय नै लोकगीत हो (थापा र सुवेदी, २०४१ : ४७) । यसरी लोकका चालचलन, रहनसहन, चालचलन, लोकजीवनका दुःखसुख, आँसु-हाँसो, आशा, निराशाका अभिव्यक्ति नै हो लोकगीत हो ।

## २.३ लोकगीतको परिचय

लोकगीत भनेको लोकजीवनको रागात्मक स्वतःस्फुर्त लयात्मक अभिव्यक्ति हो । लोकगीतमा लोकजीवनका हाँसो-रोदन, सुख-दुःख, आशा-निराशा, प्रेम-विछोड विभिन्न भावनाका साथै लोकपरम्परामा प्रचलित चालचलन, रीतिरिवाज, संस्कार, संस्कृति, धर्म, आस्था, मान्यता र अन्धविश्वासको चित्रण गरिएको हुन्छ (न्यौपाने, २०७० : नेपाली लोकगीत) । लोकगीत भावुक हृदयको स्पन्दनशील लयदार कवितामय ध्वनि हो । जीवनको कटुता र खल्लोपनमा मनोहरताको मलम लगाउने स्वतः प्रमुख झन्कार हो (लोहनी, २०२२ : १) । लोकद्धारा रचित र मौखिक परम्परामा सुरक्षित अभिव्यक्ति नै लोकगीत हो । सम्पूर्ण जनजीवनले भोगे गरेका, लोकबाट प्रचलनमा आएका लोकको सुखदुःखलाई समेटेर भावनामा मौलाएको वा फुलेको साहित्य नै लोकसाहित्य हो ।

विगतमा वनपाखामा घाँस दाउरा गर्दा, मेलापात, उकाली, ओराली गर्दा आफ्नो मनको भाव पोख्न लोकगीतको साहारा लिइन्थ्यो । समयको परिवर्तन सँगै त्यहीँ वनपाखा, मेलापातमा गुञ्जिने लोकगीत आज शब्दमा सङ्कलित भई बजारमा श्रव्यदृश्य सामग्रीका रूपमा प्रस्तुत भइरहेको पाइन्छ । यसैले लोकगीतलाई ग्राम गीत पनि भनिन्छ । यसैले लोकगीत समग्र लोकजीवनको चित्रण हो ।

## २.४ लोकगीतको परिभाषा

लोकगीत लयात्मक र गेयात्मक हुन्छ । यो मौखिक परम्परा र श्रुतिपरम्परामा हुर्किँदै जीवित रहँदै आएको विधा हो । लोकगीत अन्तर्गत दोहोरी गीत, एकल गीत, झ्याउरे गीत, संगिनी, रत्यौली, पञ्चेबाजा जस्ता विभिन्न फुटकर गीत पर्दछन् । विभिन्न लोकसाहित्य एवम् लोकगीतका अध्येताले यसका बारेमा विभिन्न परिभाषा दिएका छन् । जसलाई निम्नानुसार उल्लेख गर्न सकिन्छ :

'लोकगीत भनेको त्यो सङ्गीत वा गीत हो, जुन मातृभाषाका नाताले मानव-समाजमा नैसर्गिक रूपले दुःखसुखको अभावमा दया, माया, प्रेम भाव अभिव्यक्ति हुँदा स्वयम् उद्गारको रूपमा निस्केर लयदार तर जसमा काव्यमयी शैली भई सिर्जना हुन्छन्' (जोशी, २०१४ : २५) । सत्यमोहन जोशीको प्रस्तुत परिभाषालाई विश्लेषण गर्दा के भन्न सकिन्छ भने, लोकगीत भनेको दुःख सुख, माया, स्नेह र प्रेम भावलाई अभिव्यक्त गर्ने लयात्मक शैली लोकगीत हो । जुन काव्यमय भएकाले श्रोताको ध्यान तान्न लोकगीत एउटा सङ्गीतमय रूपमा अभिव्यक्त हुने माध्यम हो ।

'लोकगीत भनेको लोक जीवनको रागात्मक स्वतः स्फूर्त लयात्मक अभिव्यक्ति हो । यसमा लोक जीवनका दुःख-सुख आँसु-हासो, आशा-निराशाका साथै लोकको चालचलन विधि व्यवहार, आस्था र मान्यताहरूको चित्रण हुन्छ' (बन्धु, २०५८ : ११५) । चूडामणि बन्धुको प्रस्तुत परिभाषालाई विश्लेषण गर्दा लोकगीतले हाम्रा लोक जीवनमा तथा चलन चल्तीमा रहेका पुराना संस्कार संस्कृति, विधि व्यवहार, आस्था र मान्यतालाई झल्काउने एउटा माध्यम हो भन्न सकिन्छ । यस्तै, 'लोकगीत हृदयको स्वतः स्फूर्त सुकोमल लयात्मक अभिव्यक्ति हो' (पराजुली, २०५७ : ६९) । लोकगीतलाई परिभाषित गर्ने क्रममा कुसुमाकर न्यौपानेले आफ्नो **नेपाली लोकगीत** (२०७०) पुस्तकमा लोकको गीत नै लोकगीत भनेका छन् । यस्तै, जीवेन्द्र देव गिरीले आफ्नो कृति लोक साहित्यको अवलोकन (२०५७) मा लोक

जीवनको रागात्मक अनुभूति नै लोकगीत हो भनिएको छ । यस्तै, **धर्मराज थापा र हंसपुरे सुवेदीलेल नेपाली लोकसाहित्यको विवेचना (२०४१) पुस्तकमा** लोकले सजिलै बुझ्न, अनुभव गर्न सक्ने भाषा र भावनामा निर्मित मानव मुटुको स्पन्दनबाट निस्केको मीठो आकर्षणमय मौखिक गीत नै लोक गीत हो भन्ने परिभाषा दिएका छन् । यसरी सबैको परिभाषालाई हेर्दा लोकजीवनको कलात्मक अभिव्यक्ति नै लोकगीत हो भन्न सकिन्छ ।

## २.५ लोकगीतका तत्त्व

लोकगीतको निर्माण गर्न उपयोग गरिने विभिन्न घटक नै यसका तत्त्व हुन् । जसको उपस्थितिविना लोकगीतले पूर्णता पाउँदैन । तत्त्वहरूको उचित संयोजन तथा विन्यासबाट लोकगीतको सिर्जना गरिन्छ । वर्तमान समयमा लोकगीतको महत्त्व निकै बढेको छ । यो व्यावसायिक रूपमा पनि फस्टाउँदो छ । लोकगीत लोक समाजको ऐना भएकाले वर्तमानमा लोकगीत हरेक मानिसको मुटुको ढुकढुकी बनेको छ । आफ्नो मानसिक तृप्ति र मनोरञ्जनका लागि लोकगीत गाउने र सुन्ने गर्दै आएका छन् ।

लोकगीतका तत्त्वका बारेमा विभिन्न अध्येताले आ-आफ्ना धारणा अभिव्यक्त गरेका छन् । जसमध्ये सबै हिसाबले उपयुक्त र यथार्थपरक परिभाषाका आधारमा लोकगीतलाई चिनाउने प्रमुख तत्त्व यस प्रकार उल्लेख गर्न सकिन्छ:

क. संरचना

ख. लय

ग. गेयता

घ. कथन पद्धति

ङ. भाषा

च. भाव (बन्धु, २०५८ : १८) ।

लोकगीतको संरचना भनेको बनोट हो । मौलिक रूपमा गेयात्मकता आउने गरी सहज र स्वतः स्फूर्त हुने गरी भनिने प्रक्रिया नै संरचना हो । गीतको आवरण नै संरचना हो । यसैगरी, लय भनेको भाका हो । लय बिनाको लोकगीतको कल्पना हुन सक्दैन । लयले गीतलाई भावात्मक गहिराइमा पुऱ्याएर रागात्मक अनुभूति दिन्छ । लय द्रुत, मध्य र विलम्ब गरी तीन प्रकारका हुन्छन् ।

लोकगीतको अर्को तत्त्व गेयता हो । गाउन मिल्ने गुण नै गेयता हो । गेयतामा गीतलाई सञ्चालित गर्ने अनिवार्य तत्त्व रहेको हुन्छ । लोकगीतमा संगीत र सुर हुने भएकाले गेय तत्त्व आकर्षक हुन्छ । गेयताले लोकगीतलाई बढी रसात्मक र मधुर बनाएर आनन्दको अनुभूति दिन्छ ।

वर्णनात्मक, आख्यानात्मक, नाट्यात्मक आदि कुनै पनि किसिमले आफ्नो अनुभूति विचार वा ज्ञानलाई सम्प्रेषण गर्ने ढाँचा भनेको कथन पद्धति हो । यो एक बिसौनीको हुन्छ । जहाँ गीत कथ्ने, गीतलाई लयवद्ध गर्ने, गीत गाउने, उठान गर्ने, सिकेका गीतलाई टिप्ने साथै दोहोरी खेल्ने जस्ता काम हुन्छन् ।

लोकगीतको अर्को महत्त्वपूर्ण तत्त्व भाषा हो । भावना र विचारलाई अभिव्यक्त गर्ने माध्यम नै भाषा हो । लोकगीतमा लोकभाषाको प्रयोग गरिएको हुन्छ । यसमा अनुकरणात्मक, निपात, झर्रा, मौलिक आदि शव्दका साथै थेगाका रूपमा रमाइला बान्की हुन्छन् । लोकगीत मौखिक परम्परामा जीवित रहने हुँदा यसको भाषा अत्यन्त सरल, सहज, प्रवाहपूर्ण र बोधगम्य हुन्छ । लोकमानसको बोलचालको कथ्य भाषा भएकाले यसलाई लोकवासीले तुरुन्तै आत्मसात गर्दछन् । यसको भाषामा भावानुकुल मिश्रण देखिन्छ । अत्याधिक लयात्मक, कोमल, मधुर र गेयपूर्ण साङ्गीतिकपूर्ण भाषाको प्रयोग लोकगीतमा भेटिन्छ । लोकगीतका लागि भाषा महत्त्वपूर्ण र अनिवार्य तत्त्व हो ।

यस्तै अर्को तत्त्व भाव हो । लोकगीतको आत्मा नै भाव हो । कुनै घट्ना, परिवेश वा अन्तरक्रियाद्वारा भावको सिर्जना हुन्छ । मानिसले सुख-दुःख अनुभूति गर्दै भाव र विचारको अभिव्यक्त भाव सुन्दर र अर्थपूर्ण बनेको लोकगीतमा भेटिन्छ ।

## २.६ लोकगीतका विशेषता

लोकगीत भनेको लोक परम्परादेखि चल्दै आएको पुरानो विधा हो । यसैले सर्वाधिक चर्चित र महत्त्वपूर्ण विधाका रूपमा लोकगीत रहेको छ । लोकले आफ्ना विरह, वेदना, सौन्दर्य तथा शृङ्गार भावलाई सहज र स्वाभाविक पाराले उन्मुक्त स्वर लहरीमा पोख्दछ त्यसले यसले लोकगीतको संज्ञा पाएको हो । लोकगीतको आकर्षक पक्ष भनेको लय वा भाका हो ।

हजारौं वर्ष पुरानो मानिएको लोकगीत झरनाको पानी जस्तै स्वच्छ देखिन्छ । जुन न कहिल्यै सुक्छ, न कहिल्यै रोकिन्छ यसैले लोकगीतको छुट्टै आफ्नो विशेषता रहेको छ । जुन

गीतमा वातावरण, परिवेश र समय अनुसार स्वरूप र विषय फरक-फरक हुन्छन् । यद्यपि विभिन्न विद्वान्ले लोकगीतका बारेमा विविध विशेषता देखाउने काम गरेका छन् । धर्मराज थापा र हंसपुरे सुवेदीले लोकगीतका निम्न विशेषता उल्लेख गरेका छन् :

अ. अज्ञात रचयिता

आ. मौलिकता र सरलता

इ. स्वच्छन्दता

ई. उपदेशात्मकता

उ. कथनमा विविधता

ऊ. सङ्गीत एवम् लय (थापा र सुवेदी, २०४१ : ८०-८२) ।

**अ. रचयिता अज्ञात हुनु** : लोकगीतको मुख्य विशेषता रचयिता अज्ञात हुनु हो । किनकि लोकगीत प्राचीनकालदेखि मौखिक परम्पराबाट एकबाट अर्कोमा सर्दै लोकले गाउँदै-गाउँदै आइएकाले रचयिता नरहनु, अज्ञात हुनु लोकगीतको विशेषता हो । किनकि कुनै पनि लोकगीत जहाँ जसले गाए पनि लोकले आफ्नै गीत ठान्छन् ।

**आ. मौलिकता र सरलता :** लोकगीतको अर्को विशेषता मौलिकता र सरलता हो । जहाँ आफ्नै किसिमको मौलिकता हुन्छ । मौलिकतालाई सरल र सहज भाषामा अभिव्यक्त गरिएको हुन्छ । कृत्रिम भाषाको प्रयोग नगरी लोकगीतमा ग्रामीण समुदायले बोल्ने भाषाको प्रयोग हुन्छ ।

**इ.स्वच्छन्दता** : लोकगीतको अर्को विशेषता हो । किनकि, लोकगीत शास्त्रीय नीति, नियम, विधि, विधान र अनुशासनमा नरही आफैले पहिल्याएको गीत र लयमा प्रवाहित भइरहेको हुन्छ । रस, छन्द र अलङ्कार आदिको बन्धनभित्र राखेको पाइदैन । त्यसैले लोकगीत स्वतन्त्र र स्वच्छन्द रूपमा गाउन मिल्ने खालको हुन्छ ।

**ई. उपदेशात्मकता** : पनि लोकगीतमा निहित विशेषता हो । लोकगीतले केही उपदेश, सुझाव र सल्लाहको चेतन प्रवाह पनि गरेका हुन्छन् । लोकजीवनका रीतिरिवाज, चाडपर्व, संस्कृति आदिको छाप लोकगीतमा परेको हुन्छ । यसले मानिसलाई अर्ति उपदेशका साथै

अनुशासनको पाठ पनि सिकाएको हुन्छ, तसर्थ उपदेशात्मकता पनि लोकगीतको विशेषता भित्र पर्दछ ।

**उ. कथनमा विविधता** : लोकगीतको अर्को महत्त्वपूर्ण विशेषता कथनमा विविधता हो । नेपाली लोकगीतका अनेक रूप, लय, कथन, कला आदि छन् । ती मध्ये प्रश्नोत्तर प्रकृति पनि एक हो । कोही एकल, कोही दोहोरी गीत हुन्छन् । लोकगीतका मुख्यभावलाई घनत्व दिनका लागि पुनरावृत्ति गर्ने चलन पनि छ । यसमा लोकजीवनका हाँसो, पीडा, बाध्यता, विवशता, जीवन भोगाइका अनुभूति, लोकसंस्कृति आदिलाई वास्तविक रूपमा प्रस्तुत गरिएको छ ।

**ऊ. सङ्गीत एवम् लय** : लोकगीतको मुटु भनेकै लय र सङ्गीत हो । लय र सङ्गीत विना लोकगीत हुन सक्दैन त्यसमा पनि लोकगीतमा पृथक लय हुनुपर्दछ । साथै लोकगीतमा मादल, डम्फु र मुरली जस्ता मीठो सङ्गीत दिने बाजा रहनु यसको विशेषता हो, त्यसैले सङ्गीत एवम् लयले लोकगीतको महत्त्व एवम् गरिमालाई बढाउँछ ।

लोकगीत समाजको ऐना भएको र लोकगीतमा लोकजीवन व्यक्त हुने भएकाले नै गर्दा अन्य गीतको तुलनामा लोकगीत लोकप्रिय रहेको छ । यसलाई प्रिय बनाउन यसका आफ्नै विशेषताले महत्त्वपूर्ण भूमिका खेलेका छन् ।

## २.७ लोकगीतका प्रकार

लोकगीत लोकसाहित्यको एक प्रमुख अथवा महत्त्वपूर्ण विधा हो । लोकगीतमा लोक जीवनका सुख-दुःख आँसु-हासो, आशा-निराशा, प्रेम-विछोड, आस्था-मान्यता, रीतिरिवाज, चालचलन, धर्म-संस्कृति, अन्धविश्वास आदिको चित्रण पाइन्छ । लोकगीतका प्रकार अन्तर्गत पर्वगीत, कर्मगीत, संस्कारगीत र बाह्रमासे गीत पर्दछन् । विशेष समय-सन्दर्भ नभनी सदावहार गाइने गीतलाई बाह्रमासे गीत पर्दछन् । यस्तै विशेष अवसरमा गाइने अन्य गीतलाई पर्व, संस्कार, कर्म, धार्मिक, नृत्य गीतका रूपमा प्रस्तुत गरिएको पाइन्छ । जसलाई निम्नानुसार उल्लेख गर्न सकिन्छ :

### ३.७.१ पर्व गीत

नेपाली समाजमा विभिन्न चाडपर्वहरू मनाइन्छन् । यिनै चाडपर्वहरूमा गाइने गीतलाई पर्व गीत भनिन्छ । विभिन्न पर्वमा विभिन्न प्रकारका पर्वगीत गाइन्छन् । नेपालीहरू आफ्नो रीतिरिवाज तथा संस्कृतिको क्षेत्रमा धनी मानिन्छन् । उनीहरूका आ-आफ्नै धर्म संस्कार हुन्छ त्यसैले उनीहरूका चाडपर्व आ-आफ्नै प्रकारका हुन्छन् । विभिन्न प्रकारका चाडपर्वले धार्मिक आस्था, सामाजिक मानमर्यादा साथै सामाजिक तथा सांस्कृतिक पक्षलाई समेत् जीवन्त राख्ने कार्य गरिरहेको हुन्छ । पर्वगीतमा भैलो, देउसी, तीजे, फागु, जस्ता गीत प्रमुख मानिन्छन् । त्यस्ता गीतहरू विशेषतः तीज, दशैं, तिहार जस्ता विभिन्न चाडपर्वमा गाइन्छ । गायक तारापति सुवेदीले गाएका गीतहरूमा तीजेगीत र तिहार गीत रहेको पाइन्छ । तीज पर्व विशेष गरी महिलाको पर्व हो । यस पर्वमा विशेष गरी महिलाले आफ्ना मनका पीर व्यथालाई गीतको माध्यमबाट पोख्ने गर्दछन् । विशेष गरी विवाहिता चेलीले आफूले आफ्नो कर्म घरमा भोगेका दुःख, कष्ट तथा पीडालाई माइती घरमा आएर यस पर्वमा गीतको माध्यमबाट पोख्ने गरेको पाइन्छ । तर समयको परिवर्तनसँग आजभोलि तीजेगीत महिला पुरुष दुवैले दोहोरीको रूपमा गाउने गरेको पाइन्छ । गायक तारापति सुवेदीले पनि तीज पर्वलाई विशेष महत्त्व दिई केही गीतहरू गाएका छन् । उनका तीजे गीतका विषयवस्तु प्रायः मायाप्रेमकै विषयमा आधारित छन् ।

### २.७.२ श्रम गीत

काम गर्दा गाइने गीतलाई श्रमगीत भनिन्छ । श्रम गीतलाई कर्म गीत पनि भन्ने गरिन्छ । जस अन्तर्गत विशेष गरी खेतबारी सम्बन्धी खास समयमा, खास काम गर्दा गाइने गीत अन्तर्गत पर्छन् । खेतबारीमा काम गर्दाको समयमा गीत गाइने हुँदा यसलाई कर्मगीत वा श्रमगीत भनिन्छ (पराजुली, २०५७ : २०८) । यी गीतहरू एकातिर रोपाइँ, गोडाइँ, दाइँ आदि क्रमशःसँग सम्बन्धित छन् भने अर्कोतिर असार, भदौ, मंसिर, जेठ आदि समयसँग सम्बद्ध छन् । काम र समयको तालमेल मिलाएर गाइने हुँदा यिनलाई सामाजिक वा समय विशेषको लोकगीत भनिएको हो । जस्तैः जेठेगीत, असारेगीत, साउनेगीत, भदौरेगीत दाइँगीत, बालीगीत, भारी उचाल्ने गीत रहेका छन् । जुन गीत असारमा धान रोप्दा धान गीत गाइन्छ भने, दाँइ हाल्दा दाँइ गीत गाइन्छ ।

### २.७.३ संस्कार गीत

नेपाली लोकगीत अन्तर्गत पर्ने गीतमध्ये संस्कार गीत पनि एक हो । संस्कार गीत विभिन्न विवाह, उत्सव, चाडपर्वमा गाइने गरिन्छ । संस्कार गीतमा नौमती बाजा, पञ्चेबाजामा गाइने गीतहरू पनि पर्दछन् । संस्कार गीतमा कौरा गीत पनि पर्दछ । गायक तारापति सुवेदीले कौरा गीत गाएका छन् । उनका गीतमा माया प्रेमसम्बन्धी विषयवस्तु रहेको छ ।

### २.७.४ बाह्रमासे गीत

बाह्रै महिना जुनसुकै समयमा गाउन सकिने, गीतलाई बाह्रमासे गीत भनिन्छ ( न्यौपाने, २०६० : ३०) । जुन गीतहरू विविध भाकामा पुरुष र स्त्री बीच सामूहिक तथा वैयक्तिक रूपमा माया प्रीतिका कोमल भावदेखि लिएर जीवन यात्राका अनेक आरोह, अवरोहहरूलाई विषयवस्तु बनाएर गाइएका हुन्छन् (थापा, २०५० : ६९) ।  कुनै खास पर्व, ऋतु वा संस्कारको अवसर पर्खनु नपर्ने र बाह्रै महिना मनोरञ्जनका निम्ति गाइने गीत नै बाह्रमासे गीत हो ।

### २.८ निष्कर्ष

जनमानसका भोगाई, अनुभव र अनुभूति नै लोकगीत हुन् । लोकगीतमा जीवनको हर्ष, विस्मात्, पीडा, जलन र तड्पनको चित्रण हुन्छ । यहाँ जीवनको भोगाई, जन्मदेखि मृत्युसम्मका सबै सन्दर्भ अटाएका हुन्छन् । लोकगीतले मनलाई हलुका बनाउने भएकाले नै यो सबैको प्रिय बनेको छ । लोकगीत लोक जीवन र लोक समाजको साझा सम्पत्ति हो । सोहीकारण लोक जीवनका तथा लोकमा घटेका दुःख, सुख, आँसु-हासो आशा-निराशा, पीर-वेदना, माया-प्रेम, मिलन-विछोड, चालचलन, व्यवहार, धर्म, आस्था र मान्यताको अभिव्यक्ति गरिएको हुन्छ । जहाँ सर्जकले साहित्य सिर्जनाकै माध्यमबाट संसारको चित्रण गर्न सक्छ । यथार्थको धरातलमा उभिनु नै लोकगीतको सार्वभौमिकता हो ।

अध्याय : तीन

# तारापति सुवेदीको जीवनी र व्यक्तित्व

## ३.१ तारापति सुवेदीको जीवनी


### ३.१.१ जन्म र जन्मस्थान

तारापति सुवेदीको जन्म २०३५ फाल्गुन १३ गतेका दिन भएको हो । पिता धनपति चुवाँइ (सुवेदी) र माता तिलमाया चुवाँइ (सुवेदी) का कोखबाट कान्छा सन्तानका रूपमा जन्मेका हुन् । उनका दुई दाजुभाइ र दुई दिदीबहिनी रहेका छन् । सुवेदीले नेपाली लोकगीत र सङ्गीतलाई माया गरी आफ्नो जीवनको अभिन्न अङ्गका रूपमा अँगाल्दै आएका छन् ।

### ३.१.२ पुर्ख्यौली

तत्कालीन गण्डकी अञ्चल कास्कीकोट-३, मा तारापति सुवेदीका पुर्ख्यौली बसोबास रहँदै आएको छ । चुवाँइ (सुवेदी) र माता तिलमाया चुवाँइ (सुवेदी) को कोखबाट २०३५ फाल्गुन १३ गतेका दिन तीन छोरामध्ये कान्छो छोरो धनपति चुवाँइ (सुवेदी) का कान्छा सन्तानका रूपमा गायक तारापति सुवेदीको जन्म भएको हो । सुवेदीका दुई दाजुभाइ र दुई बहिनी रहेका छन् । हाल उनका सबै दाजुभाइ र दिदीबहिनी बैवाहिक जीवनमा प्रवेश गरी सुखद दाम्पत्य जीवन बिताउँदै आएका छन् ।

गायक सुवेदीको पारिवारिक स्वरूपलाई निम्नानुसार प्रस्तुत गर्न सकिन्छ ।



### ३.१.३ बाल्यकाल र शिक्षा

सुवेदीको बाल्यकाल सामान्य रूपमा बितेको पाइन्छ । उनी गीत सङ्गीततर्फ विशेष रुचि र लगावका कारण पढाइसँगै साङ्गीतिक क्षेत्रमा पनि अग्रसर रहँदै आएको देखिन्छ । घर गाउँमा पूजाआजामा जाँदा भजन कीर्तन जस्ता धार्मिक कार्यक्रममा सरिक हुने र आफू पनि गुन्गुनाउने गर्दथे । यसरी विभिन्न साँस्कृतिक, धार्मिक, वैवाहिक तथा ब्रतबन्ध जस्ता कार्यक्रममा उनको रुचि र सहभागिता बढ्दै जान थाल्यो ।

बाल्यकालमै स्कुले जीवनमा पनि आफू अध्ययन गर्ने विद्यालयमा विभिन्न सन्दर्भमा आयोजना हुने साहित्यिक तथा साँस्कृतिक कार्यक्रममा पनि उनको सहभागिता रहँदै जान थाल्यो । उनको आधरभूत शिक्षा प्रा.वि.कास्कीकोट गुन्टेचौरबाट शुरु भएको हो । उक्त विद्यालयमा उनले पाँच कक्षासम्मको अध्ययन गरे । त्यसपछिको अध्ययनयका लागि उनी गाउँकै विद्यालय कास्कीकोट पुगे । सोही विद्यालयबाट उनले २०५२ सालमा एस.एल.सी पास गरे । त्यसपछि उच्च शिक्षाका लागि पृथ्वीनारायण क्याम्पसमा प्रमाणपत्र तहसम्मको अध्ययन गरेको सुवेदी बताउँछन् ।

### ३.१.४ पारिवारिक जीवन

तारापति सुवेदी परिवारसहित पोखरा महानगरपालिका-१, अधिकारी टोलमा बसोबास गर्दै आएका छन् । उनले ढिकुरपोखरी-९, कास्की हालको अन्नपूर्ण गाउँपालिका-२ निवासी बुवा धर्मदत्त अधिकारी र आमा नन्दकली अधिकारीकी छोरी केशरी अधिकारीसँग २०५५ वैशाख २७ गतेका दिन मागी विवाह गरेका हुन् । उनका परिवारमा पत्नी केशरीसहित एक छोरा समुन्द्र सुवेदी रहेका छन् । १५ वर्षका छोरा समुन्द्र १० कक्षामा अध्ययन गर्दैछन् । सुवेदीको दाम्पत्य जीवन सुखद रूपमा अगाडि बढेको छ ।

### ३.१.५ रुचि र स्वभाव

हरेक मानिसका रुचि फरक हुन्छन् । कतिपय मानिसका स्वभावले त्यसको क्षमता निर्धारण गर्दछ । त्यस्तै तारापति सुवेदीको स्वभाव सानैदेखि भद्र थियो । स्पष्टवक्ता, मिलनसार र अनुशासित सुवेदी सबैसँग घुलमिल हुन सक्ने थिए । सुवेदीको गीत लेखन र पत्रपत्रिका अध्ययन गर्नु रुचिका विषय अन्तर्गत पर्दछन् । उनी राष्ट्र र राष्ट्रियताप्रति अगाध माया गर्ने राष्ट्रवादी गायकका रूपमा चिनिन्छन् । उनको सङ्कलन तथा गायनबाट पनि यो

कुरा पुष्टि हुन जान्छ । सामाजिक कार्यमा रुचि राख्ने सुवेदी गरीब, दीनदुःखीको भलाई र उत्थानमा लाग्ने मानवीय सेवा भाव भएका व्यक्तित्व हुन् ।

## ३.२ गायन प्रारम्भ र प्रेरणा

तारापति सुवेदी बाल्यकालदेखि नै गाउँघरमा हुने पूजाआजा, विवाह, व्रतबन्ध, न्वारन, छैठी जस्ता धार्मिक एवम् सांस्कृतिक अनुष्ठान र कार्यक्रममा बज्ने बाजाहरू, गाइने गीतहरू सुन्न र आफै पनि सहभागी हुन रुचाउँथे । जसका कारण गीतसङ्गीतप्रतिको लगाव विस्तारै उजागर हुँदै जान थाल्यो । विभिन्न सन्दर्भमा आयोजना गरिने लोकदोहोरी प्रतियोगितात्मक कार्यक्रममा उनको सहभागिता बाक्लिदै गयो । त्यस समयमा रेडियो नेपाल क्षेत्रीय प्रसारण केन्द्र पोखराबाट प्रसारण हुने देउराली कार्यक्रममा बज्ने गीत सुन्न उनी लालायित हुन्थे । त्यो मात्र होइन अग्रज गायकगायिकाका गीत आफू पनि गुनगुनाउने र साथीभाइलाई सुनाउने गरेको सुवेदीले बताउँछन् ।

रेडियो नेपालबाट बज्ने लोक तथा आधुनिक गीतसङ्गीत तथा सांस्कृतिक कार्यक्रमका मुख्य श्रोता थिए तारापति सुवेदी । समयको कालक्रममा हरिदेवी कोइराला, नारायण रायमाझी, बिमाकुमारी दुरा, खड्ग गबुर्जा जस्ता अग्रज स्रष्टा साधकले गाएका गीत रेडियोबाट सुनेपछि तिनै गीत साथीभाइलाई सुनाउँदा हौसला पाउँथे ।

वर्तमानमा नेपाली लोकगीत र सङ्गीतलाई माया गरी आफ्नो जीवनको अभिन्न अङ्गका रूपमा अगाल्दै आएका सुवेदी कक्षा ९ मा पढ्दा अचानक गुरु ठाकुरप्रसाद त्रिपाठीले गाउन लगाएर त्यहाँबाट गाउँन शुरु गरेको बताउँछन् । यस्तै, गुरु बद्री पराजुलीले पनि लोकदोहोरी क्षेत्रमा अगाडि बढ्न विशेष सल्लाह दिएको सन्दर्भ सुवेदीले बिर्सेका छैनन् । सुवेदीले गाउँघरमा मनाइने चाडपर्व, देउसी-भैलो, बिहे, व्रतबन्ध, धार्मिक अनुष्ठान, जमघट, पूजाआजा जस्ता सन्दर्भमा आफूलाई सहभागी गराउँदै, आफ्नो रुचि प्रकट गर्दै गायन यात्रा प्रारम्भ गरेका हुन् । यसरी अगाडि बढ्दै जाँदा विभिन्न प्रतियोगितामा सहभागी पनि भए । उनले कक्षा ९-१० पढ्ने बेलामा जिल्लास्तरीय प्रथम पुरस्कार ५ वटा र अञ्चलस्तरीय पुरस्कार ३ वटा ग्रहण गरेको दावी गर्दछन् । यसरी अगाडि बढ्दै जाँदा अग्रज कलाकार हरिदेवी कोइराला, नारायण रायमाझी, बिमाकुमारी दुरा, खड्ग गर्बुजा जस्ता स्रष्टासँगको भेटले थप हौसला र प्रेरणा दिएको बताउँछन् ।

### ३.३ जीवनका अविस्मरणीय क्षण

हरेका व्यक्तिका जीवनका उकाला र अप्ठ्यारा आफ्नै प्रकृतिका हुन्छन् । तारापति सुवेदीका जीवनमा पनि बाल्यकालदेखि विभिन्न उकाला, ओराला, गल्ली गल्छेडा आइपरेका हुन्छन् । गायनका सन्दर्भमा उनले २०५४ फागुन ७ गते रेडियो नेपाल काठमाडौंबाट स्वर परीक्षा पास गरेको दिन सबैभन्दा खुसीको क्षण सम्झन्छन् । गायनकै सन्दर्भमा २०६२ सालको श्रीपञ्चमीका दिन सिक्किमबाट कार्यक्रम सकेर आउँदा तराई बन्दका कारण काँकडभित्तामा तीन दिनसम्म अलपत्र परेको र घर आउँदै गर्दा तराईको लम्की बजारमा गाडी नियन्त्रणमा लिई जलाउन खोजेपछि रोइकराई निस्केर १५ दिन धरानमा बस्नुपरेको सन्दर्भ अविष्यमरणीय रहेको उनी बताउँछन् ।

### ३.४ तारापति सुवेदीको व्यक्तित्व

तारापति सुवेदीको स्वभाव अत्यन्तै सरल, शालीन, भद्र र अरूको सम्मान गर्ने खालेको छ । शारीरिक रूपमा पनि आकर्षक उनी गायक, गीत सङ्कलकका साथसाथै सफल व्यावसायिक गायकका रूपमा स्थापित छन् । यसैले उनको व्यक्तित्वलाई निम्नानुसार अध्ययन गर्न सकिन्छ :

#### ३.४.१ गायक व्यक्तित्व

बाल्यकालदेखि गीतसङ्गीतमा रुचि राख्ने तारापति सुवेदी वर्तमानसम्म आइपुग्दा कैयौं लोकप्रिय गीत गाएर श्रोताको मन जितेका छन् । उनको गायन यात्रा बिस्तारै सफलताको सिँढी चढ्ने क्रममा देखिन्छ । तारापतिले अनौपचारिक रूपमा २०४८ सालबाटै गाउन सुरु गरेको भए तापनि २०५१ सालमा हरी पौडेलसँग मगर भाषाको गीत **हिलहिले** गाएर औपचारिक गायनयात्रा शुरु गरेका हुन् । उनले हालसम्म आफैंले सङ्कलन गरेका २९ वटा गीत गाइसकेका छन् ।

#### ३.४.२ शब्द सङ्कलक व्यक्तित्व

लोकदोहोरी गायक तारापति सुवेदी शब्द सङ्कलक पनि हुन् । अधिकांश गीतको सङ्कलन उनले जीवन दाहालसँग मिलेर गरेका छन् । सुवेदी अत्यन्त मर्मस्पर्शी, लोकजीवनमा प्रयुक्त र सामान्य ग्रामीण बोलीचालीमा प्रयोग हुने शब्द टपक्क टिपेर गाउन

सिपालु छन् । उनका सङ्कलनमा जीवन दाहाल, केशरबहादुर अधिकारी, राममाया गुरुङ, बासमती गुरुङ, डोलमाया गुरुङ, हरि पौडेल, मधुमाया दुरा, रमा कोइराला, याममाया दुरा, सुस्मिता परियार, रेनु गुरुङ, जुना शिरिष मगर, बिमाकुमारी दूरा, विष्णु माझी जस्ता गायक गायिकाले स्वर दिएका छन् ।

सुवेदीले भीर, पाखा, डाँडा, काँडा, उकाली, ओराली, मेलापात आदिको सम्झना गर्दै गीतहरू सङ्कलन गरेका छन् । **जाम त भने वनको बाटो** शीर्षकको गीतमा माया प्रेमका गीत समावेश गरेका छन् । यस्तै **विरह चल्छ मनैमा** विरहको गीत समावेश गरेका छन् । धनको लागि आफ्नो परिवार नै छाडेर धन कमाउन जानेलाई **चाहिँदैन धन** शीर्षकको गीत २०५८ सालमा ल्याएका छन् जुन अति यथार्थपूर्ण छ । चाडपर्वका बारेमा पनि **हजुरको आँगनीमा देउसी भैलो** भन्ने शीर्षकमा संस्कार र संस्कृतिको वर्णन गरिएको छ । यस्तै परदेश गएको छोराले पोखेको विलौना, दुःख पीडाको भावनालाई समेट्दै **ए आमा ! तिमीलाई देख्न पाउछु पाउदिन** भन्ने गीत समावेश गरेका छन् । त्यस्तै चेलीका विलौना, दुःख पीडाको भावनालाई समेट्दै **आऊ माया सरर** जस्ता तीजगीत सङ्कलन गरेका छन् । उनले गीतमा स्वदेशको माया, राष्ट्रिय चिन्ताको विषय पनि समेटेका छन् । गरीबका समस्या हुन् या युवायुवतीका प्रेम प्रसङ्ग, नारीका वेदनाहरू तीजे गीतको माध्यमबाट होस् या चाडपर्व संस्कृतिका जगेर्ना गर्ने सबै पक्षका गीत उनले समेटेका छन् । उनले मानव मनका सबै संवेग अभिव्यक्त भएका गीतको भाका र शब्दहरू सङ्कलन गरेका छन् भन्दा अन्यता हुँदैन भन्न सकिन्छ ।

तारापति सुवेदीले सङ्कलन गरेका गीतमा एकातर्फ मौलिकता, राष्ट्रियता, स्वदेश प्रेम, जन्मभूमिको सुगन्ध पाइन्छ । रीतिसंस्कार सबै अटाएका छन् । यस्तै, अर्कोतर्फ दोहोरी गीत, तीजेगीत, पूर्वीय गीत, कौरा गीत तथा मगर भाषाका गीतसमेत् गाएर आफ्नो बहुमुखी प्रतिभा प्रस्तुत गरेका छन् ।

### ३.४.३ व्यावसायिक व्यक्तित्व

तारापति सुवेदी गायक र सङ्कलक मात्रै होइनन् । उनी व्यावसायिक व्यक्तित्व पनि हुन् । हिजो डाँडाकाँडा, उकाली-ओराली, घाँस, दाउरा र मेलापात गर्दा गुन्गुनाइने गीत र भाकाहरू समयक्रमसँगै आज रेडियो, एफ.एम., टि.भी. लगायतका श्रव्यदृश्य सञ्चार माध्यमबाट अनुकुलता अनुरूप स्रोता दर्शकले सुन्ने र हेर्न पाउने भएका छन् । सूचना

प्रविधिको विकास र प्रभावले गर्दा गीत सङ्गीतको सिर्जनासँगै प्रकाशन र प्रसारणमा पनि तीव्रता आएको छ ।

गीत सङ्गीतका पारखीहरू स्वदेश वा विदेशमा कलाकारहरूबाट प्रत्यक्ष रूपमा गाइने लोकसङ्गीत सुन्न र रमाउन थालेका छन् । होटल रेष्टुरेन्टहरूमा प्रस्तुत गरिने सांस्कृतिक कार्यक्रममा गायकगायिकाका माध्यमबाट प्रत्यक्ष रूपमा लोकदोहोरी गीत सुनाएर मनोरञ्जन प्रदान गर्ने गरेको पाइन्छ । यस्ता कार्यक्रममा गीत गाउने कलाकारहरूले राम्रो पारिश्रमिकसमेत् पाउने गर्दछन् । यसले गर्दा उनीहरूको जीवनयापनका निम्ति लोक तथा दोहोरी गायनबाट भरोसा लाग्दो सहयोग पुगेको पाइन्छ ।

कला र व्यापार बीचको यही सम्बन्धलाई बुझेका गायक तारापति सुवेदीले आफ्ना गायक कलाकार साथीहरू दीपक तिमिल्सिना, चोलेन्द्र पौडेल, जीवन दाहाल, पार्वती जि.सी, रामजी पौडेल, लक्ष्मी नेपालीसँगको सहकार्यमा २०६७ सालदेखि पोखराको सिर्जनाचोकमा बिसौनी दोहोरी साँझ सञ्चालन गरेका छन् । प्रत्येक मानवका लागि जीवनयापनको जोहो गर्नु आवश्यकता र चुनौतीपूर्ण बाध्यता हो । ग्रामीण स्तरको पारिवारिक र आर्थिक पृष्ठभूमिका व्यक्तिहरूलाई कलाकै माध्यमबाट आफू र आफ्नो परिवारको जीवनको रथ चलाउन सकिने सम्भावना न्यून रहेको वर्तमान परिप्रेक्ष्यमा जीविकोपार्जनका लागि वैकल्पिक पेसा अपनाउनु पर्ने बाध्यता छ ।

आफूले अवलम्बन गरेको पेसा व्यवसाय र कला कर्मलाई सन्तुलित रूपमा बढाउन नसकेका कारण कतिपय कलाकर्मी सिर्जना कर्मबाटै पलायन हुनुपर्ने अवस्था विद्यमान छ । तर तारापति सुवेदीले गीत सङ्गीतको कर्मलाई सँगै लिएर आर्थिक उपार्जनको वैकल्पिक पेसा अपनाएका छन् । जहाँ कला, सिर्जना र व्यवसायबीच अन्तरसम्बन्ध स्थापित गर्दै सफलतापूर्वक आफ्नो व्यावसायिक जीवन व्यतित गरिरहेको देखिन्छ । यो मात्रै होइन, उनले जीवन दाहालसँगको सहकार्यमा जीवन्त सङ्गीत प्रा.लि. नामक कम्पनी पनि स्थापना गरेका छन् । जुन कम्पनीले २०६८ सालदेखि गीतको बजार व्यवस्थापन गर्दै आएको छ । यसैले उनको व्यावसायिक व्यक्तित्व पनि फस्टाउँदो देखिन्छ ।

### ३.५ सहभागिता र योगदानको कदर

गायक तारापति सुवेदीले गायन यात्राका क्रममा विभिन्न सङ्घसंस्थाले आयोजना गरेका विभिन्न कार्यक्रममा सहभागी भएका छन् । उनको सहभागिता र सांगीतिक कर्मको

योगदानको कदर गर्दै विभिन्न सङ्घसंस्थाले विभिन्न प्रकारले सम्मान गर्ने गरेका छन् । यसक्रममा उनलाई हालसम्म प्रमाण-पत्र, सम्मान-पत्र, प्रशंसा-पत्र, मायाको चिनो प्रदान गर्ने विभिन्न सङ्घसंस्था रहेका छन् । जुन सङ्घसंस्थाको नामावलीसहितको विवरण कालक्रमानुसार प्रस्तुत गर्न सकिन्छ :

| **क्र.स** | **सम्मान तथा पुरस्कार प्रदान गर्ने संस्था** | **मिति** |
|---|---|---|
| १. | द रेयूकाइ पोखरा शाखा | २०५३, २०५४, २०५५ |
| २. | इञ्जिनियरिङ्ग अध्ययन संस्थान | २०५४ |
| ३. | लालीगुराँस युवा क्लब, धम्पुस कास्की | २०५५, २०५७ |
| ४. | जनहित युवा क्लब कास्कीकोट, कास्की | २०५६ |
| ५. | नेपाल उद्योग वाणिज्य सङ्घ बुटवल | २०५६ |
| ६. | स्वतन्त्र विद्यार्थी यूनियन,<br>पृथ्वीनारायण क्याम्पस पोखरा | २०५६, २०५७, २०५८,<br>२०५९, २०६१, २०६२, २०६३,<br>२०६४, २०६५ |
| ७. | प्रजातान्त्रिक राष्ट्रिय युवा सङ्घ नेपाल | २०५८ |
| ८. | राष्ट्रिय प्रजातान्त्रिक युवक संगठन, काठमाडौं | २०५९ |
| ९. | ५३ औं राष्ट्रिय प्रजातन्त्र दिवस समारोह मूल समिति | २०५९ |
| १०. | पश्चिमाञ्चल दोहोरी गायन प्रतियोगिता | २०५९ |
| ११. | पोखरा एफ.एम. प्रा.लि., पोखरा | २०५९ |
| १२. | वीरेठाँटी युवा परिवार पोखरा | २०५९ |
| १३. | संगीत प्रशिक्षण केन्द्र, पोखरा | २०५९ |
| १४. | माछापुच्छ्रे एफ.एम. पोखरा | २०५९ |
| १५. | सहश्राब्दी पदयात्रा मार्ग सांस्कृतिक महोत्सव | २०५९ |
| १६. | सराङ्गकोट महोत्सव | २०६० |
| १७. | एड्स रोग नियन्त्रण सङ्घ | २०६१ |
| १८. | गोरखा मिलन समाज | २०६१ |
| १९. | अभिरुचि युवा सांस्कृतिक परिवार पोखरा | २०६१ |
| २०. | न्यू सनराइज युवा क्लब कास्की | २०६१ |

| | | |
|---|---|---|
| २१. | नवोदय युवा क्लब कास्की | २०६१ |
| २२. | तनहुँ जिल्लास्तरीय लोकदोहोरी प्रतियोगिता | २०६१ |
| २३. | जय बराह युवा क्लब | २०६१ |
| २४. | महिला जिल्ला समूह | २०६१ |
| २५. | काजीपोखरी युवा क्लब | २०६२ |
| २६. | क्षेत्रीय होटल सङ्घ | २०६२ |
| २७. | नवसूर्योदय युवा क्लब | २०६२ |
| २८. | बाल स्वालम्बन समूह | २०६२ |
| २९. | पोखरा होटल व्यवसायी समिति | २०६२, २०६३, २०६४, २०६५ |
| ३०. | सामुदायिक सेवा केन्द्र, बगर | २०६२ |
| ३१. | काहुँ धरहरा महोत्सव | २०६२ |
| ३२. | नेपाल उत्पीडिन जातीय मुक्ति समाज | २०६३ |
| ३३. | हेमजा साहित्य प्रतिष्ठान हेमजा कास्की | २०६४ |
| ३४. | अनन्ता सामुदायिक सेवा समिति | २०६४, २०६६ |
| ३५. | भदौरे सांस्कृतिक महोत्सव कास्की | २०६४ |
| ३६. | नवआदर्श क्लब लामाचौर | २०६४ |
| ३७. | बालकल्याण युवा क्लब स्याङ्जा | २०६४ |
| ३८. | करुणानिधि एजुकेशन फाउण्डेसन | २०६४, २०६५ |
| ३९. | राष्ट्रिय लोकदोहोरी गीत प्रतिष्ठान | २०६४, २०६८, २०७०, २०७१, २०७३, २०७४, २०७५ |
| ४०. | परोपकार सर्वेश्वर नारी समाज | २०६५ |
| ४१. | टुँडिखेल बजार व्यापारिक समिति पोखरा | २०६५ |
| ४२. | नेपाल जुनियर रेडक्रस सर्कल (केफ), पोखरा | २०६५ |
| ४३. | दोस्रो खैरेनीटार चैतेदशैं महोत्सव, तनहुँ | २०६५ |
| ४४. | लेखनाथ अर्घौ बजार व्यवस्थापन समिति | २०६५ |
| ४५. | रामघाट धार्मिक क्षेत्र विकास समिति पोखरा | २०६५ |
| ४६. | रेवान पोखरा | २०६५ |
| ४७. | समाज सुधार आमा समूह कास्की | २०६५ |

| | | |
|---|---|---|
| ४८. | इन्द्रेणी एकीकृत विकास केन्द्र टुँडिखेल पोखरा | २०६५ |
| ४९. | सामुदायिक रेडियो देवघाट | २०६५ |
| ५०. | सिद्धार्थ क्लब, पोखरा | २०६५ |
| ५१. | पोखरा उद्योग वाणिज्य सङ्घ (व्यापार मेला) पोखरा | २०६५, २०६६, २०७४ |
| ५२. | अर्घाखाँची उद्योग वाणिज्य सङ्घ (अर्घाखाँची महोत्सव) | २०६६ |
| ५३. | सरसफाइ समिति लाहाचोक कास्की | २०६६ |
| ५४. | नेपाल जुनियर रेडक्रस सर्कल मेरिगोल्ड, पोखरा | २०६६ |
| ५५. | पोखरा टुरिजम काउन्सिल | २०६६ |
| ५६. | धरान नगरपालिका | २०६६ |
| ५७. | महेन्द्र मावि भलाम | २०६६ |
| ५८. | लेखनाथ उद्योग वाणिज्य सङ्घ | २०६६, २०७१ |
| ५९. | भौतिक योजना तथा निर्माण मन्त्रालय | २०६७ |
| ६०. | सिर्जना साहित्य सदन, घाचोक कास्की | २०६९ |
| ६१. | पोखराअन्तर्राष्ट्रिय विमानस्थल निर्माण सरोकार समिति | २०६९ |
| ६२. | पाँचौं पुस्तक प्रदर्शनी तथा शैक्षिक महोत्सव | २०६९ |
| ६३. | हिमालय क्लब | २०६९ |
| ६४. | नेपाल टेलिभिजन कर्मचारी सङ्घ | २०७० |
| ६५. | संयुक्त नेपाली महासङ्घ भारत | २०७० |
| ६६. | नेपाल राष्ट्रिय शिक्षक संगठन कास्की | २०७० |
| ६७. | दौतरी दोहोरी साँझ पोखरा | २०७३ |
| ६८. | परिवार मित्रता समाज, कतार | २०७३ |
| ६९. | विश्व संगीत दिवस समिति | २०७३ |
| ७०. | मारुद्र नि.मा.वि. स्वर्ण महोत्सव | २०७४ |
| ७१. | एभरेष्ट नेपाल समाज | २०७४ |
| ७२. | सुवेदी समाज सेवा प्रतिष्ठान | २०७४ |
| ७३. | कास्की आदर्श समाज, कतार | २०७४ |
| ७४. | स्याङ्जा सहयोग समाज, कतार | २०७४ |

| | | |
|---|---|---|
| ७५. | प्रवासी नेपाली समाज कतार | २०७४ |
| ७६. | ठूलाखेत, ठूलाचौर पञ्चासे मोटर बाटो समिति | २०७५ |
| ७७. | त्रिवेणी संगीतालय पोखरा | २०७५ |
| ७८. | अन्नपूर्ण गाउँपालिका | २०७५ |
| ७९. | राष्ट्रिय लोकदोहोरी गीत प्रतिष्ठान गण्डकी कमिटी | २०७५ |
| ८०. | अन्तर्राष्ट्रिय पर्वतीय सङ्ग्रहालय पोखरा | २०७५ |
| ८१. | एनआरएन, जापान | २०७५ |
| ८२. | दर्शन समाज, जापान | २०७५ |
| ८३. | पावर इन्टरनेशनल मिडिया | २०७५ |

## ३.६ संलग्नता

गायक तारापति सुवेदी आफ्नो गायन तथा पेशा व्यावसाय सँगसँगै विभिन्न सङ्घसंस्थामासमेत् आवद्ध छन् । उनी हाल राष्ट्रिय लोक तथा दोहोरीगीत प्रतिष्ठान कास्कीको जिल्ला संरक्षक र प्रदेश कमिटीको प्रमुख रहेका छन् । यसैगरी पोखरा सांगीतिक कला केन्द्रका सल्लाहकारसमेत् छन् । यसैगरी, व्यावसायिक रूपमा उनी जीवन्त सङ्गीत प्रा.लि.को प्रबन्धक रहेका छन् । यसका साथसाथै, बिसौनी दोहोरी साँझ, दौतारी दोहोरी साँझ, सोल्टी दोहोरी साँझ, जनहित युवा क्लब कास्की र वसन्त रुविना फाउण्डेशनलगायतका सङ्घसंस्थामा उनको आवद्धता रहेको छ ।

## ३.७ निष्कर्ष

सुमधुर स्वरका धनी लोकदोहोरी गायक तारापति सुवेदी कास्कीकोटको निम्न मध्यम वर्गीय परिवारमा जन्मेका स्रष्टा हुन् । उनी आफ्नो प्रतिभा र साधनाका कारण नेपाली गीतसङ्गीतको क्षेत्रमा स्थापित हुँदै छन् । दुई दशक अगाडिदेखि साधनामा लागेका सुवेदी कुशल र मर्मस्पर्शी शब्द सङ्कलक हुन् । विभिन्न शैली र भावका गीतमा स्वर दिन सिपालु भएकै कारण सुवेदीका प्रायः गीत लोकप्रिय छन् ।

एउटै व्यक्तित्व भित्र गायक र सङ्कलक दुवै क्षमता भएका सुवेदी ग्रामीण लोकजीवनका यथार्थलाई उनीहरूकै शब्द र शैलीमा जस्ताको तस्तै टिपेर गाउने गायक हुन्

। स्वरमा प्राकृतिक मिठास र ओजपूर्ण शब्दको चयनबाट सबैलाई आनन्दित पार्नसक्ने क्षमता उनमा भेटिन्छ ।

जीवनका उकाली ओराली, घाँस, दाउरा, मेलापात गर्दा एक आपसमा युवायुवतीले गर्ने ठट्टा, हाँसोमजा उनका गीतका विषयवस्तु हुन् । युवायुवतीका रोमाञ्चक भावना र प्रेम सन्दर्भ होउन् वा प्रेममा परेर आफैलाई बिर्सेका पागलप्रेमीका उद्वेग हुन् । उनका गीतमा सबै सन्दर्भ अटाएका छन् । यो मात्रै होइन, सुवेदीका गीतमा लाहुर जाने युवाको नियति र परदेशमा उसले भोगेका दुर्दशाको नालीबेली, दुःख, पीडा आदिको प्रतिबिम्ब पनि पाइन्छ । यसैले उनका गीत किसान, भरिया र सीमान्तकृत् समुदायका सहयात्री बनेका छन् भन्न सकिन्छ ।

सरल, मिलनसार, मृदुभाषी व्यक्तित्वका धनी तारापति सुवेदी नेपाली गीतसङ्गीतका फाँटमा निरन्तर क्रियाशील कलाकार हुन् । नेपाली जनजीवनका दुःख, सुख, आशा, निराशा, भाग्य र नियतिका सन्दर्भलाई जस्ताको तस्तै उतार्न सक्ने सुवेदी वर्तमानमा सबै गीतसङ्गीत पारखीका लोकप्रिय पात्र हुन् । सरल, सहज, सुमधुर र लयात्मक भाषाशैलीका सुवेदीका गीतले युवायुवतीदेखि वृद्धवृद्धा सबै रमाउन सक्छन् । जहाँ उनीहरूले आफ्नो भावना पोखिएको अनुभव गर्न पाउँछन् । यसरी तारापति सुवेदी गायक लोकगीत गायन, लेखन र सङ्कलनमा क्रियाशील रहेकाले उनी नेपाली गीतसङ्गीतका क्षेत्रमा जीवनको यथार्थता प्रस्तुत गर्ने कर्मशील साधक हुन् ।

# अध्याय : चार

# तारापति सुवेदीका गीतको अध्ययन

## ४.१ तारापति सुवेदीका गीतको सङ्कलन

प्रस्तुत अध्ययनपत्रको मुख्य उद्देश्य गायक तारापति सुवेदीले गाएका र सङ्कलन गरेका गीतको सङ्कलन गरी लोकगीतका वर्गीकरणका आधारमा अध्ययन गर्नु हो । यसैले यहाँ सुवेदीले आफ्नो गायन यात्राका हालसम्म गाएका र सङ्कलन गरेका गीतको सङ्कलन गरी अध्ययन गरिएको छ । कर्मशील स्वभाव र प्रतिभावान् क्षमताकै कारण नेपाली गीतसङ्गीतका क्षेत्रमा तारापति सुवेदीले अलग्गै पहिचान स्थापना गर्न दिनरात क्रियाशील छन् । आफ्नो सुमधुर स्वरमा सङ्कलन गरेका गीतसङ्गीतका श्रव्यदृश्य क्यासेट एल्बम प्रकाशन गरेका छन् । क्यासेट एल्बमले बिस्तारै-बिस्तारै लोकप्रियता आर्जन गरेका छन् ।

५० को दशकदेखि गायनमा लागेका सुवेदीले २०५२ सालमा रेडियो नेपालबाट आयोजित अधिराज्यव्यापी लोकगीत प्रतियोगितामा **फेवातालमा डुङ्गा चढौंला** गीत छनौट भएपछि पहिलोपटक रेडियो नेपालमा रेकर्ड भएर प्रसारण भयो । जुन गीतको सङ्कलन र गायन सुवेदीको थियो । यस्तै, २०५२ सालमै **क्या राम्रो फुर्के डोरीलाई** गीत डाँफे कला मन्दिरमा रेकर्ड भएर रञ्जना क्यासेट सेन्टर काठमाडौंले बजारमा पठायो । २०५३ सालमा उनको **नरोऊ धर्केर** दोहोरी गीत बजारमा आयो । झरना म्यूजिक प्रा.लि.ले उत्पादन गरेको गीतको सङ्कलन तारापति सुवेदीले नै गरेका हुन् । २०५३ सालमै **चिसो चुँदीखोलाको** युगल लोकगीत बजारमा आयो । गीत डाँफे कला मन्दिरले उत्पादन गरेको थियो । सुवेदीका **चाम चर्केको छ** युगल लोकगीत डाँफे कला मन्दिरबाटै बजारमा आयो । **चरी पासैमा** दोहोरी गीत र **नानीको जवानी** कौरा गीतसमेत् यही वर्ष बजारमा आए । जुन गीत झरना सङ्गीत प्रा.लि. काठमाडौंबाट बजारमा पठाइयो ।

२०५४ सालमा **अमेलीको रस, बिहानै भाले बास्यो नि, जाउने खोलातिर, ए आमा तिम्लाई देख्न पाउछु पाउँदिन** लगायतका गीत रेकर्ड भए । २०५६ सालमा **विरह चल्छ मनैमा**, २०५७ सालमा **फूल गेटैमा, घर छोडेर हिँडे भागेर,** २०५८ सालमा **मायालु,** २०६० सालमा **जाम त भने वनको बाटो, गाई चराउँदै ला'को पिरती, याम्दीमा सेती दोभान, जोवान समाल, जाम त भने भत्केको पुल छ** लगायतका गीत बजारमा आए । यस्तै २०६८

सालमा **चाहिँदैन धन,** २०७० सालमा **आऊ माया सरर,** २०७४ सालमा **मेरो प्यारो गाउँ, सेरावेशी स्वामीको छायाँ**, २०७५ सालमा **म जन्मेको गाउँ, माइतमा गएर, भुइँको धुलो उडाउँदै** एवम् **सम्झना छैन र ?** बजारमा आएका छन् ।

यस अध्याय तारापति सुवेदीले आफ्नो गीतियात्राका क्रममा सङ्कलन गरेका, गाएका र बजारमा ल्याएका गीतको चर्चामा केन्द्रित छ ।सुवेदीका विभिन्न २९ वटा श्रव्यदृश्य सामग्रीमा समावेश गीतको सङ्कलन र अध्ययनलाई यहाँ लोकगीतको वर्गीकरणका आधारमा छुट्टाछुट्टै अध्ययन गरिएको छ ।

## ४.२ तारापति सुवेदीका गीतको वर्गीकरण

तारापति सुवेदी दोहोरी गीतमा विभिन्न भावका विषयवस्तु समावेश गरेर लोकगीत गाउँदै आएका स्रष्टा हुन् । गाउँ, सहरको परिवेश अनुसारका विषयवस्तुलाई टपक्क टिपेर मिजासपूर्ण शब्दमा बाँधेर गीत गाउन गायक सुवेदी सिपालु देखिन्छन् । उनले आफ्ना गीतमा मानव जीवनका तितामिठा यथार्थलाई सरल शब्दमा प्रस्तुत गरेका छन् । यसकारण उनका गीतहरूको सङ्कलन र अध्ययन गरिनु भनेको लोक जीवन तथा लोक साहित्यको सम्मान हो । अझ उनको गीतलाई अध्ययन गरिनु आजका युवा गायक पुस्तालाई लोक साहित्यतिर आकर्षक गर्नु हो ।

लोकगीतलाई गायन शैलीका दृष्टि तथा विषयवस्तुको आधारमा वर्गीकरण गरी छुट्याउन सकिन्छ । यसरी वर्गीकरण गर्ने क्रममा पछिल्लो समय सर्वव्यापी प्रचलनमा रहेको वर्गीकरण अन्तर्गत पर्वगीत, श्रमगीत, संस्कार गीत र बाह्रमासे गीत रहेका छन् । तारापति सुवेदीका गीतलाई यिनै आधारमा वर्गीकरण गरिएको छ । जसअन्तर्गत सुवेदीले बाह्रमासे गीत, पर्व गीत र संस्कार गीतहरू गाएका छन् । यद्यपि उनका हालसम्म रेकर्ड भएका गीतलाई हेर्दा उनले श्रम गीत सङ्कलन र गायन गरेको देखिदैन । श्रम वा काम गर्दा गाइने गीतलाई श्रम गीत भनिन्छ । त्यस प्रकृति गीत हालसम्म नदेखिएकाले उनका गीतलाई पर्व, संस्कार र बाह्रमासे गरी अध्ययन गर्न सकिन्छ ।

### ४.२.१ तारापति सुवेदीका पर्व गीतको अध्ययन

पर्व विशेषमा गाइने गीतलाई पर्व गीत भनिन्छ । यस्ता गीत तीज, दसैं, तिहार जस्ता विभिन्न चाडपर्वमा गाइने गरिन्छ । यसै क्रममा गायक सुवेदीले तीजे गीत र

तिहारको भैलो गीत गाएका छन् । महिलाहरूको महान् पर्वका तीजमा विशेष गरी महिलाले आफ्ना मनका पीर, व्यथालाई गीतको माध्यमबाट पोख्ने गर्दछन् ।

जहाँ विवाहिता चेलीले कर्म घरमा भोगेका दुःख, कष्ट तथा पीडालाई माइती घरमा गएर पर्वमा गीतको माध्यमबाट पोख्ने गरेको पाइन्छ । भने अविवाहिता युवतीले असल पति वर पाउ भनेर व्रत बस्ने गरेका सन्दर्भलाई तीजेगीतमा अभिव्यक्त गरेको पाइन्छ । तर पछिल्लो समय तीजे गीत महिला पुरुष दुवैले गाउने सन्दर्भमा गायक सुवेदीले पनि तीज पर्वलाई विशेष महत्व दिएर गीत सङ्कलन र गायन गर्दै आएका छन् ।

यी र यस्तै विषयवस्तुमा समेटिएका गायक तारापति सुवेदीले गाएका र हालसम्म प्रकाशित भएका तीजे गीतहरूमा **आउ माया सरर, सेरावेशी समीको छायाँ, माइतमा गएर, भुइँको धुलो उडाउँदै** र **सम्झना छैन** जस्ता शीर्षकका गीत रहेको पाइन्छ । यस्तै सुवेदीले पर्व गीतलाई नै मध्यनजर गरी देउसी भैलो तिहारको अवसरमा अर्को गीत गाएका छन् । उनले हिन्दूहरूको यहाँ पर्व तिहारलाई मध्यनजर गरी **हजुरको आँगनीमा** शीर्षकको गीत गाएका छन् । चाडपर्वका बेलामा रमाइलो भेटघाट गर्नका लागि देउसी भैलो गीत पनि सुवेदीले गाएका छन् । उनले आफ्ना पर्व गीतमा के-कस्ता भाव तथा विषयवस्तु समेटिएका छन् भन्ने मुख्य अभिप्रायबाट यस अध्यायमा सुवेदीले गाएका गीतलाई वर्गीकरण गरी अध्ययन विश्लेषण गरिएको छ ।

#### ४.२.१.१ आऊ माया सरर गीतको अध्ययन

प्रस्तुत गीत महिलाहरूको महान् चाड तीजको अवसरमा गाइने गीत हो । गीतमा तारापति सुवेदी, जीवन दाहाल र सरस्वती लामिछानेको स्वर रहेको छ । जुन गीतलाई जीवन्त सङ्गीत प्रालिले २०७० सालमा बजारमा पठाएको हो । यस गीतमा युवाले पनि तीजमा गीत गाउन हुन्छ र जानेको कुरा मनमा राखेर दुई दिनको जिन्दगी हाँसेर नाँचेर बिताउनुपर्छ । नाँच्न र गाउन जान्ने मान्छेले रमाइलो गरेर जिन्दगीलाई रंगीन बनाउनु पर्छ भन्ने सन्देश दिएका छन् । हेरौं गीतको एक टुक्राः

केटीः *तिजको बेला रमाइलो गरौं गाएर नाँचेर*
*के हुने छ र जानेको कुरा मनमा साँचेर*
*आऊ माया सरर*
*हातमा रुमाल हल्लाउँदै फरर ।*

केटा : *तिमी झैं नाँच्न जान्दिन होला कम्मर मर्काउँदै*
*बसेर हामी हेरौंला नाँच थपडी पड्काउँदै*
*आऊ माया सरर... ।*

*(परिशिष्ट क, आऊ माया सरर)*

यसरी गीतमा युवतीले म त व्रत वस्छु मज्जाले ढल्कीढल्की नाँच्छु लाज मानेर काम छैन । व्रत बसेर शिवजीलाई पुज्दै जिन्दगी जाने गतिलो वर मागेकी छु । त्यस्तै युवकले पनि प्रेमिकाको रोजाइको कौतुहलता देखाउँदै कस्तो वर रोजेकी हौ भनी प्रश्न गर्दै यहाँ आएकाहरूमा तिमीलाई कुन मनपर्छ भन तिमीले भन्न नसके म भनिदिउँला भनी आफ्नी प्रेमिकालाई आफ्नो प्रेम अझ बढी दरिलो पार्न खोजिएको देखिन्छ ।

### ४.२.१.२ सेरावेशी समीको छायाँ गीतको अध्ययन

सेरावेशी समीको छायाँ गीतमा महिलाहरूको महान् चाड तीजको अवसरमा गाइने गीत हो । जसलाई २०७४ सालमा भावना म्यूजिक प्रा.लि.ले बजारमा ल्याएको हो । गीतमा तारापति सुवेदी, जीवन दाहाल र प्रमिला पौडेलको स्वर रहेको छ । गीतमा शब्द शिव अखेलीका रहेका छन् ।

गीतमा आफ्नो दुःख पीडा के छ यही छायाँमा बसेर पोख्ने हो भनिएको छ । गीतमा एक मायालु जोडीले भेट्नका लागि सल्लाह गरेका छन् । केटाले आफ्नो साथमा भएको रातो साडी लगाएर चिटिक्क परेर भेट्न आउनु भनेका छन् भने केटीले अस्ती पनि भेट्न भनेर बोलायौं आएनौं फेरि त्यस्तै हुन्छ कि भनेर गीतमै शंका व्यक्त गरेकी छन् । तिम्रो सम्झनाले कुककुक बाडुकी लागेको छ एकछिन भेटे अत्यास मेटिने भएकाले भेटेर छुटौं भनिएको छ । हेरौं गीतको एक टुक्का :

केटा : *बाकसमा पटाको साडी सुनमाया झिकेर लाउनु है*
*तीजको दिन चिटिक्कै सुनमाया भेट हुन आउनु है*
*सेरावेशी समीको छायाँ*
*छायाँमुनी पर्खिऊला आउ माया ।*

केटी : *अस्ती पनि बेसीमा झरे सुनमाया भेट हुन आऊ भनी*
*साँढे १० मा फोन गऱ्यौं साँझ सुनमाया म आइन जा भनि ।*
*सेरावेशी समीको छायाँ ...।*

*(परिशिष्ट क, आऊ माया सरर)*

गीतमा युवाले आफू आउन नपाउनुको कारण बतासे पानी गरेको हुनाले बाटोमा लडेर खुट्टा नै काट्यो त्यसैले गर्दा आउन पाइनँ । मैले जानीजानी त्यसो गरेको हैन । नरिसाऊ भर काटे जस्तै भयो भनेर सम्झाएको छ । यसै सन्दर्भमा युवतीले मलाई धेरै बाडुल्की लागेको छ, आज वेशीमा भेटौंला भन्ने खालको भाव गीतमा व्यक्त गरेकी छन् । गीतमा सरल, सरस भाषाशैलीको प्रयोग भएको पाइन्छ ।

### ४.२.१.३ माइतमा गएर गीतको अध्ययन

माइतमा गएर गीत तीजगीत हो । जुन २०७५ सालमा म्यूजिक स्टारले रेकर्ड गरेको हो । गीतमा तारापति सुवेदी, जीवन दाहाल र कृष्णा परियारको स्वर रहेको छ । गीतको शब्द सङ्कलन जीवन दाहालले गरेका हुन् । नारीहरूको महान् चाड तीजमा विशेष गरी महिला दिदीबहिनीले आफ्ना मनका भावना फुकाउने गर्दछन् । जहाँ एउटी नारी जो जन्मघर छोडेर कर्म घर गएकी छ ऊ माइतमा आएर आमाले पकाएको मीठो दर खानका लागि आफ्ना श्रीमान्सँग विदा भएर हिँड्ने संस्कारलाई गीतमा देखाउँदै भनिएको छ :

केटी : *माइतमा गएर आमाले देको मीठो दर खाने हो*
*यो साल त पियारा म माइत जाने हो ।*

केटा : *मै घाँस काटुला, मै भैंसी दुहुला बस्छु घर सिहारी*
*किन पीर गरेको जाउलिनी पियारी ।*

*(परिशिष्ट क, माइतमा गएर)*

गीतमा श्रीमतीले माइत जाने कुरा गरेसँगै श्रीमान्ले पनि म घाँस काट्छु, भैंसी दुहुन्छु, घरको सबै काम म गर्छु पीर नगरी जाऊ प्यारी भनेका छन् । उता माइत पुगेपछि जापानबाट भाइ आएको छ अरे उसलाई कति बेला गएर भेटुमा जस्तो भएको छ भन्ने सन्दर्श पनि गीतमा आएको छ । यस्तै असल श्रीमान् परे भने महिलाले सन्तोषको सास फेर्न पाउछन् भन्ने भाव पनि गीतमा देखाइएको छ । जहाँ श्रीमान्ले तिम्रो दीर्घायुका लागि म ब्रत बस्छु, समाजमा उदाहरण बनेर देखाउँछु । श्रीमान्श्रीमती भनेको दु:खसुखमा साथ दिने एक सिक्काको दुई पाटा हो । दुवैमा माया, स्नेह, सद्भाव र सम्मान हुनुपर्छ भन्ने सन्देश गीतले दिन खोजेको छ ।

### ४.२.१.४ भुइँको धुलो उडाउँदै गीतको अध्ययन

प्रस्तुत गीत २०७५ सालमा शिवदर्शन म्यूजिकले बजारमा ल्याएको गीत हो । जसमा तारापति सुवेदी, जीवन दाहाल, सुस्मिता परियार र रनु गुरुङको स्वर रहेको छ । गीतमा प्रेमीप्रेमिकाले माया प्रेमका कुरालाई अभिव्यक्त गरेका छन् । गीतमा प्रेमीले आफ्नी प्रेमिकालाई विभिन्न बिम्बसँग तुलना गरेर गीत गाएका छन् । जहाँ उनले तिउन घिरौलाको मीठो हुने, अचार करेलाको मीठो हुनेलगायतका कुरा गरेका छन् ।

गीतकै माध्यमबाट उनको सौन्दर्यको कुरा गरिएको छ । तिम्रो जिउडाल पनि साह्रै मिलेको छ । तिमी पनि अरुभन्दा कहाँ कम छौं र मलाई मन परेको छ । तिमी पनि हिरो छौं भनेर एक अर्कालाई प्रशंसा गरिएको र मायाप्रेमका कुरा गीतमा अभिव्यक्त गरिएको छ ।

केटाः *तिउन मीठो घिरउलाको अचार करेलीको*<br>
*ज्यानै मारा रैछ झिम्काई परेलीको*<br>
*भुइँको धुलो ।*

केटी : *काली निऊरो पलायो कि खोलाखोल्सीतिर*<br>
*मन परेमा बैना लाइदेऊ केलाई मान्छौं पीर*<br>
*भुइँको धुलो ।*

*(परिशिष्ट क, भुइँको धुलो उडाउँदै)*

प्रेमीले तिमी फूलको डाली भइदेऊ म त्यही फूलको माली हुने छु भन्दै प्रेमीप्रेमिकाले एक अर्कालाई आफ्नो प्रभावमा पार्ने प्रयास गरिएको देखिन्छ । गीतकै माध्यमबाट उनीहरूले पासो थापे चराचुरुङ्गी मात्र पर्ने मायाको पासो त मनमै हुने भएकाले चरालाई पासो थापे जस्तो मन नहुने भएकाले एक अर्कालाई चिनेर मन खोलेर माया पिरती साट्नुपर्छ । तब मात्र माया सार्थक हुन्छ । देखेको पाइँदैन लेखेको पाउने हो त्यसैले विचार पुऱ्याएर अगाडि बढ्नुपर्छ भन्ने भाव गीतमा अभिव्यक्त भएको छ ।

### ४.२.१.५ सम्झना छैन र ? गीतको अध्ययन

प्रस्तुत गीत २०७५ सालमा जीवन्त संगीत प्रालिले बजारमा ल्याएको हो । जसमा स्वर तारापति सुवेदी, जीवान दाहाल र तुलसा जिसीको रहेको छ । जसको शब्द लय तारापति सुवेदीको रहेको छ ।

प्रस्तुत गीतमा महिलाहरूको महान् चाड तीजको सन्दर्भलाई मुख्य विषयवस्तु बनाइएको छ । गीतमा युवाले तिम्रै लागि प्राणको बाजीथापेर ज्यानै दिन तयार छु भनेका छन् भने युवतीले तिम्रो गुनको सधै भरी म ऋणी हुन्छु । गुन कहिले तिर्ने होला तिम्रो गुनको भारी बोकेर हिँडेकी छु । सुखमा सुन ठूलो भए पनि दुःखमा त एकदिनको गुन नै ठूलो रहेछ । सुख पर्‍यो भनेर न मात्तिनु दुःख पर्‍यो भनेर नमात्तिनु भनेकी छिन् । गीतमा भनिएको छ :

केटाः तिम्रै लागि परानको बाजी
ज्यानै दिन भएको म राजी
सम्झना छैन र ?

केटी : तिम्रो गुनको म सधैँ ऋणि छु
गुनकै भारी बोकेर हिँनिछु
सम्झना छैन र ?

*(परिशिष्ट क, सम्झना छैन र ?)*

गीतमा दुःखको बेलामा काम लागेको थिए । सुख पाए भनेर मलाई नबिर्सनु होला भनेर युवाले भन्छ अनि युवतीले तिमीले मेरो लागि गरेको गुन थाहा छ । मैले तिमीलाई भगवान् समान सोचेकी छु भन्छिन् । यस्तै, कसैले पनि अरूले दुःख पर्दा लगाएको गुन कहिल्यै बिर्सन हुँदैन । दुःखमा नआत्तिनु र सुखमा नमात्तिनु नै मानव जीवनको सबैभन्दा ठूलो सार्थकता हो भन्ने जीवनदर्शन गीतमा अभिव्यक्त भएको छ । गीतमा परान, बुझिछु, पुजिछु, भाथे, लाथे हिँडिछु लगायतका कथ्य शब्दको पनि प्रयोग भएकाले गीतमा थप सुनमा सुगन्ध थपिएको छ ।

### ४.२.१.६ हजुरको आँगनीमा गीतको अध्ययन

प्रस्तुत गीत २०५८ सालमा फेवा क्यासेट सेन्टरले बजारमा ल्याएको हो । जसमा तारापति सुवेदी, जीवन दाहाल र लक्ष्मी रामदामको स्वर रहेको छ । यो एल्बममा हाम्रो चाड तिहारको बेला खेलिने देउसी भैलोलाई मुख्य विषयवस्तु बनाइएको छ ।

तिहारमा साथीसँगी मिलेर देउसी भैलो खेल्दै रमाइलो गर्दै हाँसखेल गरी बत्तीको झिलिमिलिसँगै युवायुवती, केटाकेटी, वृद्धावृद्धाहरू पनि देउसी भैलो खेल्दै रमाउँदै मनाउछन् भन्ने कुरा देखाइएको छ । हाम्रो संस्कृतिको जगेर्ना र संरक्षण गर्न यस एल्बमले मद्दत

पुऱ्याएको छ । तिहारमा खाइने सेलरोटी, दिदीबहिनी र दाजुभाइको सम्बन्ध अझै गहिरिँदै जाने मखमली फूलका माला, निधारमा सप्तरङ्गी टीका लगाएर दीर्घायुको कामना गर्दै एक आपसमा रमाइलो गरिने पर्वका रूपमा प्रस्तुत गरिएको छ । जस्तै :

*ए वर्ष र दिनको तिहारैमा लौ*
*देउसी र भैलो खेल्दै आएका हजुरको आँगनीमा*
*हे भनभना भाइ हो*
*देउसुरे*
*ए रमाइलो गरौं भनी लड्दै र पड्दै आइपुग्यौं हामी*
*साथीसँगी मिलेर भन भन भाइ हो देउसुरे राम्ररी भन देउसुरे ।*

*(परिशिष्ट क, हजुरको आँगनीमा)*

गाउँघरमा साथीभाइ, इष्टमित्र र छरछिमेकी मिलेर नेपालीको दोस्रो महान् पर्व तिहारका दिन देउसी र भैलो खेल्ने । देउसी भैलो लेख्ने क्रममा तिहारका लागि झिलीमिली पारिएका गाउँघरको मात्र होइन, त्यो घरमा भएका सम्पूर्ण संरचनाको चर्चा परिचर्चा गर्दै उनीहरूले देउसुरे लेख्नेलाई दान दिएपछि उनीहरूलाई आशीर्वाद दिनेलगायतका सन्दर्भलाई देउसी गीतमा अभिव्यक्त भएका छन् । जुन गीतले हाम्रा संस्कारलाई पनि सम्झाएको छ ।

यसरी तारापति सुवेदीले गाएका गीतलाई वर्गीकरण गर्दा २९ गीतमध्ये पाँच वटा तीजेगीत र एउटा भैलो गरी छ वटा गीत उनका पर्व गीत रहेका छन् ।

### ४.२.२ तारापति सुवेदीका संस्कार गीतको अध्ययन

विभिन्न विवाह, उत्सव, चाडपर्वमा गाइने गीतलाई संस्कार गीत भनिन्छ । संस्कार गीतमा नौमती र पञ्चेबाजामा गाइने गीतहरू पनि पर्दछन् । सुवेदीले हालसम्म गाएका २९ गीतमध्ये एउटा कौरा गीत गाएका छन् । जुन गीत हो, **नानीको जवानी** । जुन गीत संस्कार गीत अन्तर्गत पर्दछ । उक्त गीतलाई निम्नानुसार चर्चा गर्न सकिन्छ ।

#### ४.२.२.१ नानीको जवानी गीतको अध्ययन

गायक तारापति सुवेदीले २०५३ सालमा रेकर्ड गरेको गीत हो **नानीको जवानी** । झरना सङ्गीत प्रा.लि.काठमाडौंबाट बजारमा आएको गीतमा तारापति सुवेदी, विन खाती र रमा कोईरालाको स्वर रहेको छ ।

प्रस्तुत गीतमा भर्खर जवानी चढेका युवायुवतीको तुलबुल तुलबुल भएको मनलाई अभिव्यक्त गर्न खोजिएको छ । गीतमा एक अर्कालाई मन पराएका युवायुवतीको प्रेम प्रसङ्गलाई अभिव्यक्त गरिएको छ । जहाँ भर्खर भर्खर माया बस्न लागेका बेलाका युवायुवतीको प्रेमलाई सरल र सहज तरिकाले प्रस्तुत गरिएको छ । दुई प्रेमीप्रेमिका देखादेख भएको छ, मन परापर भएको छ तर भेट हुनलाई लाज लागेको सन्दर्भबाट गीत अगाडि बढेको छ । यसरी अगाडि बढ्दै गर्दा पछि कुनै समय दुवैजना भेट भएका छन् । यसरी भेट भएपछि उनीहरूलाई छाड्नै मन नलागेको कुरा गीतमार्फत् यसरी प्रस्तुत गरिएको छ :

केटा : *रूपै राम्रो लाग्यो मोहनी*

*लुकी-लुकी आँखा झिम्काई हेरी रहने को हो नि ?*

*रूपै राम्रो लाग्यो मोहनी ।*

केटी : *बल्ल भेटे मनको राजालाई*

*तिम्रै पछि लाउनेछु छोड्ने छैन आजलाई*

*बल्ल भेटे मनको राजालाई ।*

*(परिशिष्ट क, नानीको जवानी)*

यसरी प्रस्तुत गीतमा जवानीमा सबैलाई झ्याप्प बोल्न लाज लाग्ने । माया बस्ने शुरुशुरुका बेलामा भन्न मन लागेका कुरा पनि अभिव्यक्त गर्न सकिँदैन । जब अभिव्यक्त हुन्छ तर एक अर्कालाई चिनेपछि छोड्नै मन लाग्दैन भन्ने भावलाई सरल तरिकाले गीतमा अभिव्यक्त गरिएको छ ।

### ४.२.३ तारापति सुवेदीका बाह्रमासे गीतको अध्ययन

बाह्रै महिना जुनसुकै समयमा गाउन सकिने गीतलाई बाह्रमासे गीत भनिन्छ । लोक जीवनसँग सम्बन्धित अथवा मानव जीवनको सम्पूर्ण आरोह-अवरोहलाई समेटेर गाइने गीतलाई बाह्रमासे गीत भनिन्छ । बाह्रमासे गीत अन्तर्गत सुवेदीका धेरै एकल, दोहोरी गीत रेकर्ड भएको पाइन्छ ।

यसरी बाह्रमासे गीतलाई हेर्दा गायक तारापति सुवेदीले गाएका गीतहरूमा **फेवातालमा डुङ्गा चढेर, क्या राम्रो फर्के डोरीलाई, नरोउ धर्केर, पानी चिसो चुँदी खोलाको, घाम चर्केको छ, चरी पासैमा, अमेलीको रस, बिहानै भाले बास्योनी, जाउने खोलातिर, ऐ आमा तिम्लाई देख्न पाउँछु पाउदिन, विरह चल्छ मनैमा, फूल गेटैमा, घर छोडेर हिँडे,**

**भागेर मायालु, जाम्त भने वनको बाटो, गाई चराउँदै, याम्दीमा सेती दोभान, जोवान समाल, जाम्त भने भत्केको पुल छ, चहिँदैन धन, मेरो प्यारो गाऊँ र म जन्मेको गाउँ** जस्ता शीर्षकका लोकगीत, लोकदोहोरी तथा सामूहिक गीतहरू रहेका छन् । जसलाई निम्नानुसार चर्चा गर्न सकिन्छ ।

### ४.२.३.१ फेवातालमा डुङ्गा चढेर गीतको अध्ययन

**फेवातालमा डुङ्गा चढेर** तारापति सुवेदीको पहिलो रेकर्ड भएको गीत हो । २०५२ सालमा रेडियो नेपालमा स्वर परीक्षाका लागि प्रस्तुत गरिएको यसै गीतबाट उनले स्वर परीक्षा पास गरेका थिए । फलस्वरूप उनको गीत रेडियो नेपाल काठमाडौले रेकर्ड गरी प्रसारण गरिदिएको थियो । सुवेदीको प्रस्तुत गीत मायाप्रेमसँग सम्बन्धित रहेको छ । जहाँ युवायुवती बीच माया लाउने कुरा गर्दै भनिएको छ :

*आज मेरो साइतै कस्तो,*

*मेरै माया सानु पूर्नेको जूनजस्तो ।*

*फेवातालमा डुङ्गा चढेर,*

*आऊ माया लाउन सानु तालबाराही मन्दिर घुमेर ।*

*(परिशिष्ट क, फेवातालमा डुङ्गा चढेर)*

गीतमा पुर्णेको जूनजस्तो मायालुलाई भेटाएको भाव व्यक्त गरिएको छ । मायाको सुरिलो भाका र नशालु आँखाले मन चोरेको छ । त्यसैले कहिल्यै नछुटिने गरेर मायाले मलाई बेर्नु र हेर्नु जस्ता भाव गीतमा व्यक्त भएका छन् । सुवेदीले यस गीतमार्फत् जवानीमा प्रवेश गरेका युवायुवतीमा पलाउने मायाको सन्दर्भलाई प्रस्तुत गरेका छन् । युवायुवतीले मनमा माया बसेपछि अभिव्यक्त गर्ने भाव नै यहाँ गीत बनेर आएको छ । यो मायाप्रेमसँग सम्बन्धित एकोहोरी गीत हो ।

### ४.२.३.२ क्या राम्रो फुर्के डोरीलाई गीतको अध्ययन

तारापति सवेदीको **क्या राम्रो फुर्के डोरीलाई** २०५२ सालमा रेकर्ड भएको गीत हो । जहाँ तारापति सुवेदी, केशरबहादुर अधिकारी, राममाया गुरुङ, बासमती गुरुङ र डोलमाया गुरुङको स्वर रहेको छ । जुन गीतको रेकर्ड डाँफे कला मन्दिरमा भएको हो भने बजार व्यवस्थापन रञ्जना क्यासेट सेन्टर काठमाडौंले गरेको छ ।

प्रस्तुत **क्या राम्रो फुर्के डोरीलाई** गीतमा माया प्रेमकै कुरालाई अभिव्यक्त गरिएको छ । अल्लारे वैंसले पीर बनायो सधैंभरीलाई भन्ने भाव यस गीतमार्फत् यसरी व्यक्त गरिएको छ :

केटा : *सिसा कलम मायालाई सलाम*
*ईशाराले बोलामकी दिल खोलम*
*क्या राम्रो फुर्के डोरीलाई ....*

केटी : *तालको पानी छेऊछेऊमा हल्काले*
*घुम्दै आ'को मायाको झल्काले ।*
*क्या राम्रो फुर्के डोरीलाई .... ।*

*(परिशिष्ट क, क्या राम्रो फुर्के डोरीलाई)*

गीतमा प्रेमीले अलि बढी चाहेको र प्रेमिकाले यतिछिट्टै माया नलगाऊ भर्खर १६ वर्षको अल्लारे उमेर छ भन्ने कुरा प्रस्तुत गरिएको छ । प्रेमीले भेटेपछि छोड्न मन लागेन भन्ने कुरा गर्ने, प्रेमिकाले यो उमेरमा सबैलाई यस्तै हुन्छ । विचार गर्नुपर्छ भन्ने सन्दर्भ गीतमार्फत् प्रस्तुत गरिएको छ ।

### ४.२.३.३ नरोऊ धर्केर गीतको अध्ययन

तारापति सुवेदीको **नरोऊ धर्केर** २०५३ सालमा झरना म्यूजिक प्रा.लि काठमाडौंले बजारमा ल्याएको हो । गीतमा तारापति सुवेदी, मधुमाया दुरा, रमा कोइरालाले स्वर दिएका छन् ।

यस एल्बममा विदेशमा भएको प्रेमी र घरमा भएकी प्रेमिका बीचको विछोडको पीडा यसरी व्यक्त गरिएको छ :

केटा : *सम्झी-सम्झी नरौ है धर्केर*
*गाउँघर सम्झी आउनेछु फर्केर*

केटी : *घरको धनी विदेशमा हराउनी*
*एक्लै घरमा मेरो मन डराउनी ।*

*(परिशिष्ट क, नरोऊ धर्केर)*

प्रस्तुत गीतमा प्रेमीले सम्झेर धेरै नरोऊ गाउँघर सम्झेर आउछु भनेका छन् । प्रेमिकाले विदेशमा नहराऊ, आऊ गाउँ घर सम्झेर यही केही गरौंला । दुःखसुख जे हुन्छ खाउला रमाउला भन्ने भाव गीतमा प्रस्तुत गरिएको छ । प्रेमीले आमालाई चोली तिमीलाई साडी ल्याउछु, घरको छानो टिनले छाउने पैसा कमाएर आउँछु भन्ने कुरा गीतमार्फत् व्यक्तः गरेका छन् ।

### ४.२.३.४ पानी चिसो धोविखोलाको गीतको अध्ययन

तारापति सुवेदीको **पानी चिसो धोविखोलाको** गीत २०५३ सालमा प्रकाशित युगल गीत हो । यस गीतमा तारापति सुवेदी, केशरबहादुर अधिकारी र ज्ञानु जुञ्जाली मगरको स्वर रहेको छ । रञ्जना म्यूजिक सेन्टरले बजारमा ल्याएको यस गीतको उत्पादक डाँफे कला मन्दिर रहेको छ । प्रस्तुत गीतमा मायाप्रेमकै कुरा रहेका छन् । हेरौं गीतको एक टुक्राः

केटा : *नचिनेर धेरै बेर टोलाएँ*

*मेरै माया झैं ला'र बोलाएँ*

केटी : *बोलाई रहे घरीका घरी*

*गयौ माया नसुने झैं गरी ।*

*(परिशिष्ट क, पानी चिसो धोविखोलाको)*

गीतमा प्रेमीले पहिला नचिनेर धेरै बेर टोलाएर मेरो माया झैं लागेर बोलाए भनेका छन् । प्रेमिकाले पनि तिमीलाई धेरै बोलाए । तर मायाले नसुने झैं गरेर गयौ भनेकी छन् । गीतमै प्रेमीप्रेमिकाले तिमीले बिर्सेछौं होला मैले बोलाउँदा पनि बोलेनौ भन्ने खालको भावमा मायामा विछोडपछिको भेटमा हुने कुराकानीको सन्दर्भलाई गीतको विषय बनाइएको छ ।

### ४.२.३.५ घाम चर्केको छ गीतको अध्ययन

**घाम चर्केको छ** सुवेदीको २०५३ सालमा रेकर्ड भएको गीत हो । यसमा तारापति सुवेदी र मैना गुरुङको स्वर रहेको छ । उक्त गीतको उत्पादक डाँफे कला मन्दिर र वितरक रञ्जना म्यूजिक सेन्टर रहेका छन् । यस एल्बममा केटाकेटी दुवैले आफ्नो मन रोएको विषयलाई अभिव्यक्त गरिएको छ । गीतमा भनिएको छ :

केटा : *वनको न्याउली वनैमा रुन्छ*

*न्याउली जस्तै रै'छु कि झैं हुन्छ ।*

केटी : *वनपाखामा न्याउलीको स्वर*

*त्यै स्वर सुनी मै हुन्छु विसुर ।*

*(परिशिष्ट क, घाम चर्केको छ)*

प्रस्तुत गीतमा आफू पनि न्याउली जस्तै छु जस्तो लाग्छ । न्याउलीको स्वर सुनी बेसुर हुन्छु । आफूलाई पीडा भएको र आफ्नो दुःखमा साथ दिने कोही छैन न्याउली चरी जस्तै वनमा बसे भैंं हुन्छ । न्याउली चरी कराउँदा झन् मन रुन्छ भन्ने भाव यस गीतमार्फत् व्यक्त गरिएको छ । गीतको अन्त्यमा आफ्नो कर्मको खेल यही रै'छ भन्ने कुरा गीतमार्फत् व्यक्त गरेर चित्त बुझाइएको छ ।

### ४.२.३.६ चरी पासैमा गीतको अध्ययन

**चरी पासैमा** २०५३ सालमा रेकर्ड भएको गीत हो । यस गीतमा तारापति सुवेदी रमा कोइराला र मधुमाया दुराको स्वर रहेको छ । गीतलाई झरना सङ्गीत प्रा.लि. काठमाडौंले बजारमा ल्याएको हो । प्रस्तुत **चरी पासैमा** गीतमा माया प्रेमको प्रसङ्गलाई मुख्य विषयवस्तु बनाइएको छ ।

गीतमा युवायुवटीले भनेका छन्:

केटा : *वनपाखा न्याउलीले गाम्छ*

*तिमी विना जिन्दगी के काम छ*

*चरी पासैमा ... ।*

केटी : *तिम्रो बाटो बसेछु कुरी*

*मेरो राजा नभैदेऊ निष्ठुरी*

*चरी पासैमा ...।*

*(परिशिष्ट क, चरी पासैमा)*

गीतमा युवायुवती मायाप्रेममा परेपछि एक अर्काबाट टाढा भई एक अर्काको यादमा आशै आशमा बाँच्नु परेको भाव व्यक्त गरेका छन् । गीतमा प्रेमिकाले तिम्रो यादमा बाँच्दा तिमी नभए यो जिन्दगी काम छैन तिमी कहिले आउँछौ भनी आशमा बसेकी छु यसैले तिमी कहिल्यै निष्ठुरी नभइदेऊ भनेकी छन् । यस्तै प्रेमीले पनि तिमी मेरो कलेजीको कुनामा छौ । मेरो जिन्दगीको साहारा मैले तिमीलाई ठानेको छु । तिमी बिना आफू एक्लो भएको र जिन्दगीको प्रत्येक पलमा एक अर्काको अभाव खड्केको महशुस गरेको छु भन्दै

गीतको विषयवस्तुलाई अगाडि बढाएका छन् । गीतमा प्रेमप्रणयका कुराले मुख्य स्थान पाएको छ ।

### ४.२.३.७ अमेलीको रस गीतको अध्ययन

तारापति सुवेदीको स्वरमा सजिएको **अमेलीको रस** २०५४ सालमा रेडियो नेपाल काठमाठौंमा रेकर्ड भएको गीत हो । प्रस्तुत गीतमा मायालाई भेट्न भनेर बाग्लुङ हिँडेको र लुम्लेमा जाम परेर दिक्क भएको कुरा व्यक्त गरिएको छ । कति वेला खुल्ने हो थाहा छैन आज बाग्लुङ मायालाई भेट्न नपुगी भएको छैन । मेरो बाटो कुरेर बसेकी छन् । आज भेट हुन्छ कि भोलि ? केही थाहा छैन जाम कति बेला खुल्छ ? भन्ने कुरालाई यस गीतमार्फत् भन्न खोजिएको छ । प्रेमीप्रेमिकालाई भेट्न आतुर भएको र प्रेमिका प्रेमीको प्रतिक्षामा बसेको कुरा गीतमा यसरी प्रस्तुत गरिएको छ :

*यात्रा गरे बाग्लुङमा काम पऱ्यो*
*निर माया सरर बीच बाटोमा रोकियो*
*जाम पऱ्यो निरमाया सरर अमेलिको रस*
*लुम्लेमा रोकियो निरमाया सरर बाग्लुङ जाने बस ।*

*(परिशिष्ट क, अमेलीको रस)*

### ४.२.३.८ बिहानै भाले बास्यो नी गीतको अध्ययन

तारापति सुवेदीको प्रस्तुत गीत २०५४ सालमा झरना सङ्गीत प्रा.लि काठमाडौंमार्फत् बजारमा आएको हो । गीतमा तारापति सुवेली, केशरबहादुर अधिकारी र मधुमाया दुराको स्वर रहेको छ ।

प्रस्तुत गीतमा युवायुवतीको कलिलो उमेरको प्रेमलाई प्रस्तुत गरिएको छ । प्रेमीले माया पिरती लगाउने कुरा गरेका छन् भने प्रेमिकाले ढोटे वैश अथवा सानो उमेरको प्रेम भर हुँदैन भनेकी छन् । गीतमा प्रेमीले तिमीलाई पनि माया लाउन मन छ तर माया नलागे जस्तो नगर भनेका छन् । उता प्रेमिकाले तिम्ले जस्तो भन्दै हिँड्न कहाँ सक्छु र ? तर माया लगाउन मन त छ । फेरि सानै उमेरको माया प्रेम लामो समयसम्म चल्दैन कि ? भन्ने चिन्ता व्यक्त गरेको कुरा यसै गीतमार्फत् यसरी व्यक्त गरिएको छ :

केटा : *आउन माया छेउ निरै बसीदेऊ*

*पिरतीको सानु डोरीले कसिदेऊ*

*बिहानै भाले बास्यो नी ....*

केटी : *वैश जोवन बढेको बेला*

*होस गर है सानु टेक्या ठाउँ झल्केला ।*

*(परिशिष्ट क, बिहानै भाले बास्यो नि)*

### ४.२.३.९ जाउने खोलातिर गीतको अध्ययन

गायक तारापति सुवेदीको एकल गीत जाउने खोलातिर २०५४ सालमा झरना सङ्गीत प्रा.लि काठमाडौंबाट बजारमा आएको हो ।

प्रस्तुत गीतमा विरहका कुरा प्रस्तुत गरिएको छ । एक पात्रले भनेको कुरा म जन्मेको ६ दिनको दिनमा भावीले के लेखेको होला ? सधैं पिर मात्र जे काम गऱ्यो त्यसैले झन पिर बनाउँछ । संसार विरानु लाग्छ मन खुसी कहिल्यै हुँदैन । भावीले के लेखिदिएछ भन्ने कुरा यस गीतमार्फत् यसरी व्यक्त गरिएको छ :

*सधैं झरी रुनी भो मन्त*

*छैटौं दिनको भावीको लेखान्त*

*जाउने खोलातिर ... ।*

*(परिशिष्ट क, जाउने खोलातिर...)*

### ४.२.३.१० हे आमा तिम्लाई देख्न पाउछु पाउदिन गीतको अध्ययन

प्रस्तुत गीत २०५४ सालमा रिमा रेकर्डिङ्गमार्फत् बजारमा आएको हो । प्रस्तुत गीतमा तारापति सुवेदी, केशरबहादुर अधिकारी, मधुमाया दुरा र थममाया दुराको स्वर रहेको छ । ए आमा गीतमा सुवेदीले प्रदेशतिर जाँदै गरेका युवाले आफ्नी आमालाई नरोऊ आमा गाउँवेसीमा म टाढा प्रदेशमा जाँदै छु । म लडाइँको मैदानमा छु नमरि बाँचे आउने छु । मलाई सम्झेर कहिल्यै नरुनु होला आमा भनेर परदेश हिँडेका छोराले आमालाई भनेका कुरालाई गीतमा व्यक्त गरिएको छ ।

गीतकै सन्दर्भमा मेरो कर्ममा यस्तै लेखेको रहेछ आमाबाट टाढा बस्न म केही गरी आइन भने ढोका माथिको मेरो फोटो होरेर चित्त बुझाउनु भन्दै आमालााई भनेको विरहको कुरा यसगीतमा यसरी व्यक्त भएको छ :

*नरोऊ आमा गाउँवेसी मेलैमा*
*मैले डाँडा काटेको बेलैमा*
*तिम्लाई देख्न पाउँछु  पाउँदिन*
*जाँदैछु म लडाइँको मैदानमा*
*तिम्लाई भेट्न पाउँछु पाउँदिन ।*

*(परिशिष्ट क, हे आमा तिमीलाई... )*

### ४.२.३.११ विरह चल्छ मनैमा गीतको अध्ययन

विरह चल्छ मनैमा २०५६ सालमा बजारमा आएको गीत हो । प्रस्तुत गीतमा तारापति सुवेदी, जीवन दाहाल र लक्ष्मी न्यौपानेको स्वर रहेको छ । प्रस्तुत गीतको बजार व्यवस्थापन काम रिमा रेकर्डिङ्ग स्टुडियो काठमाडौंले गरेको छ ।

प्रस्तुत गीतमा प्रेमीप्रेमिका बीचको विछोड हुँदाको सन्दर्भलाई अभिव्यक्त गरिएको छ । गीतमा प्रेमीले मेरो कर्म पनि किन यस्तो होला सोचे जस्तो नहुनी भनेका छन् । यो मात्रै होइन गीतकै माध्यमबाट उनले आफूलाई एकदमै विरक्त लागेको न्याउली चरी झै एक्लै वनमा बस्नु परेका जस्ता कुरा आफ्नी प्रेमिकाको वियोगमा अभिव्यक्त गरेका छ । उता प्रेमिका पनि प्रेमी वियोगमा चिन्तित छ । आफ्नो भन्ने कोही नहुँदा जसले पनि नराम्रो नजरले हेर्ने गर्दछन् त्यो देखेर विरह लाग्छ । जिन्दगी र भाग्यले मलाई नै ठग्छ । आँखाबाट आँसुको भेल बगेको छ । मन उदास भएको छ भन्ने जस्ता प्रेमीप्रेमिका विछोडको गन्थनलाई गीतमा प्रस्तुत गरिएको छ ।

हेरौं एक टुक्राः

केटाः *करिमले के गर्न खोजेको*
*कहिल्यै पनि पुगेन सोचेको*
विरह चल्छ मनैमा,
न्याउली चरी झै अमकी बसेर जाम क्यारे पारी वनैमा ।

केटी: *आफ्नो भन्ने कोही छैन अरू*

*डिल बसे धकेल्ने छन् बरु ।*

*विरह चल्छ मनैमा ... ।*

*(परिशिष्ट क, विरह चल्छ मनैमा)*

### ४.२.३.१२ फूल गेटैमा गीतको अध्ययन

प्रस्तुत दोहोरी गीत फूल गेटैमा फेवा रेकर्डिङ्ग स्टुडियोले २०५७ सालमा बजारमा ल्याएको हो । यस गीतमा तारापति सुवेदी, जीवन दाहाल र कृष्णा परियारको स्वर रहेको छ । यस गीतमा अपरिचित व्यक्तिसँग भेट भयो भन्ने सन्दर्भबाट भेट भयो । भेट भएपछि कहिल्यै नसोचेको मान्छेसँग माया लगाउन केही अप्ठ्यारो मान्नु पर्दैन खुलेर भन कस्तो लाग्यो मनपऱ्यो कि परेन सबैभन्दा ठूलो कुरा विश्वास हो । विश्वास भयो भने सबैकुरा मिल्छ राम्रो हुन्छ भनेर केटाले भने पछि केटीले पहिला कोही कोही अहिले भेट हुँदा म अचम्म परेछु पहिलो भेटमा बोल्न पनि अप्ठ्यारो लागेछ कसरी के बोल्ने आज भेट भा'को छ कस्तो छ के छ बानी मलाई थाहा छैन बाहिर राम्रो देखिएपनि भित्रि मन कस्तो छ भन्ने कुरा माया प्रेम बस्न लागेको मन परेको कुरा यस गीत मार्फत् प्रस्तुत गरिएको छ । जस्तै :

केटा : *नसोचेको नमैले देखेको*

*आजै रै'छ मायालु भेट हुन लेखेको*

*फूल गेटैमा तिम्रो मेरो मायामा भ्याप्पै दिल बस्यो कि पहिलो भेटैमा*

केटी : *कोही कोही नदेखेसम्म*

*भयो भेट मायालु लाइरा'छ अचम्म*

*फूल गेटैमा तिम्रो मेरो मायामा भ्याप्पै दिल बस्यो कि पहिलो भेटैमा ।*

*(परिशिष्ट क, फूल गेटैमा)*

### ४.२.३.१३ घर छोडेर हिँडे भागेर गीतको अध्ययन

गायक तारापति सुवेदीले वि.सं. २०५७ सालमा रिमा म्यूजिक रेकर्डिङ स्टुडियो मार्फत् बजारमा आएको हो । जसमा तारापति सुवेदी र जीवन दाहालको स्वर रहेको छ भने शब्द तारापति सुवेदीको रहेको छ ।

प्रस्तुत 'घर छोडेर हिडे भागेर' गीत मार्फत् एउटा प्रदेशिएको व्यक्तिको कुरा अथवा प्रदेशिको कुरा यस गीतबाट व्यक्त गरिएको छ । ३ वर्ष भैसक्यो अझै पनि राम्रो जागिर पाइएन धन कमाउँछु भनेर हिँडेयो घरबाट अहिले दुःख पीडा पाउँदा बल्ल बुझियो । घरबाट जिद्दी गरेर विदेश आइयो घरमा नजा भन्दा भन्दै बा-आमाले यही बसेर पढ् बाबु आफ्नो देशमा केही गनुपर्छ भनेको कुरा अहिले सम्झेर रुन मन लाग्छ यस्तै आफू भन्दा ठूलोको कुरा नमान्दा दुःख पाएको कुरा यस गीतमार्फत् प्रस्तुत गरिएको छ । जस्तै :

*धन कमाउछु भनेर हिनियो*
*दुःख पीडा बल्ल पो चिनियो*
*घर छोडेर हिडे भागेर, घर छोडेको*
*तिन वर्ष भैसक्यो अझै पनि पाइन जागिर*

*(परिशिष्ट क, घर छोडेर हिँडे भागेर)*

### ४.२.३.१४ चाहिँदैन धन गीतको अध्ययन

तारापति सुवेदीको चाहिँदैन धन २०५८ सालमा रेकर्ड भएको गीत हो । जसमा तारापति सुवेदी, जीवन दाहाल र विष्ण माझीको स्वर रहेको छ । गीतको शब्द सङ्कलन तारापति सुवेदीले गरेका छन् ।

गीतमा आजको पुँजीवादी युगमा सबै धन सम्पत्तिको पछि लागेको अवस्थामा पनि युवायुवतीले हामी एक अर्काको हुन पाए धन सम्पत्ति केही पनि चाहिँदैन । तिमीसँगै बस्न पाऊ । तिमीसँग जीवन बिताउन पाऊँ । माया पिरती साट्न पाऊ भनी एकअर्काप्रति प्रण गरेका छन् । यसैले गीतमा सबैभन्दा ठूलो कुरा माया हो, मायालाई धनसँग तुलना गर्न सकिँदैन भन्ने भाव व्यक्त गर्दै भनिएको छ :

केटा : *घरमा प्यारो मौरीलाई रानो*
*मलाई प्यारो तिमी नै हौ सानु*
*चाहिँदैन धन ... ।*

केटी : *सबलाई खाँचो छ भन्छन् धनको*
*मलाई खाँचो मायालु मनको ।*
*चाहिँदैन धन ... ।*

*(परिशिष्ट क, चाहिँदैन धन)*

प्रस्तुत गीतमा प्रेमी र प्रेमिकाबीच घरमा माहुरीलाई जति रानुको आवश्यक छ । त्यो भन्दा पनि तिमी मलाई प्यारो लाग्छ । तिमी मेरो सबैथोक हौं । संसारमा माया भन्दा ठूलो धन होइन । तिमी भए सबै कुरा भुल्छु भनेर प्रेमीले भनेका छन् । यस्तै प्रेमिकाले सुखदुःखमा साथ दिन्छु नमरुञ्जेल तिमीसँग रमाउँछु । माया गरिरहन्छु भन्ने कुरा मायालु जोडीले आफ्नो माया व्यक्त गरेका छन् । सबैभन्दा ठूलो धन मात्र होइन, यो संसारमा हास्ने, रुने, सुखदुःख सबै माया रहेछ भन्ने भाव गीतमा अभिव्यक्त भएको छ ।

### **४.२.३.१५ मायालु गीतको अध्ययन**

प्रस्तुत दोहोरी गीत २०५८ सालमा फेवा डिजीटल रेकर्डिङ्ग स्टुडियोमार्फत् बजारमा आएको हो । जसमा तारापति सुवेदी, जीवन दाहाल, कृष्ण परियार र कल्पना देवकोटाको स्वर रहेको छ ।

यस एल्बममा मायाप्रेमका कुरा व्यक्त गरिएको छ । प्रेमीले भेट भाको बेलामा कुराकानी गरौं जिन्दगीमा मरेर लानु के छ र ? बाँचुञ्जेल त हो रमाइलो गर्ने, हाँसखेल गर्ने पीर लिएर बस्नु हुँदैन भनेका छन् भने प्रेमिकाले तिम्रो जस्तो फुर्सद कहाँ छ र मलाई तिम्लाई जस्तो सजिलो कहाँ छ र केटी मान्छेलाई इज्जतको डर हुन्छ । मायाको केही भर हुँदैन मायाजालमा पार्ने अनि पछि छाड्नेको भन्ने कुरा गीतमार्फत् यसरी व्यक्त गरिएको छः

केटा : *मायालु तिम्रो मेरो भेट भाको दिन*
*मायालु रंगरस गरौं कि एकछिन ।*

केटी : *मायालु तिमीसँग बस्दिनँ म त*
*मायालु तिम्रो जस्तो छैन भो फुर्सत ।*

*(परिशिष्ट क, मायालु)*

### **४.२.३.१६ जाम त भने वनको बाटो गीतको अध्ययन**

प्रस्तुत गीत २०६० सालमा रेकर्ड भएको लोकदोहोरी गीत हो । यस गीतमा तारापति सुवेदी, जीवन दाहाल, राजु परियार र बिमा कुमारी दुराको स्वर रहेको छ । गीतलाई माछापुच्छ्रे प्रा.लि.ले बजारमा ल्याएको हो । यस एल्बममा शब्द तारापति सुवेदीको रहेको छ ।

यस गीतमा दुई युवायुवती टाढा हुँदा पानी विनाको माछा जस्तो भएर तड्पिएको र भेट नभएको धेरै समय भएको कामको व्यस्तताले भेट हुन नसकेको अवस्थाको चित्रण

गरिएको छ । प्रेमिकाले आउछु भनेर बचन दिने तर नआएर रात दिन बाटो कुर्दै बसेको सन्दर्भ गीतमा आएको छ । यो मात्रै होइन, पिरतीको ज्वालाले मनमा आगो सल्केको छ, न मायाप्रीति छाड्न सकिन्छ न भेट भा'को छ व्यग्र प्रतिक्षामा कुरिरहेकी प्रेमिकाले आफ्नो प्रेमीलाई व्यक्त गरेका भावनालाई नै गीत बनाएर अभिव्यक्त गरिएको छ ।

केटा : *हे उकाली टेक्ने लौरी ओरालीमा खस्यो*
*न त जुट्ने, न त छुट्ने कस्तो माया बस्यो ?*

केटी : *हे माया तिमी आउँछु भन्थेऊ आएनउनी किन ?*
*बाटो हेरी सधैं मलाई पारेउनी पर्खिन ।*

*(परिशिष्ट क, जाम त भने बनको बाटो)*

गीतमा प्रेमीप्रेमिका भेट्न चाहे पनि बाटो अप्ठ्यारो भएको, फुर्सद पनि नभएकाले कसरी जाने ? नजाँदा पनि मायालु रिसाउने बाध्यात्मक अवस्थाको सिर्जना भएपछि यो कस्तो पिरती हो न जुट्न सकिन्छ, न छुट्न सकिन्छ भन्ने सन्दर्भलाई पनि गीतमा व्यक्त गरिएको छ । एक मन बाध्यताले होला भने पनि अर्को मन प्रेमीले मलाई बिर्सेको हो कि ? अरू कसैको प्रेमको बन्धनमा परेर मलाई बिर्सेको त हैन भनेर शंका पनि पैदा भएको सन्दर्भ गीतमा व्यक्त भएको छ । यसरी प्रस्तुत गीतमा प्रेममा बाँधिएका प्रेमीको मनको उद्वेगलाई गीतमा प्रस्तुत गरिएको छ ।

### ४.२.३.१७ गाई चराउँदै लाको पिरती गीतको अध्ययन

प्रस्तुत गीत २०६० सालमा प्रिज्म रेकर्डिङ स्टुडियोबाट बजारमा आएको हो । जसमा तारापति सुवेदी, जीवन दाहाल र विष्णु माझीको स्वर रहेको छ । गीतका शब्द भने तारापतित सुवेदीका रहेका छन् ।

यस गीतमा बाल्यकालको सम्झना गरिएको छ । बाल्यकालमा आफूले गाई चराउन जाँदा गरेका कामको याद, वनपाखा डुलेको, भिरमा हिँडेको, डाली हल्लाएर दोहोरी गाएको, वनमै गाई दुहेर खिर पकाएर खाएको, टपरी गाँसेर पनि पिएको, पिरो पिनेर अमिलो साँधेर खाएको, तिजु, काफल, अँगेरी, ऐसेलु खाएको सम्झना गरिएको छ । वनपातमा घुमेको डुलेको र खाएको मात्रै होइन, घाँस दाउरा काटेको, युवायुवती एक आपसमा मायापिरती लाएको विगत सम्झेर वर्तमानमा कल्पनामा डुबेको सन्दर्भलाई देखाउन खोजिएको छ ।

केटी: *तिम्लाई देख्दा रुन मन लाग्यो*

*बाल्यकालको पुरानो याद आयो ।*

केटा : *भन्थे बाडुल्की लाइरन्छ किन ?*

*मायाँसँग रै'छ र भेटिन ।*

*(परिशिष्ट क, गाई चराउँदै लाको पिरती)*

### ४.२.३.१८ याम्दीमा सेती दोभान गीतको अध्ययन

प्रस्तुत याम्दीमा सेतीदोभान २०६० सालमा माछापुच्छ्रे म्युजिकले बजारमा ल्याएको गीत हो । यस गीतमा तारापति सुवेदी र बिमा कुमारी दुराको स्वर रहेको छ । गीतमा शब्द सङ्कलन तारापति सुवेदीको रहेको छ ।

प्रस्तुत गीतमा पनि मायाप्रेमकै कुरा आएको छ । एक मायालु जोडी जो एक अर्कालाई देख्दा धेरै माया लाग्ने गरेको बताइरहेका छन् । तिमीलाई देखेपछि सबै पिर व्यथा भुल्छु भनिरहेका छन् । हिजोसम्म एक्लै रहेकाहरू आज साथ पाएर खुसी भए, मैले भगवान्को साथले गर्दा मायालुको हात पाएँ । मलाई यही जुनीमा तिम्रो हुन लेखेको रहेछ र जन्म भएछ । तिम्रो साथ पाएकी छु जस्ता भाव गीतमा युवायुवतीले अभिव्यक्त गरेका छन् ।

*मेरो माया सुन है हिरा*

*सम्झी ल्याउँदा कलेजी नौ चिरा*

*तिम्लाई देख्दा हराउँछ पीर*

*तिम्रै हुन जन्मेछु आखिर ।*

*(परिशिष्ट क, याम्दीमा सेती दोभान)*

### ४.२.३.१९ जोवन समाल गीतको अध्ययन

प्रस्तुत गीत २०६० सालमा रेकर्ड भएको हो । गीतमा तारापति सुवेदी र विष्णु माझीको स्वर रहेको छ । गीतमा शब्द तारापति सुवेदीकै रहेको छ ।

प्रस्तुत दोहोरी गीत युवायुवतीको जवानीसँग केन्द्रित रहेको छ । युवाले कति राम्रो जिऊ, कति राम्रो रूप यस्तो मान्छेलाई त सबैले आँखा लगाउँछन् समालेर राख भनेका छन् । यस्तै युवतीले तिम्रा ती लोभी आँखा नलगाऊ भनेर सवालजवाफ गरिएको छ । गीतमा ठूलो भएपछि धेरै निष्ठुरी बन्नु हुँदैन, फूल देखेपछि भँवरा घुम्छ, रिसाउनु हुँदैन भनेर युवाले भनेका छन् भने युवतीले दुनियाँलाई चिनेका छौं मलाई जिस्काएको मन पर्दैन तिम्रो

घमण्डले हुँदैन एकोहोरो मायाले हुँदैन मसँग बोल्न पर्दैन, दुवैको मन नमिलेसम्म केही हुँदैन भन्ने खालको भाव गीतमा आएको छ ।

केटा : *कति राम्रो मिलेको जिउ पनि*
*बोलाम् भने पाइएन निऊपनि ।*

केटी : *पछि तिम्लाई पर्ला है पीर*
*लोभी आँखा नलगाउ मतिर ।*

*(परिशिष्ट क, जोवन समाल)*

### ४.२.३.२० जाम त भने भत्केको पुल छ गीतको अध्ययन

प्रस्तुत गीत २०६० सालमा रेकर्ड गरिएको हो । गीतमा तारापति सुवेदी, जीवन दाहाल र मञ्जु विकको स्वर रहेको छ । जसमा शब्द तारापति सुवेदीको रहेको छ ।

जाम्त भने भत्केको पुल छ यस एल्बममा एक जोडी जो एकआपसमा भेट्नका लागि चाहेर पनि पुल नभएकाले तड्पिएर बस्नु परेको भावलाई व्यक्त गरिएको छ । गीतमा प्रेमीले आकाशमा जून, धरतीलाई पानी प्यारो भए जस्तै आफ्ना लागि दिलकी रानी मानेकी मायालु प्यारो भनेर आफ्नी मायालुको प्रशंसा गरेका छन् । यस्तै प्रेमिकाले भोकलाई भोजन, रातलाई निद्राको खाँचो भए जस्तै मलाई प्रेमी (हजुर) को खाँचो भएको बताएकी छन् । गीतमा भनिएको छ :

केटा : *आकाशलाई जून प्यारो धरतीलाई पानी*
*मलाई प्यारो जिन्दगीमा मेरौ दिलकी रानी*
*जाम्त भने.... ।*

केटीः *भोकलाई मीठो भोजन हजुर निधरीलाई रात*
*मलाई खाँचो सधैँभरि हजुरकै साथ ।*
*जाम्त भने .... ।*

*(परिशिष्ट क, जाम्त भने...)*

यसरी प्रस्तुत गीतमा जीवन यात्राका लागि श्रीमान् श्रीमतीको साथ अपरिहार्य भएको । संसारमा सबैभन्दा बहुमूल्य कुरा भनेकै बाँचुञ्जेल साथ दिने श्रीमान् श्रीमती हुन् । दुवै मिल्न सके जे पनि गर्न सकिन्छ । जस्तो सुकै कठिन परिस्थिति पनि टार्न सकिन्छ । त्यसैले एक अर्काको साथ अटुट र अटल हुनुपर्छ भन्ने भाव व्यक्त गरिएको छ ।

### ४.२.३.२१ म जन्मेको गाउँ गीतको अध्ययन

प्रस्तुत म जन्मेको गाउँ गीत २०७५ मा साई भिजन प्रा.लि.मा रेकर्ड भएको गीत हो । गीतमा स्वर र शब्द तारापति सुवेदी र जीवन दाहालको रहेको छ ।

प्रस्तुत गीतमा आफू जन्मेको गाउँठाउँ जहाँ भए पनि मुटुभन्दा प्यारो लाग्छ भन्ने भाव व्यक्त गरिएको छ । हिजो आफू त्यही जन्मेर हुर्केको कारणले गर्दा प्राण भन्दा प्यारो छ । भन्दै भनिएको छ :

*बाध्यताले गाउँ बिर्से जस्तो भो*
*हामी खेल्ने चौतारी कस्तो भो*
*झल्को आउँछ नि,*
*म जन्मेको गाउँ अनि म खेलेको ठाउँ मुटुभन्दा प्यारो लाउँछ नि ।*

*(परिशिष्ट क, म जन्मेको गाउँ ।*

गीतमा बाध्यताले गाउँलाई बिर्से जस्तो भयो । खेल्ने चौतारी कस्तो भयो होला ? जुनसुकै देशमा गए पनि जनि तै रमाइलो भए पनि आफ्नो गाउँ ठाउँ जस्तो रमाइलो कही पनि लाग्दो रहेन्छ । जुन पिपपलको शीतलमा हामी कोही बस्थ्यौं अहिले त्यो पिपल पनि एक्लै भएको होला । कोही बजारतिर कोही विदेशतिर अहिले गाउँ पहिलाको जस्तो छैन, तर त्यही जन्मेर हुर्केकाले जहाँ गए पनि सुख भए पनि आफ्नो गाउँ जस्तो रमाइलो अन्यत्र छैन भनेर आफ्नो जन्मभूमिप्रतिको माया गीतमा अभिव्यक्त गरिएको छ ।

### ४.२.३.२२ मेरो प्यारो गाउँ गीतको अध्ययन

साई भिजन प्रा.लि.मार्फत् बजारमा आएको हो । जसमा तारापति सुवेदी र जुना शिरिषको सुमधुर स्वर रहेको छ । गीतको शब्द सङ्कलन तथा परिकल्पना पूर्णभद्र अधिकारीको रहेको छ । प्रस्तुत गीत पोखरा महान्गरपालिका वडा नं. २४ ले आफ्नो भिलेज प्रोफाइलका रूपमा प्रबर्द्धन गरेको गीत हो ।

प्रस्तुत गीतमा आफू जन्मिएको माटो कति प्यारो हुनछ भन्ने कुरा देखाउन खोजिएको छ । गीतमा माछापुच्छ्रे हिमाल, हर्पन खोला अनि फेवाताल सबै देख्न पाइने प्रकृतिले भरिपूर्ण कास्कीकोट कालिका माई र गुप्तकाली दर्शन गर्न जाऊँ, जहाँ गएपछि भनको इच्छा पूरा हुन्छ भन्ने कुरा गीतमा व्यक्त गरिएको छ । गीतमा भनिएको छ :

केटा : *माछापुच्छ्रे हर्पन खोला अनि फेवाताल*

*प्रकृतिले कास्कीकोटमा गाँस्यो मायाजाल*

मेरो प्यारो गाउँ ... ।

केटी : *लालीगुराँस सुनखरी डाँडापारी फूल्छन्*

*प्रकृतिको दृश्य हेर्दै पर्यटक झुल्छन् ।*

*मेरो प्यारो गाउँ ... ।*

*(परिशिष्ट क, मेरो प्यारो गाउँ )*

गीतमा लालीगुराँसदेखि सुनाखरी फूलहरू डाँडाभरि फुल्छन् । अवलोकनका लागि धेरै पर्यटकहरू आउँछन् । कोटमुनिको धुपीचौरमा सारुङ्ग खेल्ने, पञ्चेबाजा मालसिरीको राग सुन्ने रमाइलो हुने भन्ने सन्दर्भलाई यस गीतमार्फत् प्रस्तुत गरिएको छ । यसैगरी गीतमा सत्विज छर्ने धामको कुरा, कश्पयको तपोभूमिमा सिद्धि प्राप्त गरेर शिवजीलाई पूजा गरेर गजलथुम्की कुल कण्डलको गजलभूमि भएको फेवातालले कश्यपताललाई सुन्दर बनाई दिएको गीतमार्फत् बताइएको छ । गीतमा मनकान्छी खड्गाउँको बासपानी, ऐतिहासिक तीर्थस्थल संस्कृतिको खानी रहेको लौसी ढुङ्गा, राउसे ओढार, मान्द्रे ढुङ्गा आफ्नो प्यारो गाउँमा रहेको गीतमा बताइएको छ ।

गीतमा जहिले पनि आफ्नो गाउँ स्वर्ग सरी भएको । सधै झल्को आउने चिलिमे डाँडा, बस्टेडाँडा हुँदै होमस्टे देउराली रहेको । यस्तै, गुन्टेचौर, आँटीस्वाँरा गाउँले संसारभरि चिनिनँ पाऊँ भनेर गीतमा कास्कीकोटको चिनारी दिइएको छ ।

### ४.२.४ निष्कर्ष

लोकजीवनसँग सम्बन्धित अथवा मानव जीवनको सम्पूर्ण आरोह-अवरोहलाई समेटेर गाइने गीतलाई लोकगीत भनिन्छ । विशेष गरी लोक अर्थात् गाउँले जीवनको यथार्थ झल्काउने गीत लोकगीत हो । यस्ता लोकगीत विभिन्न प्रकारका हुन्छन् । यसरी गायक तारापति सुवेदीले पर्वगीत अन्तर्गत तीजे र तिहारको देउसी भैलोगीत, संस्कार गीतमा कौरा गीत गाएका छन् । बाह्रमासे अन्तर्गत दोहोरी र लोकगीत गाएका छन् । उनका बाह्रमासे गीतमा प्रायः गीतहरू युवायुवतीका बीच हुने मायाप्रेम, मिलनविछोड तथा त्यसबाट उत्पन्न हुने परिणामलाई मुख्य विषयवस्तु बनाएर प्रस्तुत गरेको पाइन्छ । केही गीतहरू परदेश गएका नेपालीका पीडालाई समेटेर गएका छन् । घरमा आमा छोराछोरी आफ्नो परिवार छोडेर विदेश बस्नु परेको पीडा सुवेदीका गीतमा पाइन्छ । यसरी उनका गीतलाई हेर्दा

लोकजीवनका अनेक लय र भाकाहरू समेटिएको अनुभव गर्न सकिन्छ । यसरी लोकगीतमा नेपाली लोकजीवनकै अनुभूति सङ्गृहीत हुने भए तापनि जसलाई पर्व, संस्कार, श्रम र बाह्रमासे गरी अध्ययन विश्लेषण गरिँदै आएको पाइन्छ ।

## ४.३ तारापति सुवेदीका गीतमा अभिव्यक्त विषयवस्तु र भाव

गायक तारापति सुवेदीले गाएका तथा सङ्कलन गरेका गीतहरूमा लोक जीवनका साथसाथै सहरीया युवायुवतीका जीवनको अनेकौं पक्षहरूको सरल सहज र मार्मिक र लयात्मक चित्रण पाइन्छ । आफ्ना गीतहरूको माध्यमबाट उनले अभिव्यक्त गरेका विषयवस्तु र भाव निम्नानुसार विश्लेषण गरिएको छ ।

### ४.३.१ माया प्रेम

कुनै पनि सङ्गीतमा प्रत्यक्ष वा अप्रत्यक्ष रूपमा माया र प्रेमको सुगन्ध आएकै हुन्छ । तारापति सुवेदीका धेरै जसो गीतहरूमा पनि मुख्यत मायाप्रीतिले पगालेका प्रीतिमा धोका पाएका र पछि मायाप्रीतिले पगालेका गीतहरू नै रहेको देखिन्छ । मानव जीवनको अस्तित्वसँग मानव जीवनको सार सबै प्रेम मायामा नै अडेको, जन्मेदेखि मृत्युसम्म मानव फरक-फरक प्रकृति र स्वरूपको मायाप्रेममा बाँचिरहेको हुन्छ । अनि मानिसको भोगइहरू मायाप्रेमका बन्धनमा बाँधिँदै र छुट्टिँदै गर्दा परिपक्व तथा पाको हुँदै जान्छन् । तारापति सुवेदीका गीतहरूले पनि भोगाई अनुसार माया र प्रेमका स्वरूपहरू भिन्न हुन सक्छन् तर माया प्रेमको सौन्दर्य एउटै हुन्छ भन्ने भाव अभिव्यक्त गरेका छन् । जस्तै :

*घरमा प्यारो माउरीलाई रानु*
*मलाई प्यारो तिमी नै हौ सानु*
*सबलाई खाँचो छ भन्छन् धनको*
*मलाई खाँचो मायालु मनको* *(चाँहिदैन धन)*

उनका गीतहरूले धन सम्पत्ति भन्दा मायामा आनन्दता छ धनले मायालाई साट्न सकिँदैन भन्ने सन्देश दिएका छन् ।

### ४.३.२ नारीको वेदना

नारीहरूको महान् चाड तीजको बेलामा एउटा नारी आफ्नो माइतमा गएर आफ्नो आमाले पकाएको मिठो दर खाने रहर विशेष गरी महिला दिदीबहिनीले आफ्नो मनका भावना फुकाउने गर्दछन् । जहाँ एउटा नारीले जन्मघर छोडेर कर्म घर गएकी हुन्छिन् । आफ्नो आमाले पकाएको खाने रहर अनि विदेशबाट आएको भाइलाई भेट्ने रहर सबै दिदीबहिनी सँग नाँच्ने गाउने रहर पूरा गर्नका लागि यो तीजमा माइत जान्छु आमाले पकाएको मिठो दर खानको लागि आफ्ना श्रीमान्सँग विदा भएर हिँड्ने संस्कारलाई नारीका बेदनालाई समेटेर गायक तारापति सुवेदीले आफ्ना गीतमा प्रस्तुत गरेका छन् जस्तै :

*माइतमा गयर आमाले देको मिठो दर खाने हो*
*यो साल त पियारा म माइत जाने हो ।*
*मै घाँस काटुला, मै भैंसी दुहुला बस्छु घर सिहारी*
*किन पीर गरेको जाउलिनी पियारी (माइतमा गएर) ।*

यस्तै महान् पुरुष जसले तीजमा श्रीमती माइत जाऊ, घरको काम म गर्छु भन्ने कुरा यस तारापति सुवेदीको तीज गीतमा रहेको छ । श्रीमान् श्रीमती भनेका दुःख सुखमा साथ दिने एक सिक्काको दुई पाटा हो दुवैमा माया, स्नेह सद्भाव र सम्मान हुनुपर्छ भन्ने कुरा यसै तीज गीतमार्फत् सन्देश दिएको छ । जुन नारीप्रति घृणा गर्ने श्रीमतीलाई माइतमा जान नदिने यस्ता खालको श्रीमान्को लागि घरपरिवारको लागि यो गीतले राम्रो सन्देश दिन खोजेको छ ।

### ४.३.३ वियोगको चित्रण

गायक तारापति सुवेदीका गीतमा अन्य भावहरू जस्तै वियोगको भाव पनि समेटिएका छन् चाहेर पनि भेट्न नपाएको बाध्यताले विछोड भएर बस्नु परेको भाव सुवेदीका गीत मार्फत् प्रस्तुत गरेका छन् । **घाम चर्केको छ, विरह चल्छ मनैमा, जाम त भने वनको बाटो** जस्ता अन्य गीतमा युवायुवतीले एक अर्कालाई धेरै माया गर्ने तर भेट्न नपाएपछि पीडा व्यक्त गरिएको छ ।

*वनको न्याउली वनैमा रुन्छ*
*न्याउली जस्तै रैछुकी झैं हुन्छ*
*घाम चर्केको छ*

*नकराउ न्याउली चरी मन धर्केको छ । (घाम चर्केको छ)*

मायामा परेपछि एक एर्काबाट टाढा भई छुट्टिएर बस्नु पर्दाको भावलाई प्रेमीले व्यक्त गरेका छन् ।

*करीमले के गर्न खोजेको*

*कहिल्यै पनि पुगेन सोचेको*

*विरह चल्छ मनैमा,*

*न्याउली चरी भौं अस्की बसेर जाम क्यारे पारी वनैमा । (विरह चल्छ मनैमा)*

कामको व्यस्तताले प्रेमिकालाई भेट्न जान नपाएको र मनमा धेरै छट्पटी भएको कुरा यस गीतमा व्यक्त गरिएको छ ।

*बसेको छु पानी विनाको माछा जस्तै बनी*

*कामले फुर्सद पाइन भेट्न जानपनि*

*जाम त भने वनको बाटो ।*

*नजाम भने मायाको मन फाटो । (जाम त भने वनको बाटो)*

गायक तारापति सुवेदीका गीत विषयवस्तु र भावका दृष्टिले मार्मिक देखिन्छन् । नेपाली समाजमा भई रहेका सामाजिक विषयवस्तुलाई उतार्न सुवेदी सफल देखिन्छन् । यिनका सबै गीतमा लोकजीवनले भोग्दै आएका यथार्थ घटना सँग सम्बन्धित रहेको पाइन्छ । माया प्रेमका हुन् या मिलन विछोडका सबै प्रकारका गीत हाम्रो समाजमा घट्ने घटनामै केन्द्रित रहेको पाइन्छ । समाजमा देखे सुनेका कुरालाई आफ्ना गीतमार्फत् व्यक्त गर्न सक्नुलाई उनको सकारात्मक पक्ष मान्न सकिन्छ ।

## ४.४ तारापति सुवेदीका गीतका विशेषता

तारापति सुवेदीले गाएका र सङ्कलन गरेका गीतमा लोक जीवनका मौलिकता भेटिन्छ । उनका गीतहरूमा कृत्रिमता भन्दा प्राकृतिक परिवेशको सुगन्ध पाइन्छ । त्यसैले तारापति सुवेदीका लोकगीत तीजेगीत, दोहोरी गीत, कौरागीत आदि सबै प्रकारका गीतहरू गीत सङ्गीतका पारखीका निम्ति सुमधुर र कर्णप्रिय छन् । गाउँले लवज र शैलीका शब्द र लयहरूलाई गीतमा उनेका तारापतिले जनमानसका भावनाहरूलाई अभिव्यक्त गरेका छन् । तारापतिका हालसम्म प्रकाशन गरेका गीतहरूमा रहेका विशेषताहरू निम्नानुसार प्रस्तुत गर्न सकिन्छ :

### ४.४.१ सरल र लयात्मक

तारापति सुवेदीका गीत प्राय सरल भाषाका छन् । यिनका गीतमा सरलताका साथै लयको पनि तालमेल पाइन्छ सुवेदीका गीतहरू जनजीब्रोका भाषामा सरल बग्छन् जुन जहिले पनि बुझ्नै सकिने भाषामा छन् । उनका विभिन्न गीतबाट केही सरल र लयात्मक वाक्यांशलाई निम्नानुसार उल्लेख गर्न सकिन्छ :

*सिसा कलम मायालाई सलाम*
*ईशाराले बोलामकी दिल खोलम (क्या राम्रो फुर्के डोरीलाई ।)*
*सम्झी सम्झी नरौ है धर्केर*
*गाउँघर सम्झी आउने छु फर्के । (नरौ धर्केर)*
*नचिनेर धेरै बेर टोलाएँ*
*मेरै माया झै लार बोलाए (पानी चिसो चुँदी खोलाको)*
*बसी राखु कोरेर चित्र*
*कहिले राख्यौ सानुले दिल भित्र (चरी पासैमा)*
*आउन माया छेउ निरै बसीदेउ*
*पिरतीको सानु डोरीले कसीदेउ (बिहानै भाले बास्योनी)*
*करीमले के गर्न खोजेको*
*कहिल्यै पनि पुगेन सोचेको (विरह चल्छ मनैमा)*
*माया तिम्ले आउँछु ल भनेको धेरै भो*
*सधै भरी बाटो कुरी बस्ने काम मेरै भो (जाम त भने वनको बाटो ।)*
*तिम्लाई देख्दा रुन मन लाग्यो*
*बाल्यकालको पूरानो याद आयो (गाई चराउँदै ...)*
*कति राम्रो मिलेको जिउपनि*
*बोलाम भने पाइएन निउपनि (जोवन समाल)*
*सबलाई खाँचो छ भन्छन् धनको*
*मलाई खाँचो मायालु मनको (चाहिँदैन धन)*
*बाध्यताले गाउँ विर्से जस्तो भो*
*हामी खेल्ने चौतारी कस्तो भो (झल्को आउँछ नि)*

नेपाली लोकभाकामा सलल बगेका उनका गीतहरू लोक जीवनका सरल भाषाशैलीसँग नजिक रहेको अनुभव गर्न सकिन्छ । वास्तविक जनजीवनमा प्रयोग हुने सरल शब्दहरू तथा सहज शब्दावलीको प्रयोग उनका गीतहरूमा पाइन्छ । तारापति सुवेदीले गाएका गीतका टुक्काहरूमा नेपाली मौलिकता झल्किन्छ । सामान्य भाषाशैलीका कारणले गर्दा शिक्षित, अशिक्षित र सामान्य व्यक्तिले पनि सुवेदीका गीतहरू सजिलै बुझ्न र गाउन सक्ने हुनाले लोक जनमानस समक्ष स्थान पाउन सफल देखिन्छन् । सरलता र लयात्मकता गायक सुवेदीका गीतमा भेटिने महत्वपूर्ण विशेषताहरू छन् ।

### **४.४.२ अनुप्रासमयता**

लोकगीतका विभिन्न तत्व मध्ये अनुप्रास एक महत्वपूर्ण तत्व हो । नेपाली लोकगीतमा अनुप्रासमयताको महत्त्व छ । लोकगीतमा यसको भूमिका अनिवार्य मानिन्छ । गीतमा अनुप्रास मिलेको खण्डमा सुन्नमा पनि मिठास भएको भान हुन्छ । गीत अन्तिमका मिलेर बन्ने हुनाले यसलाई अन्त्यानुप्रास मिलेको पनि भन्न सकिन्छ । तारापति सुवेदीले गाएका गीतमा पहिलो र दोस्रो पङ्क्तिका अन्तिम शब्दहरूको अनुप्रास मिलेको पाइन्छ । यस्तो हुनु पनि गायकको अर्को विशेषता हो ।

*तिम्रै लागि परानको बाजी*
*ज्यानै दिन भएको म रानी*
*सम्झना छैन र*
*सानुलाई दुःख परेको बेलामा गुनलाको हैन र ?(सम्झना छैन र)*

*तिजको बेला रमाइलो गरौ गाएर नाचेर*
*के हुन्छ र जानेको कुरा मनमा साँचेर*
*आऊ माया सरर*
*हातमा रुमाल हल्लाउँदै फरर (आऊ माया सरर)*

*माया तिम्ले आउँछु नि भनेको धेरै भो*
*सधै भरी बाटो कुरी बस्ने काम मेरै भो*
*जाम त भने वनको बाटो*

*नजाम भने मायाको मन फाटो (जाम त भने वनको बाटो)*

गीतका पङ्क्तिमा प्रयोग भएका शब्दको अनुप्रासले गर्दा गीत लयात्मक र मिठासयुक्त हुन्छन् । लय मिलेका र सरल शब्द भएका गीतहरू जनमानसले सुन्नासाथ टपक्क टिपेर गुनगुनाउन सक्दछन् । यस्ता लय मिलेका गीतहरू लोक पारखी स्रोतको मनमुटुमा बस्न सफल हुन्छन् र सुनिरहन मन लाग्दछ । गायक तारापति सुवेदीले गाएका गीतहरू यस्तै गुणले भरिपूर्ण छन् । जसका कारण गीतहरू मिठास एवम् कर्णप्रिय छन् ।

### ४.४.३ लोकतत्त्वको प्रधानता

गायक तारापति सुवेदीका गीतमा पाइने अर्को महत्त्वपूर्ण विशेषता लोकतत्वको प्रधानता हो । लोक जीवनमा हुने गरेका घटना र प्रयोग हुने शब्दहरूलाई गीतमा प्रयोग गर्नु नै सफल लोकगीत हो । सुवेदीले गाएका र सङ्कलन गरेका गीतमा लोक भाषा, लोक संस्कृति लोक परिवेश जस्ता लोक तत्त्वहरूको प्रयोग भएको पाइन्छ । ग्रामिण परिवेशका मानिसको जनजिब्रोमा प्रयोग हुने बेर्देउन (बेरिदेउ) हेर्देउन (हेरिदेउ) हुम (हो) जसलाइनी ( जसलाई) लार (लाएर) खरीका खरी (घरिघरी) रैछुकी (रहेछु) विसुर (वेस्वर) एकलै(एक्लै) रोइछु (रुनु) गाम्छ (गाउँछ) बोलाम् (बोलाउँला) चिप्ली (चिप्लो) विरानु (विरानो) नरौं ( नरोउ) तिम्लाई (तिमीलाई) करिमै (करिम) मान्थैर (मानेको छैन) बोलनी (बोल्नु) तिम्ले ( तिमीले) बाड्की (बाडुल्की) लेख्या (लेखेको) बोलाम (बोलाउनु) सियारी (सम्हालेर) सुनेसी ( सुनेपछि) धामको गरा (धानको गरा) पराको (पराएको) तिम्लाई (तिमीलाई) जस्ता अनेकौं नेपाली ठेट, झर्रा र लोक शब्द उनका गीतमा पाइन्छन् । त्यसैगरी सुवेदीका गीतमा पर्वत, बाग्लुङ, मुस्ताङ, मुक्तिनाथ, पाल्पा, स्याङ्जा जस्ता ठाउँ विशेषको प्रयोग चित्रण भएको पाइन्छ ।

### ४.५ निष्कर्ष

तारापति सुवेदीका गीतलाई वर्गीकरण गरेर हेर्दा विभिन्न विषयवस्तु र भावहरू समावेश भएको पाइन्छ । गाउँ शहर परिवेश अनुसार उनले विभिन्न गीतहरू गाउँदै र सङ्कलन गर्दै आइरहेका छन् । सुवेदीले गाएका गीतलाई बाह्रमासे, पर्वगीत र संस्कार गीत गरी तीन भागमा विभाजन गरी अध्ययन गरिएको छ । बाह्रमासे गीतमा लोक दोहोरी गीत, पर्वगीतमा तीजे भाकाका गीतहरू र संस्कार गीतमा कौरा गीतहरू गाएका छन् ।

सुवेदीले लोकदोहोरी, तीजे, कौरा, पर्यटन, एकल, झ्याउरे जस्ता विविध गीत गाएका छन् । उनको स्वरमा निखारता, मिठास र माधुर्यता पाइन्छ । यसैले साङ्गीतिक बजारमा उनी लोकप्रिय छन् । उनका गीतमा जीवनका आशा, निराशा, विपन्नताको चित्रण, स्वदेश र जन्मभूमिको प्रेम, मायाप्रेम, नारी विरह, कुष्ठा र वेदनाको अभिव्यक्ति पाइन्छ । सुवेदीका गीतमा बढी मात्रामा माया प्रेम वियोग विछोड, नारी वेदना जस्ता विषयवस्तु समावेश भएका छन् । सुवेदीले गाएका र सङ्कलन गरेका गीतलाई केलाउँदा विभिन्न विशेषताहरू भेट्न सकिन्छ । उनका गीतहरू सरलता र लयात्मकता हुनुका साथै अन्त्यानुप्रास पनि मिलेका छन् । सबै गीतमा लोकतत्वको प्रधानता भेटिन्छ । तारापति सुवेदीका सबैजसो गीतहरूमा लोकभाषाको नै बहुल्यता रहेको छ । लोक जीवनमा हुने गरेका घटना र प्रयोग हुने सामान्य बोलीचालीका शब्दहरू नै गीतमा प्रयोग भएका छन् । यिनका गीतहरूमा लोक भाषा संस्कृति र परिवेश जस्ता तत्वहरूको प्रयोग भएका छन् ।

सुवेदीका गीतमा नेपालको जनजीवन र माटोको सुगन्ध भेटिन्छ । मायाप्रेम झल्किने उल्लास र उमङ्गका प्रसङ्ग, वैदेशिक रोजगारीमा गएका युवायुवतीले भोगेका भोगाई र भावका भाका सबै गीतमा तारापति सुवेदीको आवाज उत्तिकै मिठासयुक्त छन् । माया प्रेम अथवा युवायुवतीका रोमाञ्चकता, आर्थिक विपन्नताका कारण परिवारले भोग्नु परेका समस्या या नारी वेदनाका गीत सबैको यथार्थ प्रस्तुति पाइन्छ । आफ्नै गाउँवेशी, पाखापरेखा, उकाली, ओराली र भञ्ज्याङ्ग चौतारीका सुसेलीलाई आफ्ना सुस्केराबाट अभिव्यक्त गर्न सक्ने गायक सुवेदीको गायन व्यक्तित्वमा पोखराको प्राकृतिक विविधता जस्तै विविधता पाउन सकिन्छ ।

अध्याय : पाँच

# उपसंहार

## ५.१ सारांश

लोकदोहोरी गायक तारापति सुवेदीका गीतमा रहेका लोकजीवनका बिम्ब, प्रतिबिम्ब र विशेषतालाई चिरफार गर्दै यस अध्ययनपत्रमा विभिन्न अध्यायको क्रम, उपक्रम विभाजन गरी अध्ययन र विश्लेषण गर्ने काम गरिएको छ । अध्ययनपत्रको पहिलो अध्यायमा अध्ययन परिचय रहेको छ । यस अध्यायमा अध्ययनपत्रको शीर्षक, अध्ययनको प्रयोजन, समस्याकथन, उद्देश्यकथन, पूर्वकार्यको समीक्षा, अध्ययनको औचित्य, क्षेत्र, सीमा, अध्ययन विधि एवम् अध्याय विभाजनलगायतका विभिन्न उपशीर्षक चयन गरेर अध्ययनपत्रको आवश्यकतालाई पुष्टि गरिएको छ ।

अध्ययनपत्रको दोस्रो अध्यायमा लोक तथा दोहोरी गायक तारापति सुवेदीको जीवनी, व्यक्तित्व र कृतित्वको चर्चा गरिएको छ । जसमा सुवेदीको पुर्ख्यौली अवस्थादेखि कलाकर्मको वर्तमान सम्मको समग्र व्यक्तित्व र कृतित्वलाई खोतल्ने काम गरिएको छ । यस क्रममा उनको पारिवारिक पृष्ठभूमि, जन्म र बाल्यकाल, शिक्षा, दाम्पत्य जीवन, गायन क्षेत्रको प्रेरणा र प्रारम्भ, व्यक्तिगत रुचि एवम् स्वभावको चर्चा गरिएको छ । यसका साथसाथै यही अध्यायमा सुवेदीको व्यक्तित्व चिनारीसमेत् समावेश गरिएको छ । उनको व्यक्तित्व अन्तर्गत गायक, शब्द सङ्कलक र व्यावसायिक व्यक्तित्वका रूपमा रूपमा उनले हालसम्म गरेका कर्मका आधारमा चिनाउने काम गरिएको छ । साथसाथै, यस अध्यायमै उनले स्वर दिएका गीतको संक्षिप्त चर्चा, सहभागी भएर विभिन्न सङ्घसंस्थाबाट प्राप्त गरेका मायाको चिनो, प्रमाणपत्र, सम्मानपत्रलगायतको विवरणलाई कालक्रम अनुसार उल्लेख गरी अध्यायलाई पूर्णता प्रदान गरिएको छ ।

अध्ययनपत्रको तेस्रो अध्यायमा लोकगीतको सामान्य चिनारी समावेश गरिएको छ । तारापति सुवेदी लोक तथा दोहोरी गायक भएको हुँदा यस अध्यायमा लोकगीतको परिचय, परिभाषा, लोकगीतका तत्त्व, लोकगीतको वर्गीकरणलगायतका विभिन्न उपशीर्षकमा अध्याय विभाजन गरी यसलाई पूर्ण गरिएको छ । यसैगरी अध्ययनपत्रको चौथो अध्याय यस अध्ययनको निकै महत्त्वपूर्ण अध्याय हो । जहाँ गायक तारापति सुवेदीले स्वर दिएका गीतहरूको सामान्य अध्ययन गरिएको छ । अध्ययनका क्रममा सुवेदीले लोकगीतको

वर्गीकरण गरेर हेर्दा सुवेदीले प्रायः पर्व गीत र बाह्रमासे गीत गाएको पाइयो । जसमा अभिव्यक्त विषयवस्तु, गुण र विशेषतासमेतको चर्चा गरिएको छ ।

अध्ययनको पाँचौ अध्याय उपसंहार खण्ड हो । यस खण्डमा प्रस्तुत अध्ययनपत्रको सम्पूर्ण सारांश उल्लेख गरिएको छ । सुवेदीले हालसम्म स्वर दिएका २९ वटा गीतका अभिव्यक्त विषयवस्तुको अध्ययन गर्दा प्राप्त गेयात्मक अभिव्यक्तिलाई निष्कर्षका रूपमा प्रस्तुत गर्दै आगामी दिनमा उनले सुधार गर्नुपर्ने एवम् अवलम्बन गर्नुपर्ने बाटाहरूको पहिचान र सुझावसहित प्रस्तुत अध्ययनलाई पूर्णता प्रदान गरिएको छ ।

नेपाली लोकसाहित्यमा उदाएका विभिन्न प्रतिभामध्ये गायक तारापति सुवेदी छोटो समयमै सफलताको शिखर उन्मुख छन् । यस अध्ययका क्रममा उनका गीतलाई हेर्दै गर्दा उनी गीत र व्यक्तित्व दुवै हिसाबले नयाँ उचाई प्राप्त गरेका कलाकार हुन् भन्न सकिन्छ । किनकि सरल व्यक्तित्वका धनी तारापतिको गायन शैली र जीवन शैलीका बीच तादात्म्य सम्बन्ध रहेको पाइन्छ । नेपाली संस्कृति, परम्परालाई समाजका पक्षसँग जोड्दै गीत सङ्कलन तथा गायनका माध्यमबाट मानवीय संवेदना व्यक्त गर्ने काम उनले गरेका छन् । चाहे सुखमा होस् चाहे दुःखमा मानिसले गुन्गुनाउने उनका गीत समग्र सामाजिक संवेदनाको प्रतिनिधि आवाज हो भन्दा अत्युक्ति नहोला । नारी, पुरुष, सम्पन्न र विपन्न वर्गको द्वन्द्वको यथार्थता उनका गीतमा पाइन्छ । यसैरी सुवेदी पीडा एवम् सङ्घर्षका बीच बाँच्ने पौरखीको जीवन कलालाई गीतमा प्रस्तुत गर्ने राष्ट्र र राष्ट्रियताप्रति सजग रहने देशप्रेमी शब्द सङ्कलक तथा गायक हुन् ।

जीवनमा निहित जीवनका विभिन्न पक्षलाई उजागर गर्ने लोकगीत संगीत हाम्रो लोकजीवनका पहिचान हुन् । यसैले लोकजीवनका गीत नै हृदयमा रहेका हुन्छन् । उक्त गीतमा निहित सरलता, सहजता, कोमलता, मार्मिकता जस्ता हृदयस्पर्शी शिल्प र शैलीले देश, काल र परिवेशको चित्रण गरेका हुन्छन् । लोकजीवनमा विविध अनुभव र अनुभूतिको यथार्थ गर्न लोकगीत सुनेर मानिसले शान्ति र शितलताको अनुभव गर्दछ । समयको परिवर्तन सँगसँगै तिनै लोक जीवनका कला र संस्कृति आधुनिकिकरणबाट सहजीकरण हुँदै आएको पाइएको छ । लोकगीत संगीतले लोकजीवनको यथार्थ मात्र नभई शहरिया जीवनको चित्रणसमेत् गरेको पाइन्छ ।

## ५.२ निष्कर्ष

वर्तमान नेपाली लोकगीत संगीतका फाँटमा आफ्नो पहिचान स्थापित बनाउँदै अगाडि बढेका तारापति सुवेदी पछिल्लो समयका क्रियाशील गायक हुन् । उनका धेरै गीतमा स्वर भरिएका छन् भने आफैले पनि २९ वटा गीतमा स्वर दिएका छन् । मध्यमवर्गीय परिवारमा जन्मिएका सुवेदी आफ्नै साधना र प्रतिभाका कारण आजको अवस्थासम्म आइपुगेका छन् । बाल्यकालदेखिका गीतसंगीत पारखी सुवेदी समयको कालक्रमसँगै विभिन्न स्थानीय, राष्ट्रिय, अन्तर्राष्ट्रिय गायन तथा प्रतियोगितामा आफ्नो प्रस्तुति राख्दै आएका छन् । अग्रजबाट पाएको प्रेरणा, समकालीनको साथ र अनुजको प्रोत्साहनले उनको गायन यात्रा दिनप्रतिदिन मौलाउँदो र फैलदो रहेको छ ।

स्पष्टवक्ता, मिलनसार र भद्र स्वभावका सुवेदीका गीत समसामयिक विषयवस्तुमा केन्द्रित रहेका छन् । उनले आफ्ना गीतमा युवायुवतीका मायाप्रेम, ग्रामीण जनजीवनको विपन्न आर्थिक अवस्थालाई समावेश गरेका छन् । यसका साथसाथै, दिदीबहिनीको तीज, मेलापात गर्ने ग्रामीण चेलीका दैनिकी, बेरोजगारीले आक्रान्त भएका युवा पुस्ताको दर्दनाक कथा जस्ता सन्दर्भलाई टपक्क टिप्न सक्ने सामर्थ्य भएका उनी यथार्थवादी गायक हुन् । सुवेदीले आफ्नो सुनौलो भविष्यको खोजी गर्दै अरबको मरुभूमिमा ज्यान जोखिममा पारेर बाँच्नुपरेको यथार्थ, विदेश गएको छोरो घर फर्केर आउला भन्ने आशामा बसेकी आमा र जहान परिवारका विरह र वेदनालाई विषय बनाएका गीतमासमेत् स्वर दिएका छन् । यस्तै आफ्नो जन्मभूमिको प्रचारप्रसारका लागि पनि उनले साथ दिएका छन् ।

सुवेदीले हालसम्म एकल, दोहोरी, तीजे, भैलो र कौरालगायतका गीतमा स्वर दिएका छन् । उनका यी सबै गीतमा जीवनको यथार्थतालाई अत्यन्त मिठासपूर्ण रूपमा प्रस्तुत गरिएको छ । एकल गीतमा जीवनका विरह र वेदनालाई अभिव्यक्त गरिएको छ । दोहोरी गीतमा ख्यालठट्टा, हासो मजा र प्रश्नोत्तरात्मकता जस्ता सन्दर्भ आएका छन् । तीजे गीतमा दिदीबहिनीका आफ्ना मनका बह, भैलो तथा कौरा गीतमा हाम्रा संस्कार र संस्कृतिका कुरा आएका छन् । यसरी गायनका विषयमा विविधता भएका कारण सुवेदीका गीतले सबै उमेर र क्षेत्रका दर्शक श्रोतालाई मनोरञ्जन प्रदान गरेका छन् ।

सुवेदीले गीतमा सकेसम्म मधुरता, लयात्मकता र कलात्मकता पस्केका छन् । विषयवस्तुका सन्दर्भमा सुक्ष्म आख्यानको प्रयोग गरेर समग्र नेपाली जनजीवनको यथार्थलाई देखाएका छन् । भाषाशैलीका सन्दर्भमा सुवेदीले लोकभाषा, लोक भावना, लोक विश्वास र

लोक परिवेशलाई समावेश गरेर गीत लेखन, गायन र संगीत संयोजन गरेका छन् । जसका कारणले सुवेदीका गीत सुन्दा सबैले आफ्नै लोकजीवन, आफ्नै मनका अनुभूति र भावना व्यक्त भएको अनुभूत गर्ने भएकाले उनको सांगीतिक यात्रा सफलताको मार्गतर्फ बढेको छ ।

गायक तारापति सुवेदीले थुप्रै गीतहरू गाएका र सङ्कलन गरेका छन् । उनले २०५२ सालमा फेवातालमा डुङ्गा चढेर बोलको गीत गाएर आफ्नो गायन यात्रा प्रारम्भ गरेका थिए । त्यसपछि उनले धेरै गीतहरू गाएर चर्चामा आएका छन् । केही गीत भने रेकर्ड भएर श्रोतामाझ पुग्न बाँकी छन् । उनले गाएका गीतमा विषयवस्तु विशेषगरी गाउँले तथा शहरीया युवायुवतीका मायाप्रेम, मिलन विछोडसम्बन्धि नै रहेका छन् । कुनै गीतमा विछोड भएर तड्पिएको देखाइएको छ । कुनैमा मिलनको आलाप गाइएको छ । यसरी मिलन विछोड हुनुमा व्यक्तिका व्यक्तिगत, परिवारका पारिवारिक र सामाजिक कारण पनि देखाइएका छन् । यसैगरी सुवेदीले देउसी र भैलो गीत गाएका हाम्रा संस्कार र संस्कृतिको संरक्षणमा योगदान पनि दिएका छन् । यसका साथसाथै, महिला दिदीबहिनीको महान् पर्व तीजका सन्दर्भमा तीजेभाकाका गीत पनि गाएका छन् । जहाँ दिदीबहिनीका दुःखसुख, हासो रोदन, विरह र वेदनालाई गीतका विषयवस्तु बनाएका छन् । साथसाथै आफ्नो जन्मभूमि सबैभन्दा प्यारो हुन्छ भनेर तयार पारिएको गीत पनि गाएका छन् । यसरी हेर्दा उनी गायक, शब्द तथा संगीत संयोजन गर्न सक्ने प्रतिभाशाली र राम्रो सम्भावना बोकेका साधक हुन् यसैले सुवेदीले आफूलाई निरन्तर साधनामा लगाएको खण्डमा पृथक पहिचान स्थापना गर्न सक्ने प्रतिभा हुन् भन्न सकिन्छ ।

## ५.३ सुझाव

नेपालीका सांस्कृतिक सम्पदा मौलिक पहिचान र गरिमामय अस्तित्व बोकेका लोकगीतको संरक्षण गर्नु वर्तमानको आवश्यकता हो । जसको संरक्षण गरी भावी पुस्तालाई सुरक्षित राख्नु लोकगीत संगीतका क्षेत्रमा क्रियाशील स्रष्टा साधकको महत्वपूर्ण भूमिका हुन्छ । यसै सन्दर्भमा गण्डकी प्रदेशको सेरोफेरोमा रहेका मौलिक सुगन्धले भरिपूर्ण लोकभाका र गीतको सङ्कलन र गायनमा क्रियाशील रहँदै आएका गायक तारापति सुवेदीजस्ता प्रतिभाले समग्र देशको कला संस्कृति झल्कने गीत संगीतको संरक्षण र गायनमा क्रियाशील हुन सके सांस्कृतिक एकता पनि बलियो र देशको कला संस्कृति संरक्षण हुने थियो ।

वर्तमानमा लोकगीतका नाममा कोठामा बसेर गाउँको कल्पना गरेर गाइएका कोठे लोकगीतमा तत्स्थानीय सुगन्ध फेला पर्न सक्दैन । यसैकारणले पछिल्ला समयका गीतलाई कोठे गीतको आरोप पनि लाग्दै आएको छ । यसैले गर्दा सुवेदीले धेरै भन्दा धेरै गामवेशीका सुखदु:ख, संस्कार संस्कृतिबाट प्राप्त अनुभूतिलाई समेटेर बढी भन्दा बढी गीत सिर्जना गर्नुपर्ने देखिन्छ । मान्छे सबै आत्मप्रशंसाका भोगी हुन्छन् । उनीहरूलाई काम थोरै र मान धेरै चाहिन्छ । जस्तो हावापानीमा खेतीपाती हुर्कन्छ त्यस्तै फल लाग्ने हो । यही हावापानीमा हुर्केका सुवेदी पनि त्यो रोगबाट अछुतो छन् भन्न सकिन्न । यसैले उनले आफूलाई आफ्नो व्यक्तिगत स्वार्थ भन्दा माथि राखेर साधनामा लाग्नुपर्ने देखिन्छ ।

सुवेदीका गीतको प्रस्तुत अध्ययनमात्र उनको गायन यात्राको पूर्ण अध्ययन होइन । ग्रामीण परिवेश तथा जनभावनाको प्रतिनिधिमूलक अभिव्यक्ति गीतमा आएका छन् छैनन् भनेर मूल्याङ्कन गर्न सकिने देखिन्छ । उनका रचनाको सामाजिक तथा सांस्कृतिक पक्ष माथि रहेर चर्चा गर्न सकिन्छ । यसका साथसाथै गीतमा प्रयुक्त कथ्य भाषाको प्रयोगजस्ता सन्दर्भमा पनि अध्ययन गर्न सकिने देखिन्छ । यसैले उनका गीतको थप अध्ययन र अनुसन्धानका लागि देहाय बमोजिमका शीर्षक र क्षेत्रहरू उपर्युक्त हुने देखिन्छ :

तारापति सुवेदीका गीतमा काव्यात्मकता

तारापति सुवेदीका गीतमा अलंकार विधान

तारापति सुवेदीका गीतमा प्रकृति चित्रण

तारापति सुवेदीका गीतमा समाज चित्रण ।

# सन्दर्भ सूची


गिरी, जीवेन्द्रदेव (२०५७), **लोकसाहित्यको अवलोकन,** काठमाडौँ : एकता बुक्स प्रकाशन ।

गुरुङ, युमाया (२०७३), **शंकर विरही गुरुङले गाएका गीतहरूको अध्ययन**, त्रिभुवन विश्वविद्यालय, पृथ्वीनारायण क्याम्पस, नेपाली विभाग, स्नातकोत्तर तहको शोधपत्र अप्रकाशित ।

गोदार, दुर्गाबहादुर (२०७०) **चोलेन्द्र पौडेलले गाएका गीतहरूको अध्ययन**, त्रिभुवन विश्वविद्यालय, पृथ्वीनारायण क्याम्पस, नेपाली विभाग, स्नातकोत्तर तहको शोधपत्र अप्रकाशित ।

जोशी, सत्यमोहन (२०१४), **नेपाली लोक संस्कृति,** काठमाडौं : रत्न पुस्तक भण्डार ।

थापा, धर्मराज र हंसपुरे सुवेदी (२०४१), **नेपाली साहित्यको विवेचना,** काठमाडौं : पाठ्यक्रम विकास केन्द्र ।

न्यौपाने, कुसुमाकर (२०७०), **नेपाली लोकगीत** पोखरा : फिस्टेल पब्लिकेशन प्रा.लि. ।

पराजुली, कृष्णप्रसाद (२०५७), **नेपाली लोकगीतको आलोक,** काठमाडौं : वीणा प्रकाशन ।

पहारी, मीना (२०७३) **कृष्ण सुवेदीका गीतको सङ्कलन र अध्ययन**, त्रिभुवन विश्वविद्यालय, पृथ्वीनारायण क्याम्पस, नेपाली विभाग, स्नातकोत्तर तहको शोधपत्र अप्रकाशित ।

पौडेल, पद्मराज (२०५७), हटलाइन दैनिक, **कोसेली, वैशाख २६ गते, सोमबार ।**

बन्धु, चूडामणि (२०५८), **नेपाली लोकसाहित्य,** काठमाडौं : एकता बुक्स ।

लोहनी, लक्ष्मण (२०५२) **रोदीघर** (दो.सं.) काठमाडौं : रत्न पुस्तक भण्डार ।

शर्मा, मोहनराज र खगेन्द्रप्रसाद लुइँटेल (२०६३), **लोकवार्ता विज्ञान र लोकसाहित्य,** काठमाडौं : विद्यार्थी पुस्तक भण्डार ।

श्रेष्ठ, सुन्दर (२०६१) **हरिदेवी कोइरालाले गाएका गीतहरूको अध्ययन**, त्रिभुवन विश्वविद्यालय, पृथ्वीनारायण क्याम्पस, नेपाली विभाग, स्नातकोत्तर तहको शोधपत्र अप्रकाशित ।

सुवेदी, तारापति (२०६०), **जाम त भने वनको बाटो,** काठमाडौं : माछापुच्छ्रे म्यूजिक प्रा.लि.

................. (२०७४), **मेरो प्यारो गाउँ** शाही भजन म्यूजिक प्रा.लि ।

सुवेदी, सन्तोष (२०७२), **साताको भेट** समाधान राष्ट्रिय दैनिक, साउन ११ गते, सोमबार ।

सुवेदी, तारापतिका स्वरमा रहेका सम्पूर्ण गीतहरू ।

हमाल, शिवशक्ति (२०७३) **पार्वती जिसीका गीतको सङ्कलन र विश्लेषण,** त्रिभुवन विश्वविद्यालय, पृथ्वीनारायण क्याम्पस, नेपाली विभाग, स्नातकोत्तर तहको शोधपत्र अप्रकाशित ।

# परिशिष्ट : क

# तारापति सुवेदीले गाएका गीतको सङ्कलन

**१) फेवातालमा डुङ्गा चढेर** (२०५२)

*उत्पादक : रेडियो नेपाल, काठमाडौं*

*स्वर, शब्द : तारापति सुवेदी*

फेवा तालमा डुङ्गा चढेर,
आऊ माया लाउन सानु तालबाराही मन्दिर घुमेर ।

आज मेरो साइतै कस्तो
मेरै माया सानु पूर्णेको जुन जस्तो
फेवातालमा डुङ्गा चढेर ...।

मायालुको सुरीला भाकाले
यो मन चोऱ्यो सानु नशालु आँखाले
फेवातालमा डुङ्गा चढेर ...।

नछुट्टीनी मायाले बेर्देउन
मुस्कुराउँदै हाँसेर हेर्देउन
फेवातालमा डुङ्गा चढेर ...।

❖❖❖

## २) क्या राम्रो फुर्के डोरीलाई (२०५२)

*उत्पादक : डाँफे कला मन्दिर*

*स्वर : तारापति सुवेदी*

क्या राम्रो फर्के डोरीलाई
सोह्र वर्षे अल्लारे वैशले
पीर पाऱ्यो जुगै भरीलाई ।

केटा- सिसा कलम मायालाई सलाम
ईशाराले बोलामकी दिल खोलम
क्या राम्रो फूर्के डोरीलाई ...।
केटी- तालको पानी छेउछेउमा हल्काले
घुम्दै आ'को मायाको झल्काले
क्या राम्रो फूर्के डोरीलाई ...।

केटा- मायालुकै जिन्दगी हुम भनी
छेउमै आर जोडौ कि कुम पनि
क्या राम्रो फूर्के डोरीलाई ...।
केटी- के बोलेको नमानी सरम
यती छिट्टै हतार नगरम
क्या राम्रो फूर्के डोरीलाई ...।

केटा- नछुट्टीने पिरती जोड्न मन
भेटेपछि लाग्दैन छोड्न मन
क्या राम्रो फूर्के डोरीलाई ...।
केटी- उमेर बढ्दै गएसी केही हुन्छ
जवानीमा जसलाईनी यै हुन्छ
क्या राम्रो फूर्के डोरीलाई ...।

❖❖❖

**३) नरोऊ धर्केर (२०५३)**

*उत्पादक : झरना म्यूजिक प्रा.लि काठमाडौं*

*स्वर : तारापति सुवेदी*

केटा : नरौ धर्केर आफ्नै गाउँ घर सम्झेर आउँछु फर्केर

केटी : आउ है फर्केर आउनु छिट्टै गाउँघरलाई सम्झेर बस्छु पर्खेर

केटा : सम्झी सम्झी नरौ है धर्केर

गाउँघर सम्झी आउने छु फर्केर

नरौ धर्केर ...।

केटी : घरको धनी विदेशमा हराउनी

एक्लै घरमा मेरो मन डराउनी

आउ है फर्केर ...।

केटा : तिम्लाई सारी आमालाई चोली

धन कमाएर आनेछु म भोलि

नरौ धर्केर ...।

केटी : धन कमाउनी गरेर आशैमा

मेरो जोवन पारेर पाशैमा

आउ है फर्केर ...।

केटा : पिर नगर फर्केर आउलानी

खरको छानो टिनले छाउलानी

नरौ धर्केर ...।

केटी : सँगै जिउँला सँगसँगै मरौला

आफ्नै देशमा आउ भो केही गरौला

आउ है फर्केर ...।

❖❖❖

### ४) पानी चिसो चुँदी खोलाको (२०५३)

*उत्पादक : डाँफे कला मन्दिर*

*स्वर : तारापति सुवेदी*

पानी चिसो चुँदी खोलाको,
सुनेनकी मायाले खोई कुन्नी डाँडै बसी मैले बोलाको ।

केटा : नचिनेर धेरै बेर टोलाएँ
मेरै माया झै लार बोलाएँ
पानी चिसो चुदीँ खोलाको ...।
केटी : बोलाई रहे खरीका खरी
गयो माया नसुने झैं गरी
पानी चिसो चुदीँ खोलाको ...।

केटा : बरु माया बिर्सेछ कुन्नी
होइन पक्कै मायाले नसुन्नी
पानी चिसो चुदीँ खोलाको ...।
केटी : मेरो माया आउँछकी भनी
दिनै भरी पर्खिय म पनि
पानी चिसो चुदीँ खोलाको ...।

❖❖❖

## ५) घाम चर्केको छ (२०५३)

*उत्पादक : डाँफे कला मन्दिर*

*स्वर : तारापति सुवेदी*

घाम चर्केको छ
नकराऊ न्याउली चरी मन धर्केको छ।

केटा : वनको न्याउली बनैमा रुन्छ
न्याउली जस्तै रैछुकी झैं हुन्छ
घाम चर्केको छ ...।
केटी : वनपाखा न्याउलीको स्वर
त्यै स्वर सुनी मै हुन्छु बिसुर
घाम चर्केको छ ...।

केटा : जिन्दगीमा एकलै हुँदा
नरोई कसले भन्छर म रुँदा
घाम चर्केको छ ...।
केटी : आफ्नै कर्म सम्झेर रोइछु
न्याउली जस्तै बैरागी मै रैछु
घाम चर्केको छ ...।

दुवै : मन बुझाउने एकछिनलाई गीत रैछ
आफ्नो आफ्नो कर्मको रित रैछ
घाम चर्केको छ ...।

❖❖❖

### ६) चरी पासैमा (२०५३)

*उत्पादक : झरना संगीत प्रा.लि काठमाडौं*

*स्वर : तारापति सुवेदी*

चरी पासैमा यो मेरो फूल जस्तो जोवन
बित्ने भो तिम्रो आसैमा ।

केटा : बसी राहु कोरेर चित्र
कहिले राख्यौ सानुले दिल भित्र
चरी पासैमा ...।
केटी : लाको माया अधुरो मेरै भो
तिम्रै आशमा बसेको धेरै भो
चरी पासैमा ...।

केटा : वनपाखा न्याउलीको गाम्छ
तिमी विना जिन्दगी के काम छ
चरी पासैमा ...।
केटी : तिम्रो बाटो बसेछु कुरी
मेरो राजा नभैदेउ निष्ठुरी
चरी पासैमा ...।

केटा : जिन्दगीको साहारा हौ तिमी
कलेजीको कुनामा छौ तिमी
चरी पासैमा ...।
केटी : हाम्रो माया बसेको पहिले हो
तिमी मेरो हौ भन्ने कहिले हो
चरी पासैमा ...।

❖❖❖

## ७) नानीको जवानी (२०५३)

*उत्पादक : झरना संगीत प्रा.लि काठमाडौं*

*स्वर : तारापति सुवेदी*

नानी तिम्रो जवानी नजरैमा झलल
सेती नदी बग्यो सलल ।

केटा : सेती नदी बग्यो सलल
नानी तिम्रो जवानी नजरैमा झलल
सेती नदी बग्यो सलल
केटी : ढाका टोपी शिरमा टलक्क
बोलाम बोलाम लाको थियो देखेको यो झलक्क
ढाका टोपी शिरमा टलक्क ।

केटा : रूपै राम्रो लाग्यो मोहोनी
लुकी लुकी आँखा झिम्काई हेरीरहने को होकी
रूपै राम्रो लाग्यो मोहोनी
केटी : बल्ल भेटे मनको राजालाई
तिम्रै पछि लाउनेछु छोड्ने छैन आजलाई
बल्ल भेटे मनको राजालाई ।

❖❖❖

**८) अमेलिको रस (२०५४)**

*उत्पादक : रेडियो नेपाल काठमाडौं*

*स्वर : तारापति सुवेदी*

यात्रा गरे बाग्लुङ्मा काम पऱ्यो
निरमाया सरर बीच बाटैमा रोकियो
जाम पऱ्यो निरमाया सरर अमेलीको रस
लुम्लेमा रोकियो निरमाया सरर बाग्लुङ जाने बस

यो जाम कहिले खुल्ने हो थाहा छैन
निरमाया सरर आज बाग्लुङ नपुगी भाँ'छैन
निरमाया सरर अमेलीको रस ...।

आज होकी भेट्ने हो भोलि निरमाया सरर
बाटो हेर्दै बसेकी छन् होला निरमाया सरर
अमेलीको रस ...।

❖❖❖

**९) बिहानै भाले बास्योनी (२०५४)**

*उत्पादक : झरना संगीत प्रा.लि, काठमाडौं*

*स्वर : तारापति सुवेदी, केशरबहादुर अधिकारी र मधुमाया दूरा*

बिहानै भाले बास्योनी, कुखुरीकाँ भाले बास्योनी माया गाँस्योनी

केटा : आउन माया छेउ निरै बसीदेऊ
पिरतीको सानु डोरीले कसीदेऊ
बिहानै भाले बास्योनी ...।
केटी : वैश जोवन, बढेको बेला
होस गर हूँ सानु टेक्यो ठाउँ भत्केला
बिहानै भाले बास्योनी ...।

केटा : तिमी सँगै हिँडम्ला केही छैन
भत्केको ठाउँ सानु चिनम्ला केही छैन
बिहानै भाले बास्योनी ...।
केटी : ढोटे वैश हुँदैन भर,
कर्कलीको सानु पानी झैं नगर
बिहानै भाले बास्योनी ...।

केटा : वैश जोवन कस्तो हो थाहा छ भो
मलाई जस्तो सानु तिम्लाई भा'छ भो
बिहानै भाले बास्योनी ...।
केटी : वैश ला'छ भा'छु भो चिप्ली, तिम्ले जस्तो सानु
कराउँदै के हिँड्नी
बिहानै भाले बास्योनी ...।

❖❖❖

## १०) : **जाउने खोलातिर** (२०५४)

*उत्पादक : झरना संगीत प्रा.लि, काठमाडौं*

*स्वर : तारापति सुवेदी*

जाउने खोलातिर
के लेखी छोड्यो भावीले मलाई सधैं भरी पीर ।

सधैंभरी रुनी भो म त
छैटौं दिनको भाविको लेखान्त
जाउने खोलातिर ...।

भाग्य भनु या जन्म भनु
संसारै लाग्दछ विरानु
जाउने खोलातिर ...।

चन्चले हुन्छ हुँदैन, यो मन थिर
जे काम गर्‍यो त्यै कामले पार्छ पिर
जाउने खोलातिर ...।

❖❖❖

## **११) ऐ आमा** (२०५४)

*उत्पादक : रिमा रेकर्डिङ स्टुडियो, काठमाडौं*

*स्वर : तारापति सुवेदी, केशरबहादुर अधिकारी, मधुमाया दूरा, याममाया दूरा*

नरौं आमा गाउँबेसी मेलैमा
मैले डाँडा काटेको बेलैमा
तिम्लाई देख्न पाउछु पाउदिन
जादै छु म लडाईको मैलानमा
तिम्लाई भेट्न पाउँछु पाउदिन ।

मलाई सम्भी नरुनु धर्केर
बाँचे भने आउँछु घर फर्केर
तिम्लाई देख्न पाउँछु पाउदिन
जादै छु म लडाईको मैलानमा
तिम्लाई भेट्न पाउँछु पाउदिन ।

रैछ मेरो करिमै खोटो
मरे भने दैलोमा छ फोटो
जादै छु म लडाईको मैलानमा
तिम्लाई भेट्न पाउँछु पाउदिन ।

❖❖❖

**१२) विरह चल्छ मनैमा (२०५६)**

*उत्पादक : रिमा रेकर्डिङ स्टुडियो, काठमाडौं*

*स्वर : तारापति सुवेदी, जीवन दाहाल र लक्ष्मी न्यौपाने*

विरह चल्छ मनैमा,
न्याउली चरी झैं अम्की बसेर जाम क्यारे पारी वनैमा ।

केटा : करीमले के गर्न खोजेको
कहिल्यै पनि पुगेन सोचेको
विरह चल्छ मनैमा ...।
केटी : आफ्नो भन्ने कोहि छैन अरू
डिलबसे ढल्कने छन् बरु
विरह चल्छ मनैमा ...।

केटा : सम्झी ल्याउँदा यो मुटु जल्दछ
सधैं मन विरह चल्दछ
विरह चल्छ मनैमा ...।
केटी : भाग्यले नी मलाई नै ठग्यो
आँखाभरी आँसुको भल बड्यो
विरह चल्छ मनैमा ...।

❖❖❖

### १३) फूल गेटैमा (२०५७)

*उत्पादक : फेवा डिजिटल रेकर्डिङ स्टुडियो काठमाडौं*

*स्वर : तारापति सुवेदी, जीवन दाहाल र कृष्ण परियार*

फूल गेटैमा तिम्रो मेरो मायामा झ्याप्पै
दिल बस्योकी पहिलो भेटैमा ।

केटा : नसोचेको नमैले देखेको
आजै रैछ मायालु भेट हुन लेखेको
फूल गेटैमा ...।

केटी : कोहो कोहो नदेखे सम्म
भयो भेट मायालु लाईराछ अचम्म
फूल गेटैमा ...।

केटा : केही अफठ्यारो नमान सानु
सम्झे आफ्नो मायालु नसम्झे विरानु
फूल गेटैमा ...।

केटी : अफठ्यारो त मान्थेर किन
पहिलो भेटमा मायालु बोल्ननी सकिन
फूल गेटैमा ...।

केटा : बोले हुन्छ हृदय खोलेर
केही हुँदैन मायालु हाँसेर बोलेर
फूल गेटैमा ...।

केटी : बल्ल आज भा'को छ भेट
बोल्नी थिए मायालु पा'छैन मन पेट
फूल गेटैमा ...।

केटा : मायालुको लाइ'राछ आशा
सबै भन्दा मायालु ठूलो हो विश्वास
फूल गेटैमा ...।

केटी : होनी साँच्चै भन्यौनी भन्नलाई
कस्ले सक्छ मायालु भित्री मन गन्नलाई
फूल गेटैमा ...।

❖❖❖

**१४) घर छोडेर हिँडे भागेर (२० )**

*उत्पादक : रिमा म्यूजिक रेकर्डिङ स्टुडियो, काठमाडौं*

*स्वर : तारापति सुवेदी र जीवन दाहाल*

घर छोडेर हिडे भागेर,
घर छोडेको तीन वर्ष भैसक्यो अझै पनि पाइन जागिर ।

धन कमाउछु भनेर हिँनियो
दु:ख पीडा बल्ल पो चिनियो
घर छोडेर हिँडे भागेर ...।

जिद्दि गरी हिँडेछु किन
घरको कुरा त्यो बेला सुनिन
घर छोडेर हिँडे भागेर ...।

भन्दै हुनुहुन्थ्यो बा-आमा पढ्बाबु
घरमै बसी केही न केही गर बाबु
घर छोडेर हिँडे भागेर ...।

## १५) मायालु (२०५८)

*उत्पादक : फेवा डिजिटल रेकर्डिङ स्टुडियो काठमाडौं*

*स्वर : तारापति सुवेदी, जीवन दाहाल र कृष्ण परियार, कल्पना देवकोटा (पौडेल)*

केटा : मायालु तिम्रो मेरो भेट भा'को दिन
मायालु रङ्गरस गरौं की एकछिन
केटी : मायालु तिमी सँग बस्दीन म त
मायालु तिम्रो जस्तो छैन भो फूर्सद ।

केटा : मायालु जिन्दगीमा के लानु छर
मायालु बाँचुन्जेली पुऱ्याउन रहर
केटी : मायालु इज्जतको लाग्दछ डर
मायालु तिम्लाई जस्तो सजिलो का'छर ।

केटा : मायालु हाँस खेल मजाले मन फुकाई
मायालु पिरै पीरले नबस ज्यान सुकाई
केटी : मायालु केही भर हुँदैन पिरती जेल्नीको
मायालु माया हुन्न हाँस्नी र खेल्नीको ।

❖❖❖

**१६) हजुरको आँगनीमा (२०५८)**

*उत्पादक : फेवा डिजिटल क्यासेट सेन्टर काठमाडौं*

*स्वर : तारापति सुवेदी, जीवन दाहाल र लक्ष्मी रामदाम*

ए वर्ष र दिनको तिहारैमा लौ
देउसी भैलो खेल्दै आएका हामी हजुरको आँगनीमा हे भनभन भाइ हो ।

ए रमाइलो गरौं भनी लड्दै र पढ्दै आइपुग्यौ साथीसाथी संगी मिलेर
भनभन भाइ हो दउसुरे राम्ररी भन -देउसुरे
हामी त्यसै आएका होइनौ-देउसुरे
बलिराजाले पठाएका -देउसुरे
भनभन भाइ हो -देउसुरे
ए चिप्लो बाटो लड्दै पढ्दै-देउसुरे
ए आएका हामी -देउसुरे
ए झिलीमिली झिलीमिली -देउसुरे
ए के को झिलीमिली -देउसुरे
बत्तीको झिलीमिली -देउसुरे
ए छानो माथि घिरौंला -देउसुरे
के-के दिन्छन् हेरौंला -देउसुरे
ए केराको खम्बा छ भाइ जम्मा -देउसुरे
एक घर होइन दुइ घर होइन -देउसुरे
चारै दिसा ए पुग्नै पर्ने -देउसुरे
ए घोडा बाँध्ने तबेला -देउसुरे
ए हाम्लाई भयो अबेला -देउसुरे
झिलिमिली झिल्ला -देउसुरे
ए तातो रोटी मिल्ला -देउसुरे
एक दिने भए दिनोस् सिदा -देउसुरे
नदिने भए ए विदा दिनुस् -देउसुरे
ए यो घरमा लक्ष्मीले बासै गरुन् -देउसुरे
ढुङ्गा छुदा सुँनै होस् -देउसुरे
अहिले आउँदा टिनको छानो -देउसुरे
आगउ आउँदा ढलानकै घर भई जाओस् -देउसुरे
ए देउसी मैले दिएको आषिस सै लागोस् -देउसुरे ।

❖❖❖

## १७) जाम त भने वनको बाटो (२०६०)

*उत्पादक : माछापुच्छ्रे म्यूजिक प्रा.लि.*

*स्वर : तारापति सुवेदी, जीवन दाहाल, विमाकुमारी दूरा र राजु परियार*

जाम त भने वनको बाटो
नजाम भने मायाको मन फाटो
केटा : बसेको छु पानी विनाको माछा जस्तै बनी
कामले फुर्सद पाइन भेट्न जानपनि
जाम त भने वनको बाटो ...।
केटी : माया तिम्ले आउँछु ल नि भनेको धेरै भो
सधैं भरी बाटो कुरी बस्ने काम मेरै भो
जाम त भने वनको बाटो ...।

केटा : हे पञ्चासेमा हिँउ परेर चाँदी जस्तै टल्क्यो
पिरतीको ज्वालाले मनमा आगो सल्क्यो
जाम त भने वनको बाटो ...।
केटी : हो पोल्छ छाती माया तिम्लाई सम्झीदा खेरी
आएनौनी एकफेर नि हिँडेउकी मन फेरी
जाम त भने वनको बाटो ...।

केटा : हे उकाली टेक्ने लौरी ओरालीमा खस्यो
न त जुट्ने न त छुट्ने कस्तो माया बस्यो
जाम त भने वनको बाटो ...।
केटी : हे माया तिमी आउछु भन्थेउ आएनौनी किन
बाटो हेरी सधैं मलाई पार्‍यौनी पर्खिन
जाम त भने वनको बाटो ...।

❖❖❖

## १८) गाई चराउँदै लाको पिरती (२०६०)

*उत्पादक : प्रिज्म रेकर्डिङ स्टुडियो, काठमाडौं*

*स्वर : तारापति सुवेदी, जीवन दाहाल र विष्णु माझी*

गाई चराउँदै लाको पिरती, आउँछ झल्को
वनपाखा डुलेको निष्ठुरीले छैन भूलेको ।

केटी : तिम्लाई देख्दा रुन मन लाग्यो
बाल्य काल पुरानो याद आयो
गाई चराउँदै ...।
केटा : भन्थे बाङ्की लाईरन्छ किन
मायासँग रैछ र भेटिन
गाई चराउँदै ...।

केटी : गाई चराउँदा लाएको बैन
भन तिम्लाई सम्झना छ छैन
गाई चराउँदै ...।
केटा : यो मुटुमा भक्कानो पर्दछ
सम्झे आँसु भर्खरै झर्दछ
गाई चराउँदै ...।

केटी : ठट्टा गर्दै जान्थ्यौ दिन हाँसेर
पानी खान्थ्यौ सालको पात गाँसेर
गाई चराउँदै ...।
केटा : डाली हल्ले दोहोरी गाइन्थ्यो
गाई दुएर खिर पकाई खाइन्थ्यो
गाई चराउँदै ...।

❖❖❖

## **१९) याम्दीमा सेती दोभान** (२०६०)

*उत्पादक : माछापुच्छ्रे म्यूजिक प्रा.लि*

*स्वर : तारापति सुवेदी र विमा कुमारी दूरा*

याम्दीमा सेती दोभान,
लाको माया ज्यान जाला छोड्दीन मायाले चिन्ता नमान ।

केटा : मेरो माया सुन हैन हिरा
सम्भी ल्याउँदा कलेजी नौ चिरा
याम्दीमा सेती दोभान ...।
केटी : तिम्लाई देख्दा हराउँछ पिर
तिम्रै हुन जन्मेछु आखीर
याम्दीमा सेती दोभान ...।

केटा : तिमी मेरो जीवनको साथी
कहिल्यै सङ्खा नलेउ है म माथि
याम्दीमा सेती दोभान ...।
केटी : हिजो सम्म म एक्लै थिए
जिवन तिमीलाई सुम्पीए
याम्दीमा सेती दोभान ...।

केटा : लाग्छ मलाई भगवानको साथ पाएँ
त्यसै माथि मायाको हात पाएँ
याम्दीमा सेती दोभान ...।
केटी : लेख्या रैछ म तिम्रो हुन
यै जुनीमा पाए छु जन्मीन
याम्दीमा सेती दोभान ...।

❖❖❖

## २०) जोवन समाल (२०६०)

*उत्पादक : माछापुच्छ्रे म्यूजिक प्रा.लि*

*स्वर : तारापति सुवेदी र विष्णु माझी*

जोवन समाल,
दुनियाँको आँखा लाउनी रै'छ जिउडाल ।

केटा : कति राम्रो मिलेको जिउपनि
बोलाम भने पाइएन निउपनि
जोवन समाल ...।
केटी : पछि तिम्लाई पर्ला है पिर
लोभी आँखा नलगाउ मतिर
जोवन समाल ...।

केटा : ठूली हुन्छेउ जोवनको धनि
कति सारै निष्ठुरी मनपनि
जोवन समाल ...।
केटी : के भन्नु र दुनियाँ चिन्नीलाई
मनपर्दैन गिजाउँदै हिँड्नीलाई
जोवन समाल ...।

केटा : फूलदेखेसी भमरा आउँछ
के को लाज भो भेटेसी समाउँछ
जोवन समाल ...।
केटी : तिम्रो मात्रै हुन्छ र जित
भो भो तिमी नबोल मसित
जोवन समाल ...।

❖❖❖

## २१) जाम्त भने भत्केको पुल छ (२०६०)

*उत्पादक : माछापुच्छ्रे म्यूजिक प्रा.लि*

*स्वर : तारापति सुवेदी, जीवन दाहाल र मञ्जु वि.क.*

जाम्त भने भत्केको पुल छ
नजाम भने त्यै राम्रो फूल फुल्छ ।

केटा : आकाशलाई जुन प्यारो धरतीलाई पानी
मलाई प्यारो जिन्दगीमा मेरै दिलकी रानी
जाम्त भने ...।
केटी : भोकलाई मिठो भोजन हजुर निधुरीलाई रात
मलाई खाँचो सधैंभरी हजुरकै साथ
जाम्त भने ...।

केटा : तिमी मेरो दिलको धड्कन म हुँ तिम्रो छायाँ
दिन्छु तिम्लाई जुन भरी अजम्बरी माया
जाम्त भने ...।
केटी : देवी देउता साँची राखी तिम्रै नाम लिन्छु
तिम्लाई पाएँ यो जुनीमा संसार भूलिदिन्छु
जाम्त भने ...।

केटा : मखमली फूल झै तिमी संगीतको धुन
बाँचुन्जेल पार्ने छैन सानु तिम्लाई रुन
जाम्त भने ...।
केटी : छुट्टै संसार बनोस हाम्रो पिरतीको छानो
म हुँ तिम्रो ज्यामी माहुरी तिमी मेरो रानो
जाम्त भने ...।

❖❖❖

## २२) चाहिँदैन धन (२०६८)

*उत्पादक : माछापुच्छ्रे म्यूजिक प्रा.लि*

*स्वर : तारापति सुवेदी, जीवन दाहाल र विष्णु माझी*

चाहिँदैन धन
तिम्लाई मेरी भनेर बोलाउने कहिले हो भन ।

केटा : हे घरमा प्यारो मौरीलाई रानो
मलाई प्यारी तिमी नै हौ सानु
चाहिँदैन धन ...।
केटी : सबलाई खाँचो छ भन्छन धनको
मलाई खाँचो मायालु मनको
चाहिँदैन धन ...।

केटा : कल्पनाको संसारमा हुन्छु म
तिम्लाई हेर्छु सबैचोक भूल्छु म
चाहिँदैन धन ...।
केटी : आफ्नै ठान्छु सुखमा दुखमा
नपरुञ्जेल मृत्युको मुखमा
चाहिँदैन धन ...।

केटा : जब तिम्रो दिल भित्र बास हुन्छ
जिउँन गाह्रो एक मुठि सास हुन्छ
चाहिँदैन धन ...।
केटी : अब मैले माइति घर छोड्न पाम
तिमीसँग मेरो नाम जोड्न पाम
चाहिँदैन धन ...।

केटा : जतन गरी राख्ने छु सियारी
मुटु जस्तै हो तिमी पियारी
चाहिँदैन धन ...।
केटी : मनपरेको फूलको थुङ्गा हौ
तिमी मेरो जीवनको टुङ्गो हौ
चाहिँदैन धन ...।

केटा : देवता सित यतिखेर मागियो
सारा जीवन माया कै लागि हो
चाहिँदैन धन ...।
केटी : रात उज्यालो पूर्णेको जुनले
म उज्यालो मायालु हुनाले
चाहिँदैन धन ...।

❖❖❖

**२३) आऊ माया सरर (२०७०)**

*उत्पादक : जीवन्त सङ्गीत प्रा.लि*

*स्वर : तारापति सुवेदी, जीवन दाहाल र सरस्वती लामिछाने*

आऊ माया सरर

हातमा रुमाल हल्लाउँदै फरर

केटी : तिजको बेला रमाइलो गरौ गाएर नाचेर

के हुन्छ र जानेको कुरा मनमा साँचेर

आऊ माया सरर ...।

केटा : तिमी झैं नाच्नै जान्दिन होला कम्मर मर्काउँदै

बसेर हामी हेरौंला नाच थपडी पड्काउँदै

आऊ माया सरर ...।

केटी : रङ्ग र चङ्ग रमाइलो थोरै नचाहने कहाँ हुन्छ

नाच्नेको हिँडाई र गाउनेको बोली सुनेसी थाहा हुन्छ

आऊ माया सरर ...।

केटा : जाने त गाउने नाच्ने हो साली आउँदैन के गर्नेनी

तिमीलाई जस्तो तिजको रङ्ग लाउँदैन के गर्नी

आऊ माया सरर ...।

केटी : बसिन्छ ब्रत नाचिन्छ ढल्की आफूत मञ्जाले

कुनै काम पनि बन्दैन बसेर लाजले

आऊ माया सरर ...।

केटा : पानी नि नखाइ बसेर ब्रत छौ शिव पुजेकी

बसिछौ ब्रत बस्नुको अर्थ छौ छैनौं बुझेकी

आऊ माया सरर ...।

केटी : थाहा छैन तिमीलाई महादेव पूजी के गर्न खोजी छु
जिन्दगी जाने गतिलो बर यही ठाउँमा रोजीछु
आऊ माया सरर ...।

केटा : महादेवसँग वर माग्यौ तिम्ले कस्तो वर जुराउँछन्
यही सालमा हुन्छ कि विहे अर्को साल कुराउँछन्
आऊ माया सरर ...।

केटी : संजोगले होकी भाग्यले होला यही आछ आउन त
जिऊ डाल पनि चट्ट रूप पनि राम्रो के गर्छु पाउन त
आऊ माया सरर ...।

केटा : तिमीले भन्न सकिनै, भने भन्दिँला बरु म
कुन चाहिँलाई रोज्यौ नढाँटी भन यहाँ आकोहरूमा
आऊ माया सरर ...।

❖❖❖

## २४) मेरो प्यारो गाउँ (२०७४)

*उत्पादक : साई भिजन प्रा.लि*

*स्वर : तारापति सुवेदी, र जुना सिरिष*

मेरो प्यारो गाउँ, सबै जाने कुरा हुन्छ मनको इच्छा
पूरा हुन्छ कास्कीकोटकी कालीका माई दर्शन गर्न जाऊ
कास्कीकोटकी गुप्तकाली दर्शन गर्न जाऊँ ।

केटा : हे माछापुच्छ्रे हर्पनखोला अनि फेवाताल
प्रकृतिले कास्कीकोटमा गाँस्यो मायाजाल
मेरो प्यारो गाउँ ...।
केटी : हे लालीगुराँस, सुनसरी डाँडापारी फूल्छन्
प्रकृतिको दृश्य हेर्दै पर्यटक झुम्छन्
मेरो प्यारो गाउँ ...।

केटा : हे कोटमुनि धुपिचौर सरुन खेल्ने ठाउँ
पञ्चेबाजा मालश्रीको राग सुन्न जाउँ
मेरो प्यारो गाउँ ...।
केटी : हे सत्बिज छर्ने धामको गरा बास्थले त्यो डाँडा
पोखराबाट सनराइज हेर्न जाउ है छैन टाढा
मेरो प्यारो गाउँ ...।

केटा : हे धामको गरा कश्यपको थियो तपभूमि
सिद्धि प्राप्ति गरे उनले शिवजीलाई घुमी
मेरो प्यारो गाउँ ...।
केटी : हे गजल घुम्की कुल मण्डलको गजल भूमि थियो
फेवातालले कश्यप काललाई सुन्दर बनाई दियो
मेरो प्यारो गाउँ ...।

केटा : हे भनकान्छी खड्गाउँकोट मौला र बासपानी
ऐतिहासिक तीर्थ स्थल संस्कृतिका खानी
मेरो प्यारो गाउँ ...।
केटी : हे लौसी ढुङ्गा राउसे ओढार अनि मान्ट्रेढुङ्गा
गुप्तकाली झाक्री धानमा चढाउ फूलको थुङ्गा
मेरो प्यारो गाउँ ...।

केटा : हे स्वर्ग सरी गाउँ छ मेरो झल्को आउँछ खाली
चिलिम डाँडा बस्टे डाँडा होमस्टे देउराली
मेरो प्यारो गाउँ ...।
केटी : हे गुन्टे चौर गैराबारी पाटेश्वारा गाउँले
संसार भरी चिनिन पाउँ कास्कीकोट कै नाउँले
मेरो प्यारो गाउँ ...।

❖❖❖

## २५) सेरावेशी समी छायाँ (२०७४)

*उत्पादक : भावना म्यूजिक सोलुशन, काठमाडौं*
*स्वर : तारापति सुवेदी, जीवन दाहाल र प्रमिला पौडेल*

सेरावेशी समिको छायाँ
छायाँ मुनि पर्खिऊला आउ माया ।

केटा : बाकसमै पटाको साडी सुनमाया झिकेर लाउनु है
तीजको दिन चिटिक्कै परी सुनमाया भेट हुन आउनु है
सेरावेशी समीको छायाँ ...।
केटी : अस्ति पनि बेसीमा झरे सुनमाया भेट हुन आउ भनि
साढे दशमा फोन गऱ्यौ साँझ सुनमाया म आइन जा भनि
सेरावेशी समीको छायाँ ...।

केटा : परेको थियो बतासे पानी सुनमाया लडे म लर्केर
खुट्टा काट्यो कमेजले बानेर आए म फर्केर
सेरावेशी समीको छायाँ ...।
केटी : किन तिमी आएनौं भनी सुनमाया केही पनि सोधिन
फोन कराएको थियो वटनलाई थिचे सुनमाया रिस उठयो त्यो दिन
सेरावेशी समीको छायाँ ...।

केटा : जानी जानी घात भाको हैन सुनमाया नरिसाउ त्यसरी
भरकाटे झै भयो बाई अस्ती सुनमाया अकस्मात यसरी
सेरावेशी समीको छायाँ ...।
केटी : कुककुक बाडुल्की कुक सुनमाया वेशिमा भेटौला
एकछिन भएपनि बसेर ढुक्क सुनमाया अत्यारै मेटौला
सेरावेशी समीको छायाँ ...।

❖❖❖

## २६) म जन्मेको गाउँ (२०७५)

*उत्पादक : जीवन्त सङ्गीत प्रा.लि*

*स्वर : तारापति सुवेदी र जीवन दाहाल*

झल्को आउँछ नि
म जन्मेको गाउँ अनि म खेलेको ठाउँ
मुटु भन्दा प्यारो लाउँछनी ।

बाध्यताले गाउँ बिर्से जस्तो भो
हामी खेल्ने चौतारी कस्तो भो
झल्को आउँछ नि...।

जुन देशमा टेकेनी पाइलो
छैन आफ्नो गाउँ जस्तो रमाइलो
झल्को आउँछ नि...।

जुन पिपलले दिँदैनथ्यो सितल
तर आजकल एक्लै छ त्यै पिपल
झल्को आउँछ नि...।

❖❖❖

**२७) माइतमा गएर (२०७५)**

*उत्पादक : म्यूजिक स्टोर नेपाल प्रा.लि*

*स्वर : तारापति सुवेदी र जीवन दाहाल*

केटी : माइतमा गएर आमाले देको मीठो दर खाने हो
यो साल त पियारा म माइत जाने हो
केटा : मै घाँस काट्छु मै भैंसी दुहुन्छु बस्छु घर सिहारी
किन पिर गरेको जाउलीनी पियारी

केटी : जापानमा भा'को कान्छो भाइ पनि घरमा आको छ
माइत त असाध्यै राम्रो लाको छ ।
केटा : म पनि तीजमा बस्नेछु ब्रत सानुलाई भनेर
देखाउँछु समाजमा उदाहरण बनेर

केटी : असिसनी जान्छन् घरको काम गर्छन् भनेको मान्छन्
छन् मेरा त श्रीमान् भगवान् जस्ता छन्
केटा : मनपर्ने सारी काधँमा हाली पुगौली माइतमा
अलमल नगर यो शुभ साइतमा

केटी : हामी झैं मिल्न नसके होला घर बिग्र्यो कतिको
वर माग्छु शिवजी आयु बढोस् पतिको
केटा : अप्ठेरो पर्दा सरसल्लाह गर्छिन सँगैछिन्
रातदिन सुखमा मात्तिनन् दुःखमा आत्तिनन्

केटी : रामसीता जस्तै यो हाम्रो जोडी भाग्यमा जुरायौ
धन्ने छ शिवजी आटेको पुरायौ
केटा : डुलीयो ठाउँ ठाउँ सबै थोक जानियो
तिमीलाई पाउने त मै भाग्यमानी हो

## २८) भुँइको धुलो उडाउँदै (२०७५)

*उत्पादक : शिव दर्शन म्यूजिक*

*स्वर : तारापति सुवेदी, जीवन दाहाल, सुस्मिता परियार र रेनु गुरुङ*

भुँइको धुलो उडाउँदै नाचमायाले
बारुली कम्मर भाँच मायाले
फनफनी घुमेर नाँच मायाले ।

केटा : तिउन मिठो घिरौलाको अचार करेलीको
ज्यान मारा रैछ झिम्काई परेलीको
भुँइको धुलो उडाउँदै ...।
केटी : काली निउरो पलायो कि खोला खोल्सीतिर
मन परेमा बैना लाईदेऊ केलाई मान्छौ पिर
भुँइको धुलो उडाउँदै ...।

केटा : डाँफे राम्रो नौरङ्गीले हिमाल राम्रो हिउँले
रातै राम्रो जुनताराले तिमी राम्री जिउँले
भुँइको धुलो उडाउँदै ...।
केटी : सुन्तलाको केस्रा राम्रो काँकरीको चिरो
धरोधर्म तिमी पनि लाग्छ मलाई हिरो
भुँइको धुलो उडाउँदै ...।

केटा : लुक्दै आयो सेती नदी उर्ली आयो काली
तिमी भैदेऊ फूलको डाली म हुनेछु माली
भुँइको धुलो उडाउँदै ...।
केटी : पासो थापे मात्र चरी पर्छनी भन्दैमा
झ्याप्पै हुन्छ कस्ले भन्छ मनपर्‍यो भन्दैमा
भुँइको धुलो उडाउँदै ...।

❖❖❖

## २९) सम्झना छैन र ? (२०७५)

*उत्पादक : जीवन्त सङ्गीत प्रा.लि*

*स्वर : तारापति सुवेदी, जीवन दाहाल र तुलसा जि.सी*

सम्झना छैन र
सानुलाई दुःख परेको बेलामा गुनलाको हैन र ?

केटा : तिम्रै लागि परानको बाजी
ज्यानै दिन भएको म राजी
सम्झना छैन र ...।
केटी : तिम्रै गुणको म सधैं ऋणि छु
गुणकै भारी बोकेर हिँडिछु
सम्झना छैन र ...।

केटा : सुख पर्दा लागेन सुन ठूलो
दुःखमा त एक ढिको नुन ठूलो
सम्झना छैन र ...।
केटी : बाँचेकी छु तिम्रै साथ पाएर
के सक्थेर बिर्सन चाहेर
सम्झना छैन र ...।

केटा : ढुङ्गा खोज्दा देउता झैं भाथे
कोही दिन तिम्रो दुःखमा काम लाथे
सम्झना छैन र ...।
केटी : कति गऱ्यौ मेरोलाई बुझिछु
मनले देउता मानेर पुजिछु
सम्झना छैन र ...।

❖❖❖

# परिशिष्ट : ख

# तारापति सुवेदीसँगको अन्तर्वार्ता

**१) तारापति सर तपाईंको जन्म कहाँ र कहिले भएको हो बताइदिनुहुन्छ कि ?**

- मेरो जन्म वि.सं. २०३५ फाल्गुन १३ गते गण्डकी अञ्चल कास्कीकोट वडा नं. ३ मा भएको थियो ।

**२) तपाईंको परिवारमा को-को हुनुहुन्छ ?**

- बुबा धनपति चुवाँई (सुवेदी) र आमा तिलमाया चुवाँई (सुवेदी) को कान्छो छोरा म हुँ । मेरा २ दिदी र २ दाजुभाइ छन् । मेरी श्रीमती, एक छोरा छन् ।

**३) तपाईंको अध्ययन र शिक्षाको बारेमा बताइदिनुहोस न ?**

- कक्षा १-५ सम्म कास्कीकोट गुन्टेचौरमा सिद्ध बराह प्रा.वि.मा, ६-१० सम्म कालिका मा.वि. महेन्द्र ढुङ्गा कास्कीकोट, २०५५ सालमा पृथ्वीनारायण क्याम्पसबाट I.Com र पोखरा बहुमुखी क्याम्पसबाट I.A सम्मको शिक्षा अध्ययन गरेको छु ।

**४) बाल्यकालमा बिताएका गीत सङ्गीत सम्बन्धी कुनै रमाइला क्षणहरू छन् कि ?**

- कक्षा ९ मा पढ्दा गुरु ठाकुर प्रसाद त्रिपाठीले मलाई गीत गाउन लगाउनुभयो त्यहाँबाट गाउन शुरु गरे र ९, १० कक्षामा पढ्ने अवधिमा जिल्लास्तरीय प्रथम पुरस्कार ५ वटा अञ्चल स्तरीय पुरस्कार ३ वटा प्राप्त गरेको थिए । घरमा बुबा आमाले गाली गर्नुहुन्थ्यो अनि म घरमा नआएर १ दिन साथीकोमा बसेको सम्झना छ । यसरी गीत सङ्गीतको यात्रा अगाडि बढेको छ ।

**५) गायन यात्रामा औपचारिक रूपमा प्रारम्भ कसरी भयो ?**

- मेरो औपचारिक रूपमा गायन यात्रा २०५१ सालमा रेडियो नेपाल क्षेत्रीय प्रसारण पोखरामा मगर भाषाको गीत रेकर्ड गरेदेखि औपचारिक रूपमा लागेको हो ।

**६) मनपर्ने अन्य गायकगायिकाको नाम लिनुपर्दा कस-कसको नाम लिनुहुन्छ ?**

- मलाई गायकगायिकाहरू नारायण रायमाझी, हरिदेवी कोइराला, खड्ग गबुर्जा, बिमा कुमारी दूरा मलाई मनपर्छन् ।

**७) यस क्षेत्रमा लाग्न यहाँ आफ्नो प्रेरणाको स्रोत कसलाई मान्नुहुन्छ ?**

- मेरो आदरणीय गुरु ठाकुर प्रसाद त्रिपाठीलाई प्रेरणाको स्रोत मान्छु

**८) हालसम्म कतिवटा गीत रेकर्ड गराउनु भयो ?**

- मेरो आफ्नै शब्द सङ्कलन र अरूको शब्द सङ्कलनमा गरेर ३०-४० जति गीतमा आवाज दिइसकेको छु । कुनै बजारमा आइसकेका छन् । कुनै आउने तयारीमा छन ।

**९) सांगीतिक क्षेत्रमा यहाँ कसलाई आदर्श पात्र मान्नुहुन्छ ?**

- हरिदेवी कोइराला र नारायण रायमाझीलाई म साङ्गीतिक क्षेत्रमा आफ्ना आदर्शको पात्र मान्दछु ।

**१०) साङगीतिक कार्यक्रमको सिलसिलामा यहाँ देशबाहिर कहाँसम्म पुग्नु भएको छ ?**

- भारत सिक्कीम, दार्जलिङ, बम्बै, डिल्ली, कतार, जापान, यूरोपको बेलजियम, फ्रान्स, पोर्चुगल, जर्मन, स्पेनसम्म पुगेको छु ।

**११) लोक तथा दोहोरी गीत सङ्गीतको क्षेत्रमा देखिएको विकृतिलाई हटाउन के गर्नुपर्छ जस्तो लाग्छ ?**

- कलाकार यस क्षेत्रमा प्रवेश गर्नुभन्दा अगाडि गीत सङ्गीतलाई गहिराई रूपमा बुझ्ने साधना गर्नुपर्ने र हाम्रो नेपाली लोकसंस्कृतिको पहिचान दिने हाम्रो परम्पराको पहिचान दिने खालको गाउने हो भने विकृतिहरू हटाउन सकिन्छ ।

**१२) यहाँले गाउनु भएका गीतले समाज परिवर्तनका लागि कस्तो भूमिका खेलेका छन् जस्तो लाग्छ ?**

- मैले अहिलेसम्म गायका गीतहरूमा समय सान्दर्भीक समाजमा घटेका घटनाहरू प्रत्यक्ष जनता सामु चेतना पुऱ्याउने खालको गीत आफ्नो गाउँ ठाउँ र देशलाई चिनाउने र ठाउँलाई प्रोत्साहन हुने खालका गीतहरू गाएको छु जस्तो लाग्छ ।

**१३) अन्त्यमा लोकदोहोरी क्षेत्रमा लाग्न चाहने नयाँ पुस्तालाई के भन्न चाहानुहुन्छ ?**

- नयाँ पुस्ता नयाँ प्रतिभाहरूलाई यो क्षेत्रमा लाग्नु भन्दा पहिला गीत सङ्गीतमा लागेपछि केही गर्छु भन्ने उद्देश्य र गीत संगीतमा पूर्ण रूपमा जानकारी अथवा ज्ञान लिएर आउन आग्रह गर्छु ।

❖❖❖